# मुक्तिनाथ शर्मा नेउपानको बालसाहित्यकारिता

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि प्रस्तुत

## शोधपत्र


शोधकर्ता

**शुष्मा न्यौपाने**

त्रिभुवन विश्वविद्यालय

नेपाली केन्द्रीय विभाग

कीर्तिपुर, काठमाडौं


२०७३


मुक्तिनाथ शर्मा नेउपानको बालसाहित्यकारिता

शुष्मा न्यौपाने

२०७३

# शोधनिर्देशकको सिफारिस

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभाग, एम.ए. दोस्रो वर्षकी छात्रा शुष्मा न्यौपानेले **मुक्तिनाथ शर्मा नेउपानेको बालसाहित्यकारिता** शीर्षकको प्रस्तुत शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । उहाँले निकै परिश्रमपूर्वक तयार पार्नुभएको यस शोधकार्यबाट म सन्तुष्ट छु र यसको समुचित मूल्याङ्कनका लागि विभागसमक्ष सिफारिस गर्दछु ।

मिति : २०७३/११/०२

.....................................

**सहप्रा.डा. नारायणप्रसाद गडतौला**

त्रिभुवन विश्वविद्यालय

नेपाली केन्द्रीय विभाग

कीर्तिपुर, काठमाडौं

२०७३

**त्रिभुवन विश्वविद्यालय**

## नेपाली केन्द्रीय विभाग

**कीर्तिपुर, काठमाडौँ**

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागकी छात्रा शुष्मा न्यौपानेले त्रि.वि. स्नातकोत्तर तह (एम.ए.) नेपाली विषयको दसौँ पत्रको प्रयोजनका लागि तयार पार्नु भएको **मुक्तिनाथ शर्मा नेउपानेको बालसाहित्यकारिता** नामक शोध पत्र स्वीकृत गरिएको छ ।

### शोधपत्र मूल्याङ्कन समिति

**हस्ताक्षर**

१. **प्रा.डा. देवीप्रसाद गौतम** ..........................

विभागीय प्रमुख

२. **सहप्रा.डा. नारायणप्रसाद गडतौला** ..........................

शोध निर्देशक

३ **सहप्रा.डा. लक्ष्मणप्रसाद गौतम** ..........................

बाह्य परीक्षक

मिति : २०७१/११/१२

## कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र मैले स्नातकोत्तर तहको दसौँ पत्रको प्रयोजनका लागि आदरणीय गुरु नारायण गड्तौलाको कुशल निर्देशनमा तयार पारेकी हुँ । यो शोधपत्र तयार पार्ने सन्दर्भमा आइपरेका विभिन्न समस्या र चुनौतीहरूसँग जुध्ने प्रेरणा दिँदै सही मार्ग निर्देश गराएर अघि बढ्न उत्प्रेरित गरी आफ्ना कतिपय व्यवहारिक कार्यव्यवस्ताहरूलाई थाती राखी सुमचित दिग्दर्शन गराउनु भएकोमा उहाँप्रति म हार्दिक कृतज्ञताज्ञापन एवम् श्रद्धाभाव व्यक्त गर्दछु ।

प्रस्तुत शोधविषयमा शोधकार्य गर्न अवसर जुटाउने नेपाली केन्द्रीय विभाग तथा विभागीय प्रमुख प्रा.डा. देवीप्रसाद गौतमप्रति म हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । शोध पत्र तयार पार्ने कार्यमा प्राज्ञिक सहयोग पुऱ्याउनु हुने आदरणीय गुरुहरूप्रति पनि म हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । त्यसैगरी सामग्री सङ्कलनमा सहयोग पुऱ्याउने त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय विभागीय पुस्तकालय तथा कर्मचारी वर्गहरूप्रति पनि हार्दिक धन्यवाद अर्पण गर्दछु ।

अध्ययनको यस क्षणसम्म विभिन्न समस्याहरूसँग संघर्ष गर्दै, आवश्यक सहयोगका साथै मार्ग निर्देश समेत गरी मलाई यस अवस्थासम्म ल्याई पुऱ्याउने श्रद्धेय माता राधा न्यौपाने र पिता बालकृष्ण न्यौपानेप्रति म आजीवन ऋणी छु । साथै कठिनाइका बीचबाट मेरो अध्ययनलाई निरन्तरता दिन र सामग्री संकलन गर्न सहयोग पुऱ्याउनु हुने जीवनसाथी बाबुराम पोखरेलप्रति आभार प्रकट गर्न चाहन्छु । यसै शोधकार्यमा आवश्यक सामग्री उपलब्ध गराउन हर समय तयार स्वयम् मुक्तिनाथ शर्मा नेउपानेप्रति पनि म हृदयदेखि धन्यवाद दिन चाहन्छु । त्यस्तै शोधकार्यमा परोक्ष तथा प्रत्यक्ष सहयोग पुऱ्याउने मेरा भाइहरू सन्दिप न्यौपाने र उत्तम न्यौपानेमा पनि धन्यवाद प्रकट गर्दछु ।

अन्त्यमा प्रस्तुत शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि नेपाली केन्द्रीय विभाग समक्ष पेश गर्दछु ।

**शुष्मा न्यौपाने**

# विषय सूची

## परिच्छेद : एक

## परिचय


१.१ विषय परिचय १

१.२ शोध समस्या १

१.३ शोधपत्रको उद्देश्य १

१.४ पूर्वकार्यको समीक्षा २

१.५ शोधकार्यको औचित्य र महत्त्व ५

१.६ शोधकार्यको सीमाङ्कन ५

१.७ शोध विधि ५

१.७.१ सामग्री सङ्कलन विधि ५

१.७.२ अध्ययन तथा विश्लेषणको आधार ६

१.८ शोधपत्रको रूपरेखा ६


## परिच्छेद : दुई

## मुक्तिनाथ शर्मा नेउपानेको जीवनी र व्यक्तित्व


२.१ विषय परिचय ७

२.२ बाल्यकाल ७

२.३ शिक्षादीक्षा ८

२.४ लेखन प्रेरणा प्रभाव र आरम्भ ९

२.५ साहित्यिक यात्रा ९

२.५.१ पूर्वार्द्ध चरण (२०२०-२०५४ सम्म) ९

२.५.२ उत्तरार्द्ध चरण (२०५५-हालसम्म) १०

२.६ मुक्तिनाथ शर्मा नेउपानेको व्यक्तित्व १०

२.६.१ कवि तथा गीतकार व्यक्तित्व ११

२.६.२ नियात्राकार व्यक्तित्व १२

२.६.३ समालोचक व्यक्तित्व १३

२.६.४ आख्यानकार व्यक्तित्व १३
२.६.५ चिन्तक व्यक्तित्व १४
२.६.६ धार्मिक व्यक्तित्व १४
२.७ मान सम्मान १४
२.८ प्रकाशित विभिन्न कृतिहरू १५

**अध्याय : तीन**

**बालसाहित्यको सैद्धान्तिक अवधारणा**

३.१ विषय परिचय १७
३.२ बालसाहित्यको परिचय १८
३.३ बालसाहित्यको परिभाषा १९
२.४ बालसाहित्यको स्वरूप २२
३.५ बालसाहित्यका तत्त्वहरू २४
३.६ बालसाहित्यका विधाहरू २६
३.७ बालसाहित्यको उद्देश्य २७
३.८ निष्कर्ष २८

**परिच्छेद : चार**

**मुक्तिनाथ शर्मा नेउपानेको बालकथाको अध्ययन**

४.१ विषय परिचय २९
४.२ बालकथाको विषयवस्तु २९
४.२.४.२ बब्बु र सुगा बालकथा सङ्ग्रहका कथाहरूको विषयवस्तु ३०
४.२.१ विषयवस्तु ३०
४.२.२ 'सानी नानी राम्रो बानी' बाल कथासङ्ग्रहका कथाहरूको विषयवस्तु ३१
४.२.३ सौगात र हिमचुली बालकथा सङ्ग्रहका कथाहरूको विषयवस्तु ३२
४.२.४ कुसुमको काँकरी कथा सङ्ग्रहका कथाहरूको विषयवस्तु ३३
४.२.५ गौँथलीको जाँगर कथासङ्ग्रहका कथाहरूको विषयवस्तु ३५
४.३ चरित्र चित्रण ३७
४.४ भाषाशैली ४०
४.५ परिवेश ४२

४.६ बालकथाको उद्देश्य ४३

४.६.१ मनोरञ्जन ४३

४.६.२ सूचना तथा ज्ञान ४३

४.६.३ निडर तथा साहस ४४

## परिच्छेद : पाँच

## मुक्तिनाथ शर्मा नेउपानेका बालकविताको अध्ययन

५.१ विषय परिचय ४५

५.२ बालकविताको विषयवस्तु ४५

५.२.१ सामाजिक विषयवस्तु ४६

५.२.२ प्राकृतिक विषयवस्तु ४९

५.२.३ सांस्कृतिक विषयवस्तु ५१

५.३.४ वैज्ञानिक विषयवस्तु ५२

५.२.५ मनोरञ्जनात्मक विषयवस्तु ५२

५.३ शिल्प शैली ५३

५.३.१ शब्द चयन ५३

५.३.२ विम्ब योजना ५५

५.३.३ प्रतीक योजना ५५

५.४ चित्र कविता ५६

५.४.१ पानी र नाना सचित्र बालकाव्य ५६

५.४.१.१ काव्यको विषयवस्तु ५६

५.४.१.२ काव्यको भाषाशैली ५७

५.४.१.३ काव्यको उद्देश्य ५७

५.४.१.४ चित्राङ्कन ५७

५.४.२ शिवपुरी यात्रा सचित्र बालकाव्य ५८

५.४.२.१ काव्यको विषयवस्तु ५८

५.४.२.२ काव्यको भाषाशैली ५८

५.४.२.३ काव्यको उद्देश्य ५९

५.४.२.४ चित्राङ्कन ५९

५.४.३ नानीको बानी सचित्र बालकाव्य ५९
५.४.३.१ काव्यको विषयवस्तु ६०
५.४.३.२ काव्यका भाषाशैली ६०
५.४.३.३ उद्देश्य ६१
५.४.३.४ चित्राङ्कन ६१
५.५ बाल कविताका उद्देश्य ६२
५.६ निष्कर्ष ६४

**परिच्छेद : छ**

**मुक्तिनाथ शर्मा नेउपानेको बाल उपन्यासको अध्ययन**

६.१ विषय परिचय ६५
६.२ उपन्यासको विषयवस्तु ६५
६.३ चरित्र चित्रण ५९
६.४ परिवेश ७१
६.५ भाषाशैली ७२
६.६ दृष्टिविन्दु ७२
६.७ उद्देश्य ७२
६.८ निष्कर्ष ७४

**परिच्छेद : सात**

**सारांश तथा निष्कर्ष**

७.१ सारांश ७५
७.२ निष्कर्ष ७९
**सन्दर्भ सामग्री सूची ८१-८२**

# परिच्छेद : एक

# परिचय

## १.१ विषय परिचय

मुक्तिनाथ शर्मा नेउपाने नेपाली साहित्यमा बाल साहित्यकारका रूपमा परिचित स्रष्टा हुन् । 'विद्रोह' खण्डकाव्य (२०५५) प्रकाशित भएपछि उनको साहित्यकार व्यक्तित्व सार्वजनिक भएको पाइन्छ । यसपछि उनले पानी र नानी, नानीको बानी, सानी चरी गौंथली, थिरिथिरि आदि जस्ता बाल साहित्य सृजना गरेर नेपाली बाल साहित्यमा विशिष्ट योगदान दिएका छन् । प्रस्तुत अध्ययनमा उनै प्रतिभाशाली स्रष्टाको बाल साहित्यमा रहेको योगदानको विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

## १.२ शोध समस्या

आधुनिक नेपाली बाल साहित्यका अग्रज प्रतिभा मुक्तिनाथ शर्मा नेउपानेको बालकथा, बालकाव्य र बाल उपन्यास जस्ता विधामा कस्तो योगदान पुऱ्याएका छन् त भन्ने प्राज्ञिक समस्या नै प्रस्तुत शोधको समस्या हो । यसका अलावा प्रस्तुत शोधका निम्न समस्या रहेका छन् :

(क) मुक्तिनाथ शर्मा नेउपानेको बाल साहित्यमा के कस्तो वस्तु र शिल्पगत अभिव्यक्ति पाइन्छ ?

(ख) मुक्तिनाथ शर्मा नेउपानेको बाल साहित्यको यात्रा र योगदान के कस्तो रहेको छ ?

## १.३ शोधपत्रको उद्देश्य

प्रस्तुत शोधकार्यका निम्न उद्देश्यहरू रहेका छन् :

(क) साहित्यकार मुक्तिनाथ शर्मा नेउपानेको बाल साहित्यकारिताको निरूपण गर्न,

(ख) बाल साहित्यकार नेउपानेको योगदानको निरूपण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

मुक्तिनाथ शर्मा नेउपाने नेपाली साहित्यमा बाल साहित्यकार रूपमा परिचित नाम हो । उनका बाल उपयोगी कृतिहरूको सम्बन्धमा कतिपय लेखकहरूले विभिन्न समयमा समीक्षा एवं परिचर्चा गरेको पाइन्छ । नेउपानेका सन्दर्भमा जे जति चर्चा भएका छन्, त्यसलाई कालक्रमिक रूपमा यहाँ प्रस्तुत गरिएको छ ।

(क) मोदनाथ प्रश्रितले 'विद्रोह' खण्डकाव्य (२०५५) को भूमिकामा 'मुक्तिनाथ : विद्रोह खण्डकाव्य र सामाजिक मुक्ति लेखनमा शर्मालाई काल्पनिक मुक्तिको भ्रम भत्काउने कलमको हम्बर बोकेर नयाँ युगेका सामाजिक मुक्तिका निम्ति काव्य रच्ने कवि भनेर टिप्पणी गरेका छन् ।

(ख) देवीप्रसाद सुवेदीले 'युग संवाद साप्ताहिक' (२०५६) पत्रिकामा साहित्यकार नेउपानेका साहित्य यात्राका बारेमा सामान्य चर्चा गरेका छन् । यस क्रममा उनले नेउपानेलाई सर्वथा आधुनिक कवि हुन् भन्ने विचार व्यक्त गरेका छन् ।

(ग) लीला कुँवरले पानी र नानी बाल गीतिकाव्यको प्रकाशकीय लेखन (२०६१) मा साहित्यकार मुक्तिनाथ शर्मा नेउपानेलाई बाल साहित्यमा धेरै कृति दिन सकून्, प्रकाशन गर्न पाइओस् र नानीहरूले रमाइ रमाइ पढून् उनका गीतिकाव्य, काव्य, कथा आदि भनी टिप्पणी गरेकी छन् ।

(घ) कृष्णप्रसाद पराजुलीले 'पानी र नानी' गीतिकाव्य (२०६१) मा 'पानी र नानी' पढौ कि त हामी' शीर्षकमा बाल साहित्यकारहरूले नयाँ नयाँ फूल फुलाउँदै डाली भरेर ल्याउने क्रममा मुक्तिनाथ शर्मा नेउपानेले पनि एउटा लघुकाव्यको डाली भरेर ल्याएका छन् भनी टिप्पणी गरेका छन् ।

(ङ) तेजकुमार श्रेष्ठले अन्नपूर्ण पोष्ट पत्रिका (२०६४) मा 'तीर्थाटन यात्रा संस्मरणको विवेचना गर्ने क्रममा आफ्नो विचार यसरी व्यक्त गरेका छन् - "मुक्तिनाथ नेउपाने व्यक्तिगत जीवनमा सहज र इमान्दार हुनुका साथै लेखनमा पनि कुनै सङ्कीर्णता भेटिदैन, निस्वार्थ साहित्य सिर्जना र साप्ताहिक गतिविधिमा रमाउने वर्तमान एक स्रष्टा हुनुहुन्छ ।"

(च) नर्मदेश्वरी सत्यालले शब्द संयोजन पत्रिका ‘सर्वोदयः प्रौढ मुक्तिको जुक्ति’ (२०६४) शीर्षकमा शर्माको परिचय र कृतिको विश्लेषण गर्दै उनलाई गद्य, पद्य र गीतिकाव्य समेतमा समाहित गरेर पाठकलाई आकर्षण गर्नु उनको मुख्य विशेषता नै भने पनि हुन्छ भनेकी छन् ।

(छ) ठाकुर शर्माले ‘दायित्व’ पत्रिका (२०६४) मा ‘तीर्थाटन यात्रा संस्मरण : एक परिचय’ शीर्षकमा कृतिको समीक्षा गर्दै मुक्तिनाथ शर्मा नेउपाने विविध विधामा कलम चलाउन सक्ने व्यक्तित्व हुनुहुन्छ भनेका छन् ।

(ज) कृष्ण साहित्य सदन ‘सानी नानी राम्रो बानी’ कथा सङ्ग्रह (२०६८) को प्रकाशकीय लेखनका क्रममा यहाँ विचार व्यक्त गरेका छन् - “सानी नानी राम्रो बानी’ सरल रमाइला बाल कथाको पुस्तक हो, यस कथा सङ्ग्रहमा असल र राम्रो बानी व्यवहार भएका बालबालिकाका कथाहरू छन् । प्रत्येक कथाले नानीहरूमा राम्रो सन्देश दिन खोजेका छन् र यो कथासङ्ग्रह बालबालिकाको निम्ति उत्तम कोसेली हुने विश्वास लिइएको छ भन्ने विचार व्यक्त गरेको पाइन्छ ।

(झ) कृष्णप्रसाद पराजुलीले सौगात र हिमचुली कथासङ्ग्रह (२०६९) को सम्पादकीयमा आफ्नो विचार व्यक्त गर्ने क्रममा मुक्तिनाथ नेउपानेका कथाहरूले पत्रमित्रतादेखि अहिलेको ज्यादै चर्चित सामाजिक सञ्जाल फेसबुकसम्मलाई लोकप्रिय बनाएको छ भनी टिप्पणी गरेका छन् ।

(ञ) प्रेमराज न्यौपानेको ज्ञानगुनका कुरा भाग १८३, अङ्क १ (२०७१) मा ‘सत्कार्यमा क्रियाशील जीवन’ शीर्षकमा मुक्तिनाथ शर्मा नेउपानेलाई “बालबालिकाहरूलाई सदाचारको सिर्जनाको महत्त्वपूर्ण पाठ रमाइलो पाराले दिनु भएको छ । केटाकेटीहरू उहाँको पुस्तकमा रमाउँछन् । भावी पिढीलाई नयाँ पाठ सिकाउने उहाँ वास्तवमा नै आदरणीय हुनुहुन्छ” भनेर प्रशंसा गरेका छन् ।

(ट) ललिता ‘दोषी’ ले ज्ञानगुनका कुरा भाग १८३ अङ्क १ (२०७१) मा विविध सिर्जनाका धनी मुक्तिनाथ शीर्षकमा कवितात्मक रूपमा यसरी चित्रण गरेकी छन् ।

सधैँ हँसिला फरासिला

मृदुभाषी मिलनसार उनी

विविध सिर्जनाले बाँच्छन

मुक्तिनाथ जुनीजुनी ॥

(ठ) छाँयादत्त न्यौपानेले पनि ज्ञानगुनका कुरा भाग १८३ अङ्क १ (२०७१) मा 'हाँसिरहने लेखक' शीर्षकमा "मुक्तिनाथ शर्मा नेउपाने सरल भाषाशैलीमा गम्भीर सन्दर्भहरू उत्काउन सक्ने साहित्य स्रष्टा हुन्' भनेर टिप्पणी गरेका छन् ।

(ड) राष्ट्रकवि माधवप्रसाद घिमिरेले 'ज्ञानगुनका कुरा भाग १८३ अङ्क १ को आवरण पृष्ठमा "हर्षोद्गार' शीर्षकमा लेखेका छन् - "हँसिलो अनुहार चम्किला आँखा, आफ्नो प्राप्तिले आफैँ प्रसन्न । तै पनि अरु जान्ने इच्छुकता ! यही झलक म बारम्बार देख्छु ! साहित्य समारोहमा कवि मुक्तिनाथ न्यौपानेको ! यही देख्दा मलाई लाग्छ कवि न्यौपाने साहित्यप्रति कति समर्पित छन् । उनका बालगीत, बालकविता, बालकाव्य र बालकथा कति हो कति ! मलाई उनका लोकलयमा निर्मित गीतहरू सरल शैली र मार्मिक भावले गर्दा बढी मन पर्छन् । यी कवि लमजुङ दुराडाँडाको खुम्रूक गाउँमा हुर्केका हुन् । त्यस गाउँको सिरानको पधेँराको कलकल गरी झर्ने मूल धारा र वरिपरि रूखमा खलबल गर्दै कराउने लामपुच्छ्रेको सम्झना मेरो स्मृतिमा अझै छ । यही मूल धारा र लामपुछ्रे पंछी जस्तै उनको प्रतिभा अझै आफ्ना भाव र आफ्नो दृष्टि अगाडि बढ्दै रहोस् र फैलिरहोस् भन्न चाहन्छु ।

माथिका सामग्रीका आधारमा मुक्तिनाथ शर्मा नेउपानेको केही अध्ययन भए पनि उनका बाल साहित्यको सैद्धान्तिक रूपमा अध्ययन र मूल्याङ्कन हुन सकेको पाइँदैन । अतः यस शोधपत्र लेखनबाट उनको समग्र बालसाहित्यकारिताको विश्लेषण गर्ने प्रयास गरिएको छ ।

## १.५ शोधकार्यको औचित्य र महत्त्व

मुक्तिनाथ शर्मा नेउपाने नेपाली साहित्यका स्थापित सर्जक हुन् । उनको बाल साहित्यको क्षेत्रमा विशिष्ट पहिचान छ । आजको समयमा उनको बालसाहित्यक योगदानको बारेमा व्यापक अध्ययन र अनुसन्धान हुनु जरूरी र उचित देखिन्छ । उनले बालसाहित्यमा पुऱ्याएको योगदानको विविध आयमबाट विश्लेषण गरी निष्कर्षमा पुग्नु वाञ्छनीय हुन्छ । प्रस्तुत शोधपत्र पनि यिनै प्राज्ञिक समस्यामा केन्द्रित रहेको छ । नेपाली बालसाहित्यमा उनको योगदान के कस्तो रहेको छ भन्ने जिज्ञासु अध्येताहरूलाई महत्त्वपूर्ण सामग्री दिने र नेपाली अनुसन्धान परम्परालाई अगाडि बढाउने भएकोले यस शोधपत्रको विशेष महत्त्व रहेको छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

साहित्यकार मुक्तिनाथ शर्मा नेउपानेले साहित्यका विभिन्न विधामा कलम चलाए पनि यस शोधकार्यमा उनले बाल साहित्यमा पुऱ्याएको योगदानको मात्र चर्चा गर्ने उद्देश्य राखिएको छ । बाल साहित्य बाहेक उनका निवन्ध धार्मिक पुस्तक यात्रा संस्मरण, खण्डकाव्य क्षेत्रमा पनि लेख रचना पाइन्छन् तर उनको बालसाहित्यको मात्र अध्ययन गर्नु प्रस्तुत शोधको सीमा हो ।

## १.७ शोध विधि

प्रस्तुत शोध कार्य सम्पन्न गर्नका निम्ति सामग्री सङ्कलन र अध्ययन विधिलाई अलग-अलग शीर्षकमा प्रस्तुत गरिएको छ ।

### १.७.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधपत्र तयार गर्दा पुस्तकालयीय अध्ययन विधिका आधारमा विभिन्न सूचना र शोध सामग्री सङ्कलन गरिएको छ र सर्जकसँगको प्रत्यक्ष भेटघाट र टेलिफोनवार्ताबाट समेत सामग्री सङ्कलन गरिएको छ ।

### १.७.२ अध्ययन तथा विश्लेषणको आधार

प्रस्तुत शोधकार्य मुख्यतः बालसाहित्य सम्बन्धी भएको हुनाले यसमा बालसाहित्यको अध्ययन र विश्लेषण गर्दा बाल साहित्यका विधागत तत्त्वहरूलाई आधार मानी वर्णनात्मक र विश्लेषणात्मक पद्धतिको उपयोग गरिएको छ । मुक्तिनाथ शर्मा नेउपानेले बालसाहित्यमा पुऱ्याएको योगदान मूल्याङ्कन गरी सम्भाव्य आधारहरू स्थापना गरी त्यसै मान्यताका आधारमा उनको बालसाहित्यकारिताको अध्ययन गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई सङ्गठित र व्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि निम्नलिखित परिच्छेदमा संरचित गरिएको छ ।

परिच्छेद एक : शोध परिचय

परिच्छेद दुई : मुक्तिनाथ शर्मा नेउपानेको जीवनी र व्यक्तित्व

परिच्छेद तीन : विधागत दृष्टिले बाल साहित्यको सैद्धान्तिक अवधारणा

परिच्छेद चार : मुक्तिनाथ शर्मा नेउपानेका बालकथाको अध्ययन

परिच्छेद पाँच : बालकविताको अध्ययन

परिच्छेद छ : मुक्तिनाथ शर्मा नेउपानेको बाल उपन्यासको अध्ययन

परिच्छेद सात : सारांश तथा निष्कर्ष

# परिच्छेद : दुई

## मुक्तिनाथ शर्मा नेउपानेको जीवनी र व्यक्तित्व

### २.१ विषय परिचय

मुक्तिनाथ शर्मा नेउपानेको जन्म वि.सं.१९९६ साल फागुन १९ गते गण्डकी अञ्चल, लमजुङ जिल्लाको दुराडाँडास्थित खुम्रूक गाउँमा भएको हो । शर्मा स्वर्गीय पिता खडानन्द नेउपाने र स्वर्गीय माता रूक्मिणीदेवी नेउपानेका चार सुपुत्रमध्येका साहिँला सुपुत्र हुन् । उनको न्वारनको नाम नै मुक्तिनाथ हो । सामान्य किसान परिवारका नेउपानेले १० वर्षको उमेरमा नै पितृ वियोग सहनु परेको थियो । बहुमुखी प्रतिभाका धनी मुक्तिनाथ शर्मा नेउपानेले विभिन्न सङ्घर्षका बाबजुद आफ्नो ३३ वर्षभन्दा बढी समय सरकारी सेवामा रहेर मन, वचन र कर्मले सेवा गरेको पाइन्छ । पदबाट अवकाश पाएपछि निरन्तर साहित्य साधनामा लागिरहेका पाइन्छन् ।

### २.२ बाल्यकाल

सामान्य किसान परिवारबाट उदाएका साहित्यकार मुक्तिनाथ शर्मा नेउपानेको बाल्यकाल लमजुङ जिल्लामा नै बितेको पाइन्छ । मुक्तिनाथ शर्मा नेउपाने दस वर्षसम्म आफ्ना मातापिताको लालन, पालन र कुशल संरक्षणमा हुर्किए । तर वि.सं.२००६ सालमा मुक्तिनाथ १० वर्षको हुँदा पिता खडानन्दको निधन भयो । दस वर्षकै बाल्यावस्थामा भएको आफ्ना पिताको निधनले गर्दा उनी एक किसिमका टुहुरा नै भए । परिवारमा पनि केही अप्ठ्यारो स्थितिको सृजना भयो । मुक्तिनाथ शर्मा नेउपाने सानैदेखि चकचके, ठटेउलो र चञ्चले स्वभावका थिए । उनको त्यो बानी पछिसम्म पनि रहिरह्यो । त्यही बानीले गर्दा उनी नाटकमा प्रहसनकर्ता भएको र अहिले पनि प्रहसन, हास्यव्यङ्ग्य निबन्ध, कविता रच्न पुगेको महसुस गर्दछन् । शर्मा सानो छँदा अग्लो ठाउँबाट हाम फाल्ने, गरा फडकने, स्याउलाले हानाहान गर्ने जस्ता जोखिमपूर्ण खेलहरू पनि खेल्दथे । एकपटक निकै अग्लो ठाउँबाट हामफाल्दा शर्मालाई लडेर दाँतले काटी ओठ समेत प्वाल परेको घटना ताजै लाग्छ । साथीहरूसँग गाई भैंसी चराउन जाँदा शर्मालाई निकै रमाइलो लाग्दथ्यो । सानो छँदा उनले बिगार नगरेको प्रायः दिन नै हुँदैनथ्यो । त्यसैले शर्माले आमाको हातबाट पिटाइ पनि खाइरहन्थे । आमाले शर्मालाई ठूलो र बुद्धिमान बनाउन पिटेको भन्नुहुन्थ्यो । शर्मा

एकदिन सुन्तला टिप्नको लागि रूखमा चढ्दै थिए उनका भाइले रूँदै साहिँला दाईलाई पिटी पिटी आमाले ठूलो बनाउनु भयो त्यसैले ऊ ठूलो भयो, रूखमा चढ्न सक्ने भयो, सुन्तला टिपेर खान सक्ने भयो, मलाई त आमाले नपिटेर सानो पार्नु भयो, म ठूलो हुन पाइन, सुन्तलाको बोटमा पनि चढ्न सक्दिन भनेका थिए । त्यतिबेला भाइले तोतेबोलीमा भनेका ती कुरा अहिले पनि शर्माको मानसपटलमा ताजै छ । भाइको त्यति बेलाको मुखाकृति शर्मा अहिले पनि देख्न सक्छन् । बाल्यकालका यस्ता घटनाको स्मरणलाई शर्मा अहिले पनि सम्झनाका खोकिलाबाट झिकेर केलाइरहन मन पराउँछन् । यसरी शर्माको बाल्यावस्था रमाइलोसँग लमजुङको दुरडाँडा खुम्रूकमा नै बितेको पाइन्छ ।

## २.३ शिक्षादीक्षा

मुक्तिनाथ शर्मा नेउपानेको अक्षराम्भ उनका पिता खडानन्द नेउपानेले धुलौटेमा कोरेर गराएका थिए । गाउँमा यत्रतत्र विद्यालय थिएनन् । अक्षर चिन्न सक्ने भएपछि शर्मालाई पिताले रूद्री, चण्डी, दुर्गाकवच पठाउन गाउँतिर पठाउँथे । वि.सं.२००६ मा दमको रोगले जीउ सुन्निने रोग लागेर खडानन्दको निधन भएपछि शर्माको शिक्षादीक्षामा जेठा दाजु बलभद्रले सघाउन थाले । पछि संस्कृत पढ्नको लागि गाउँकै घुमाउने ठाँटीको भाषा पाठशालामा भर्ना भए । उनी पढाइमा पनि अब्बल नै थिए । उनलाई गुरुहरूले पनि असाध्यै माया गर्नु हुन्थ्यो तर अफसोच शर्माका गुरु प्रेमराज अधिकारी अचानक अस्वस्थ भएपछि फेरि उनको शिक्षा रोकियो । ठीक त्यही बेला गाउँमा स्कुल खोल्ने अभियान सुरु भयो र सर्वोदय मिडिल स्कुल पनि खुल्यो । शर्मा फेरि त्यहाँ स्कुलमा भर्ना भए । कक्षा ९ सम्मको अध्ययन सर्वोदय स्कुलमा गरे पनि दसौं कक्षा सञ्चालन नभएकोले फेरि उनको पढाइ रोकियो । त्यसैबेला विद्यार्थी फेडेरेशनको नेतृत्व गर्दै विद्यालयको स्वीकृतिको लागि काठमाडौं गए । तत्कालीन शिक्षा मन्त्री महाकवि लक्ष्मीप्रसाद देवकोटा थिए । निकै कसरत गर्दा पनि विद्यालयले स्वीकृति पाउन सकेन । विद्यालय सञ्चालनका निम्ति गाउँलेहरूसँग नगद जिन्सी चन्दा उठाउने काममा नेउपाने सक्रिय भएर लागे । सर्वोदय मा.वि.मा यति गर्दा पनि दस कक्षा सञ्चालन हुन नसकेपछि वि.सं.२०१५ सालमा काठमाडौं आएर दरबार हाई स्कुल (भानु मा.वि., रानीपोखरी) मा भर्ना भए र प्रवेशिका परीक्षा पास गरे । त्यसपछि उनको उच्च शिक्षा अध्ययनको तगारो खुल्न सकेन । औपचारिक शिक्षा यही बिट मारे पनि

जीवन भोगाइ, स्वअध्ययन र अनुभवलाई नै आफ्नो शैक्षिक योग्यताको रूपमा अगाडि बढाइरहेका छन् ।

## २.४ लेखन प्रेरणा प्रभाव र आरम्भ

साहित्य सिर्जनामा प्रेरणा र प्रभावको ठूलो भूमिका हुन्छ । मुक्तिनाथ शर्मा नेउपानेका पिता किसान थिए, उनी शिक्षित नभए पनि छोराहरू पढाउने रहर भने थियो । त्यसैकारण पनि शर्माले साहित्यिक प्रेरणा परिवारबाट पाउन सकेनन् । उनले आफ्नै स्वअध्ययन र उत्साहका कारणबाटै लेखनपट्टि लागेको पाइन्छ । उनको लेखनका लागि केही मात्रामा उनले अध्ययन गरेको सर्वोदय मा.वि.रहेको छ । स्कुलमा हुने गीत, कविता वचन वादविवाद आदि जस्ता प्रतियोगिताले शर्मालाई हौस्याएको पाइन्छ । शर्मा यस्ता कार्यक्रममा भाग लिने गर्दथे । विद्यालयमा हुने यस्ता प्रतियोगिताले उनमा लेखन र अध्ययनको लागि केही प्रेरणा जगायो भने गाई भैंसी चराउन जाँदा सुनेका गीत कविताबाट पनि थप प्रभावित भएको पाइन्छ । उनी अरुको प्रभाव र प्रेरणाबाट भन्दा आफ्नै अध्ययन, अनुभव र उत्सुकता तथा लमजुङको प्राकृतिक वातावरण, तत्कालीन आर्थिक र सामाजिक परिवेशबाट नै यस फाँटतिर लागेका हुन् ।

## २.५ साहित्यिक यात्रा

सानै उमेरबाट साहित्यमा रुचि राख्ने मुक्तिनाथ शर्मा नेउपानेको साहित्यिक यात्रा विद्यालय जीवनबाट नै सुरु भएको हो । त्यतिबेला लेखेका लेख रचना भने हाल उपलब्ध छैनन् । उनको जागिरे जीवन कालमा दुईवटा पुस्तक मात्र प्रकाशित भए । शर्माको साहित्यिक यात्रालाई दुई भागमा विभाजन गरी हेर्न सकिन्छ ।

### २.५.१ पूर्वार्द्ध चरण (२०२०-२०५४ सम्म)

मुक्तिनाथ शर्मा नेउपानेको यस समयलाई प्रारम्भिक वा अभ्यासिक समय पनि मान्न सकिन्छ । उनको वि.सं.२०२० मा बाल पत्रिकामा प्रकाशित 'को पागल' निवन्धसँगै यस चरणको सुरुवात भएको हो । वि.सं.२०३१ मा गुल्मीबाट प्रकाशित हाम्रो पुरूषार्थ पत्रिकामा उनको प्रथम कविता 'देवतासँग' प्रकाशित भयो । यस बाहेक आर्थिक प्रशासन सम्बन्धी

पुस्तक 'नेपालको आर्थिक प्रशासन : एक अनुभव (२०४७) र केही अप्रकाशित फुटकर रचनाहरू यस चरणमा रचिएका पाइन्छन् ।

### २.५.२ उत्तरार्द्ध चरण (२०५५-हालसम्म)

यो समय लेखनका हिसाबले शर्माको उर्वर समय हो । 'विद्रोह' खण्डकाव्य (२०५५) बाट सुरु भएको यस चरणमा उनका थुप्रे साहित्यक कृतिहरू प्रकाशित भइरहेका छन् । सम्झनाका झझल्काहरू कविता सङ्ग्रह (२०६३) बब्लु र सुगा बालकथासङ्ग्रह (२०६६) सानी नानी राम्रो बानी (२०६८) सौगात र हिमचुली कथासङ्ग्रह (२०६८) कुसुमको काँकरी बालकथासङ्ग्रह (२०६९), नानीको बानी बालकाव्य (२०६६), सानी चरी गौंथली (२०६३), राम्रा नानी (२०६८), अन्जना र आकृति बाल उपन्यास (२०६७), काठमाडौंदेखि लण्डनसम्म, यात्रा संस्मरण (२०५७), बेलायततिरका झझल्का (२०६२), सर्वोदय ऐतिहासिक गीतिकाव्य (२०५९), श्रीमद्भागवदभित्रको केही प्रसङ्ग (२०६०), तीर्थाटन यात्रा-संस्मरण (२०६४), मनका तरङ्ग गीतसङ्ग्रह (२०६७), रमाइलो गाउँ सचित्र बालकाव्य (२०६८), सबै बराबर बालकाव्य, बचराको योजना बालकवितासङ्ग्रह (२०७२), गौंथलीको जाँगर बालकथासङ्ग्रह (२०७२) आदि बालसाहित्यका र वयस्क साहित्यका कृतिहरू प्रकाशित भएका छन् । उनका अन्य रचनाको आउने क्रम जारी रहेको छ । यसैले यस समयलाई शर्माको साहित्यिक जीवनको उर्वर समय मान्न सकिन्छ ।

## २.६ मुक्तिनाथ शर्मा नेउपानेको व्यक्तित्व

कुनै पनि व्यक्तिको व्यक्तित्व निर्माणमा उसको पारिवारिक वातावरण र संस्कारका साथै साथीभाइको सङ्गतले पनि उल्लेखनीय भूमिका खेलेको हुन्छ । अझ "व्यक्तित्वमा भएको सिर्जनशील प्रतिभा अध्ययन, चिन्तन, मनन र म केही गर्छु केही बन्छु भन्ने महत्त्वकाङ्क्षाले पनि व्यक्तित्व निर्माणमा र विकासमा गहिरो प्रभाव पारेको हुन्छ" (ए.सी २०७०:६८) । मुक्तिनाथ शर्मा नेउपाने लामो समयसम्म नेपाल सरकारको कर्मचारी भएर विभिन्न कार्यालयको नेतृत्व गरी उपसचिवसम्म बनी ३३ वर्षभन्दा बढी समय व्यतीत गरेका छन् । सरकारी जागिरको बीचमा पनि उनले 'नेपालको आर्थिक प्रशासन : एक अनुभव' (२०४६) कृति लेखेर आफूले प्राप्त गरेका अनुभवलाई समाज समक्ष बाँडे । 'नेपालको आर्थिक प्रशासन : सङ्क्षिप्त परिचय र प्रयोगात्मक झलक' (२०४८) सहलेखन एवं

नेपालमा ग्रामीण विकासका अवधारणा (२०५१) जस्ता कृति लेखेर आफूले ३३ वर्ष बिताएको क्षेत्रका प्राप्ति, सीमा र अवसरलाई सर्वसाधारणका लागि प्रस्तुत गरे ।

मुक्तिनाथ शर्मा नेउपाने बहुमुखी साहित्यकार हुन् । उनी बहुप्रतिभाका धनी पनि हुन् । नेउपानेले खण्डकाव्य, कथा, कविता, नियात्रा, धर्म र संसकृति, बालसाहित्य, गीत, गीतिकाव्य आदि जस्ता विषयमा कलम चलाएका छन् । गद्यतर्फ विभिन्न निवन्ध, कृति समीक्षा, विभिन्न लेखहरू, कथा, उपन्यास छन् भने पद्यतर्फ कवितासङ्ग्रह, खण्डकाव्य, गीतिकाव्य र फुटकर कविताहरूको रचना गरेका छन् । यहाँ मुक्तिनाथ शर्मा नेउपानेको विभिन्न व्यक्तित्वको चर्चा गरिन्छ ।

### २.६.१ कवि तथा गीतकार व्यक्तित्व

मुक्तिनाथ शर्मा नेउपाने मूलतः कवि हुन् । उनी आफ्ना भावना कवितामार्फत व्यक्त गर्न सिपालु छन् । उनी कवितामा कुरा गर्न सक्छन्, अरुको कृतिको टिप्पणी गर्न सक्छन्, स्वागत र विदाइका भाका हाल्न सक्छन् (ढकाल, २०७१:४५) । उनको प्रथम प्रकाशित कविता 'देवतासँग' हो । यो कविता गुल्मीबाट प्रकाशित हुने हाम्रो पुरूषार्थ पत्रिकामा वि.सं.२०३१ सालमा प्रथम पटक प्रकाशित भएको हो । आफूभित्र रहेको कवित्वलाई ब्युँझाउने क्रममा उनको विद्रोह खण्डकाव्य (२०५५) सर्वोदय ऐतिहासिक गीतिकाव्य (२०५९), पानी र नानी बालगीति काव्य (२०६१) सम्झनाका झझल्का कवितासङ्ग्रह (२०६३), सानी चरी गौंथली बालगीतसङ्ग्रह (२०६३) नानीको बानी बालकाव्य (२०६६) थिरी थिरी बालकवितासङ्ग्रह (२०६७) मनका तरङ्ग गीतसङ्ग्रह (२०६७) राम्रा नानी बालगीति काव्य (२०६८), रमाइलो गाउँ सचित्र बालकाव्य (२०६८), हामी बालतारा कवितासङ्ग्रह (२०७०) शिवपुरी यात्रा सचित्र बालकाव्य (२०७०), र बचराको योजना बाल कवितासङ्ग्रह (२०७२) जस्ता गीत, कविता र काव्यसँग सम्बन्धित कृति प्रकाशित भएका छन् । 'पुस्तकमाथि पुस्तक' (२०७०) कृति समीक्षा भए पनि कवितात्मक रूपमा प्रस्तुत गरिएको कृति हो ।

यी काव्यकृति बाहेक नेउपानेको विभिन्न पत्रपत्रिकाहरूका माध्यमबाट क्रमशः आफ्नो फुटकर कविता रचनाहरू प्रकाशित गर्दै आएको पाइन्छ । उनका विभिन्न पत्रपत्रिकामा प्रकाशित कविताहरूमा 'कविता संगम' (सिरू स्मारिका - २०५८ वैशाख),

भगवानसँग (हाम्रो नेपाल २०५८ वैशाख), 'जिन्दगीका रहरहरू' (समष्टि २०५८ मङ्सिर-पुस), 'सानीनानी शिवानी' (मुना २०५९ चैत्र), 'सूर्योदयको स्थापना' (राष्ट्रवाणी साप्ताहिक २०५९ मङ्सिर) विद्यालय जान्छु (बालतारा २०५९ वसन्त), 'हालखबर' (घटना र विचार २०७० जेठ), बन्द ! बन्द ! बन्द ! (घटना र विचार २०६० कात्तिक), 'कालिगङ्गा' (चैतन्य ज्योति २०६०), 'लण्ड रमाइलो' (घटना र विचार २०६१ फागुन), 'जरूरी खबर' (ज्योति २०६२), 'हाम्रो सानो बाबु' (बाल-सरगम २०६३), 'गरिब होइनौ' (मधुपर्क २०६२ असोज), 'जा कविता' (चैतन्य ज्योति), 'आयो निर्वाचन' (छलफल) आदि लगायत हालसम्म पनि उनको कलमले निरन्तरता पाइरहेको छ । बाल भाका होस् या प्रौढ भाका उनले कविता, गीत, काव्य लेखिरहेका छन् । फुटकर कवितादेखि खण्डकाव्यसम्मको उनको यात्राले उनीभित्रको प्रचुर कवित्व शक्तिको झलक दिन्छ । हालसम्म प्रकाशित कविताका आधारमा उनलाई राष्ट्रवादी, आधुनिक, प्रगतिशील व्यङ्ग्यात्मक कविको रूपमा चिन्न सकिन्छ ।

### २.६.२ नियात्राकार व्यक्तित्व

साहित्यकार मुक्तिनाथ शर्मा नेउपानेले अर्को महत्त्वपूर्ण व्यक्तित्व नियात्राकार व्यक्तित्व पनि हो । उनी सँग भएको साहित्यिक चेतका कारण जीवनका यात्रा र अनुभवलाई सजीव र जीवन्त बनाएर प्रस्तुत वर्णनका रूपमा होइन अपितु त्यहाँको स्थानीय रूप, रङ, वैशिष्ट्य, इतिहास यावत पक्षलाई सूक्ष्मतामा खोतलेर नियात्रालाई एकातिर विश्वसनीय बनाएका छन् भने अर्कातिर आफ्नो कल्पनाशीलताबाट त्यहाँ भएका अपुग वा कमी कमजोरीलाई पनि समेटेर सुन्दर पक्षको अङ्कन गरेका छन् (ढकाल २०७१:४६) । साहित्यकार नेउपानेका हालसम्म तीनवटा यात्रा संस्मरणात्मक कृति प्रकाशित भएका छन् । 'काठमाडौंदेखि लण्डनसम्म (२०५०) 'बेलायततिरका झझल्का' (२०६२) 'तीर्थाटन' (२०६४) उनका प्रकाशित नियात्रा सङ्ग्रह हुन् । यी सङ्ग्रहहरूमा नेउपानेले त्यहाँको प्राकृतिक, वैज्ञानिक पक्ष, विकास निर्माण र जीवन शैलीको पनि राम्रोसँग चित्रण गरेका छन् । 'तीर्थाटन' नेउपानेको भारतका तीर्थ स्थलसँग सम्बन्धित कृति हो । विशेष गरी साइबाबाको दर्शनका लागि जाँदा, आउँदाका रोचक र ज्ञानबर्द्धक घटना यस कृतिमा समावेश गरेका छन् र यिनै कृतिका कारणबाट नेउपानेलाई नियात्राकारको रूपमा पनि चिन्न सकिन्छ ।

### २.६.३ समालोचक व्यक्तित्व

साहित्यकार मुक्तिनाथ शर्मा नेउपाने समालोचक पनि हुन् । उनले दिदीबहिनीको पुस्तक (२०६५) र पुस्तकमाथि पुस्तक (२०७०) गरी दुईवटा समीक्षात्मक कृति लेखेका छन् । दिदीबहिनीका पुस्तक नेपाली नारी स्रष्टाद्वारा लेखिएका लेखको समालोचना हो । यसमा नेउपानेले प्रोत्साहनपरक समालोचना गरेका छन् । नेपाली नारी साहित्यकारहरूलाई एकै ठाउँमा जम्मा पारेर छोटो छरितो परिचय पेश गर्ने काम यो एकीकृत समीक्षाले गरेको छ । परम्परागत रूपमा कम चर्चामा रहेको नारी साहित्यका लागि यो नयाँ उपलब्धी पनि हो । त्यस्तै पुस्तकमाथि पुस्तक ३० जना साहित्यका कृतिलाई एकै ठाउँमा जम्मा पारी कृतिकारको परिचय र कृतिको तस्वीर दिई पद्यमा समालोचना गरिएको कृति हो । नेपाली साहित्यमा कविताको माध्यमबाट कविताकै समीक्षा गरिएको यो पहिलो र नौलो कृति पनि हो । केही भाषिक कमी कमजोरीका बाबजुद पनि यो कृति नौलो रूपमा आएको छ ।

### २.६.४ आख्यानकार व्यक्तित्व

आख्यानको फाँटमा उनको कलम बालसाहित्यमा बढी चलेको पाइन्छ । उनले विशेष गरी बालकथा र उपन्यास  लेखेका छन् । उनका बब्लु र सुगा बालकथासङ्ग्रह (२०६६) 'अञ्जना र आकृति' बाल उपन्यास (२०६७) 'सौगात र हिमचुली' बालकथासङ्ग्रह (२०६८) 'कुसुमको काँकरी' बालकथासङ्ग्रह (२०६९) 'कल्पना संसार' उपन्यास (२०७०) 'गौंथलीको जाँगर' बालकथासङ्ग्रह (२०७२) जस्ता आख्यानात्मक कृति प्रकाशित छन् । उनका यी कृतिमा बालभावनाको सम्मान गरिएको छ । उनका कतिपय बालसाहित्यका रचनालाई पाठ्यक्रम विकास केन्द्रले सन्दर्भ सामग्रीको रूपमा समेत स्वीकार गरेको छ ।

नेउपानेको आख्यानात्मक विधातर्फको प्रथम कथा 'च्यान्टे दर्जी, गौंथली र हामी' हो । यस कथामा राजनीतिक व्यङ्ग्य गरिएको छ । एउटा सानो गौंथलीले च्यान्टेको घरमा आफ्नो मिहिनेतले गुँड बनाएको थियो । लुगा सिलाउने च्यान्टे दर्जीले लुगा सिलाइरहेको बेलामा गौंथलीले बिष्ट्याई दियो । जसको कारणले गर्दा च्यान्टेले गौंथलीको गुँड भएको पालीमा आगो लगाई दियो । त्यहाँ आगो लगाउँदा गौंथलीको गुँड मात्र नभई च्यान्टेको घर लगायत पूरै गाउँ नै सखाप भएको कुरा कथामा पाइन्छ । त्यस्तै 'पुनर्विवाह'मा पनि शर्माको लघु आकारको सन्देशमूलक कथा हो । यस कथामा श्रीमतीको मृत्यु भएका विदुरले सहजै

अर्को विवाह गर्न पाउने तर श्रीमानको मृत्यु भएको एउटी विधवा नारीलाई पुनः विवाह गर्न मान्य छैन । यही कुरालाई विषयवस्तु बनाउँदै विधवाको पनि पुनः विवाह हुन सक्छ भन्ने सन्देश कथाले दिन खोजेको छ । उनका बालकथाहरूले दिने सन्देश बालकथाको अध्ययनमा गरिने छ ।

### २.६.५ चिन्तक व्यक्तित्व

मुक्तिनाथ शर्मा नेउपाने देश, समाज र सुशासनको विषयमा चिन्तन गर्दछन् । उनको 'चिन्तनको चौतारी' शास्वत चिन्तनसङ्ग्रह (२०६५) प्रकाशित छ । यस कृतिभित्र विभिन्न समय सन्दर्भमा राजधानीबाट प्रकाशित हुने दैनिक/साप्ताहिक/पाक्षिक पत्रपत्रिकाहरूमा प्रकाशित विचारहरूको सङ्कलित रूप हो । यसमा देश, समाज, भाषा, सभ्यता, संस्कृति, राजनीतिक, सुशासन जस्ता विषयमा गहन चिन्तन गरिएको छ । "शर्मा देशको गरिबी शोषण, उत्पीडन र विकृतिप्रति मन कुडाउँदै सिर्जना गर्दछन् र आफ्नो राष्ट्र र राष्ट्रियताप्रति गहिरा चिन्तन गर्दछन्" (पौडेल २०७०:५४) ।

### २.६.६ धार्मिक व्यक्तित्व

हरेक व्यक्तिले आफ्नो संस्कार, सभ्यताअनुसारको धर्म अवलम्बन गरेको हुन्छ । मुक्तिनाथ शर्मा नेउपानेमा पनि आध्यात्मिक चेत धेरै मात्रामा पाइन्छ । उनीभित्रको आध्यात्मलाई उजागर गर्ने क्रममा प्रकाशित आध्यात्मिक चिन्तनका पुस्तकहरूमा, श्रीमद्भागवतभित्रका केही प्रसङ्ग (२०६०), श्रीमद्भागवत गीता नेपालमि भावानुवाद (२०६१), महाभारतका केही प्रसङ्ग (२०६८) रहेका छन् । उनले पौराणिक महिमाका यी कृतिको नेपालीमा सहज र सुबोध्य तुल्याएर भाव अनुवाद गरी नेपाली समाजमा प्रस्तुत गरेका छन् । उनको 'तीर्थाटन' नियात्रा पनि धार्मिक भाव व्यक्त गर्ने रचना नै हो ।

## २.७ मान सम्मान

साहित्यकार मुक्तिनाथ शर्मा नेउपाने विभिन्न सङ्घसंस्थाबाट समय समयमा सम्मानित पनि भएका छन् । उनले प्राप्त गरेका मान सम्मान र पुरस्कारहरू यसप्रकार छन् :

वि.सं.२०६३ मा सिम्पल आर्टस् बानेश्वरबाट सिम्पल सम्मान,

वि.सं.२०६४ मा साहित्य सन्ध्याबाट जेष्ठ प्रतिभा सम्मान,

वि.सं.२०६६ मा शिवपुरी साहित्य समाजबाट नरबहादुर भारती सम्मान,

वि.सं.२०६८ मा मितेरी नेपालबाट पारिजात मितेरी साहित्य सम्मान,

वि.सं.२०६८ मा डिल्ली प्रविधि विकास प्रतिष्ठानबाट बसुन्धरा सेवा कदरपत्र,

वि.सं.२०६९ मा गण्डकी सामाजिक गुठीबाट अभिनन्दन पत्र,

वि.सं.२०७० मा तन्नेरी द्वैमासिक पत्रिकाबाट विशिष्ट तन्नेरी सम्मान,

वि.सं.२०७० मा बाबा ओमवीरसिंह बस्न्यात पुरस्कार गुठीबाट प्रतिभा सम्मान ।

## २.८ प्रकाशित विभिन्न कृतिहरू

साहित्यकार मुक्तिनाथ शर्मा नेउपानेले धेरै कृतिहरूको रचना गरेका छन् । उनका प्रकाशोन्मुख कृतिहरू पनि छन् । अहिलेसम्म प्रकाशित भएका शर्माका कृतिहरू यसप्रकार छन् :

१) नेपालको आर्थिक प्रशासन : एक अनुभव (२०४६)

२) विद्रोह, खण्डकाव्य (२०५५)

३) काठमाडौंदेखि लण्डनसम्म, यात्रा संस्मरण (२०५७)

४) सर्वोदय, ऐतिहासिक गीतिकाव्य (२०५९)

५) श्रीमद्भागवत भित्रका केही प्रसङ्ग (२०६०)

६) श्रीमद्भागवत गीता, नेपालीमा भावानुवाद (२०६१)

७) पानी र नानी बाल गीतिकाव्य (२०६१)

८) बेलायततिरका झझल्का, दैनिकीका पानाबाट (२०६२)

९) सम्झनाका झझल्का कवितासङ्ग्रह (२०६३)

१०) सानी चरी गौंथली बालगीतसङ्ग्रह (२०६३)

११) तीर्थाटन, यात्रा संस्मरण (२०६४)

१२) दिदीबहिनीका पुस्तक, समीक्षासङ्ग्रह (२०६५)

१३) चिन्तनको चौतारी शास्वत-चिन्तनसङ्ग्रह (२०६५)

१४) नानीको बानी, बालकाव्य (२०६६)

१५) बब्लु र सुगा, बालकथासङ्ग्रह (२०६६)

१६)	Grand mother बालकथासङ्ग्रह (२०६६)

१७)	अन्जना र आकृति, बालउपन्यास (२०६७)

१८)	थिरीथिरी, बालकवितासङ्ग्रह (२०६७)

१९)	मनका तरङ्ग गीतसङ्ग्रह (२०६७)

२०)	राम्रा नानी बालगीतिकाव्य (२०६८)

२१)	सौगात र हिमचुली बालकथासङ्ग्रह (२०६८)

२२)	सानी नानी र राम्रो बानी, बालकथासङ्ग्रह (२०६८)

२३)	महाभारतका केही प्रसङ्ग (२०६८)

२४)	रमाइलो गाउँ सचित्र बालकाव्य (२०६८)

२५)	बचराको योजना बालकविता सङ्ग्रह (२०७२)

२६)	गौंथलीको जाँगर बालकथासङ्ग्रह (२०७२)

# अध्याय : तीन

## बालसाहित्यको सैद्धान्तिक अवधारणा

### ३.१ विषय परिचय

बाल रुचिलाई ध्यानमा राखेर सरल, मीठो र बोधगम्य भाषा शैलीमा लेखिएको नैतिक शिक्षामूलक साहित्य बालसाहित्य हो । बालबालिकाहरूले सजिलै बुझ्न सक्ने खालका सरल भाषामा लेखिएका उपदेशमूलक नैतिक सन्देश दिन सक्ने कथा, कविता, गीत, नाटक, उपन्यास, जीवनी जस्ता साहित्यका विभिन्न विधालाई समग्र रूपमा बालसाहित्य भनिन्छ ।

विद्यालयमा प्राप्त गरेको शिक्षाले बालबालिकाको ज्ञान सीप र अभिव्यक्तिको वृद्धि गर्न मात्र सघाउँछ भने बालसाहित्यको अध्ययनले उनीहरूको कलिलो मस्तिष्कलाई कल्पनाशील र सिर्जनशील पनि बनाउँछ । विद्यालयमा दिइने औपचारिक बालशिक्षाभन्दा अनौपचारिक रूपमा फुर्सदको समयमा अध्ययन गरेको कुराबाट उनीहरू अझ बढी प्रभावित हुन सक्छन् । यसका लागि बालसाहित्यका रचनाहरूको प्रशस्त प्रकाशन हुनु आवश्यक छ । "हजारौं वर्षदेखि मानव समाजले सङ्कलित गरेको अपार ज्ञान राशी र बालबालिकाहरूको अनन्त जिज्ञासाका बीच तालमेल मिलाइ उनीहरूको मानसिक र भावनात्मक परितुष्टिका साथै उनीहरूको विकासका लागि चाहिने समयोचित सामग्री पनि हामीले बालसाहित्यको रूपमा नै प्रदान गर्नुपर्ने हुन्छ" (बन्धु, २०६० : १) कलिलो मनमस्तिष्क भएका बालबालिकाहरूको ज्ञानको दायरालाई विस्तृत बनाउन पनि बालसाहित्यको भूमिका महत्त्वपूर्ण हुन आउँछ । "बालबालिकाहरूलाई पठन कार्यप्रति अभिरुचि जागृत गर्न, विचार शक्तिको प्रवर्द्धन गर्न, शब्दभण्डारलाई विस्तार गर्न एवं जीवन र जगतका बहुमूल्य ज्ञानको अभिवृद्धि गरी रचनात्मक दृष्टिकोणको प्रवर्द्धन गर्न पनि बालसाहित्यको महत्त्वपूर्ण भूमिका रहने तथ्य निर्विवाद छ" (प्रधान, २०५१ : ३७३) ।

बालबालिकाको उमेर, रुचि र चाहना तथा क्षमताअनुसार सरल भाषामा लेखिनुका साथै चित्र पनि समावेश भएका मनोरञ्जनात्मक, उपदेशमूलक साहित्य नै बालसाहित्य हो भन्न सकिन्छ ।

## ३.२ बालसाहित्यको परिचय

बालजगतको रमाइलो विधाको रूपमा बालसाहित्यको आफ्नै विशेषता र महत्त्व छ । बालबालिकामा रहेको भावलहरीलाई लहराइ दिने, कल्पना शक्तिलाई मलजल प्रदान गरी सिर्जनात्मक प्रवर्द्धन गर्ने, बाल जीवनमा उब्जन सक्ने डर, त्रास, शङ्का, इर्ष्या हटाई साहस र हौसलालाई अभिवृद्धि गराउन पनि बालसाहित्यको आवश्यकता देखिन्छ । बालसाहित्य शब्द 'बाल' र 'साहित्य' भन्ने शब्दहरूको संयोजनबाट बनेको शब्द हो । सामान्यतयाः बाल भन्ने शब्दले १६ वर्षमुनिका केटाकेटीहरूलाई बुझाउँछ भने साहित्य शब्दले मानिसको सिर्जनशीलताद्वारा सिर्जित रचना विशेषलाई बुझाउँछ । यसरी बालबालिकाहरूको निम्ति सिर्जित त्यस्तो रचना विशेष जसले उनीहरूका अनन्त जिज्ञासाहरूको समाधान गर्नुका साथै तिनीहरूको मन र मस्तिष्कको सन्तुलित विकासमा महत्त्वपूर्ण भूमिका खेल्नुलाई नै बालसाहित्य भन्न सकिन्छ । बालकको कोमल हृदयमा ज्ञानविज्ञानका रमाइला आकर्षक र प्रभावपूर्ण कुराहरूलाई सरल भाषाशैलीमा बालसाहित्यले प्रस्तुत गरिरहेको छ ।

बालबालिका समाजका अभिन्न अङ्ग हुन् । उनीहरूमा आफ्नो सांस्कृतिक परम्पराअनुसारको आदर्श विचार, नैतिक मान्यता, सामाजिक सम्बन्ध, साथीभाइ सहपाठीहरूसँगको सम्बन्ध सुमधुर बनाई उनीहरूलाई उज्यालो भविष्यतिर अभिप्रेरित गराउन पनि बालसाहित्यले विशेष भूमिका खेल्दछ । त्यस्तै आफूभन्दा ठूलाबडालाई आदर र सानालाई स्नेह प्रदान गर्नुपर्दछ भन्ने भावना केटाकेटीको मनको भित्री तहदेखि नै सञ्चरण गराउन पनि बालसाहित्यको ठूलो भूमिका रहन्छ । त्यसैले "आफ्नो परिवार आफ्नो छिमेक, आफ्नो राष्ट्र, आफ्नो भाषा, आफ्नो भेषभुषा, आफ्नो संस्कृति आदि प्रति ममता ब्युँझाउने, दया, माया, उपकार आदि प्रति सचेत गराउने, अनुशासन एवं मर्यादाहरूको प्रभाव पार्नु यस कोटीका बालसाहित्यको मूल्य हो" (चापागाईं २०५३, पृ.१) ।

बालसाहित्य बालकहरूको लागि अनुकरणयोग्य साहित्य हो । बालबालिकाको स्वभाव, शील, गुण एवं क्रियाकलापहरूको चित्र अङ्कन गरी उनीहरूले बुझ्ने रसिलो र मीठो भाषाशैलीमा लेखिएको साहित्य पनि बालसाहित्य हो । आफू समान उमेरका केटाकेटीहरूको चरित्र, संवाद र क्रियाकलाप बुझ्न उनीहरूलाई कुनै अप्ठ्यारो हुँदैन र सजिलैसित चित्रित चरित्रहरूको हाउभाउ आदिलाई उनीहरूले अनुसरण गर्न सक्छन् । बालबालिकाहरूका लागि वयस्क साहित्यकारहरूले सिर्जिएका बाल सुलभ रचनाका अतिरिक्त

बालक आफैँले आफ्ना भावना र अनुभूतिहरूलाई समेटेर अभिव्यक्त गरेको रचनालाई समेत बालसाहित्यको संज्ञा दिन सकिन्छ । यसप्रकारका रचनाहरूबाट एकातिर बालबालिकाको सिर्जनात्मक क्षमताको विकासमा सहयोग पुग्दछ भने अर्कोतिर उनीहरूको भाषिक सीप एवं शैलीको विकासमा मद्दत पुग्न जान्छ । सानैदेखि आफ्ना बालबालिकामा रहेका कुभावना, कुविचारलाई हटाई स्वस्थ विचार र स्वस्थ भावनाको सूत्रपात गराउन पनि बालसाहित्यको औधी ठूलो महत्त्व छ । यसका साथै "सामान्य व्यवहारिक शिक्षा पाएका साक्षर प्रायः पाठकहरूका लागि सरल एवं सुवोध भाषामा आकर्षक र प्रभावकारी शैलीमा लेखिएको साहित्यलाई पनि बालसाहित्यकै संज्ञा दिन सकिन्छ" (चापागाईं, पूर्ववत् पृ.१३) ।

यसरी बालसाहित्यले एउटा ठूलो र विस्तृत क्षेत्र समेटेको देखिन्छ । नेपाली साहित्यको वर्तमान सन्दर्भमा वयस्क साहित्यको लेखनीको गति तीव्र रूपमा भएको देखिए पनि त्यसको सापेक्षतामा नेपाली बालसाहित्यको गति सीमित देखिन्छ । बालसाहित्यको माध्यमबाट आफ्ना बालबालिकाहरूको मन, मस्तिष्कको सन्तुलित विकास गरी उनीहरूलाई ज्ञान विज्ञानका विविध क्षेत्रसँग परिचित गराई देश विकासको निम्ति सक्षम जनशक्ति उत्पादन गर्ने ध्येयले आज विश्वका हरेक राष्ट्रले बालसाहित्यका रचनातर्फ प्रशस्त ध्यान दिईरहेका देखिन्छन् र नेपालमा पनि विगतको तुलनामा वर्तमान यस दिशातर्फको गतिमा केही तीव्रता दिइएको पाइन्छ । बालसाहित्यको सैद्धान्तिक पक्षको उपयुक्त पृष्ठभूमिका अतिरिक्त बालसाहित्यका बारेमा दिइएका तपसिलका परिभाषाहरूका आधारमा बाल साहित्यको विश्लेषण गर्न सकिन्छ ।

## ३.३ बालसाहित्यको परिभाषा

बालसाहित्यका सम्बन्धमा विश्वसाहित्य तथा नेपाली साहित्यमा पनि त्यति धेरै चर्चा भएको पाइँदैन जति वयस्क साहित्यको बारेमा गरिएको पाइन्छ तैपनि बालसाहित्य के हो भन्ने बारेमा चर्चाहरू पूर्व-पश्चिम दुवैतिरका साहित्यशास्त्रीहरूले केही मात्रामा भने गरेको पाइन्छ । नेपाली साहित्यमा पनि केही साहित्यकारहरूले बालसाहित्यको सैद्धान्तिक रूपमा चर्चा गरेका छन् ।

'बाल र साहित्य' दुई शब्दहरूको संयोजनबाट 'बालसाहित्य' शब्द बनेको हो । बाल शब्दले साना साना केटाकेटीहरूलाई बुझाउँछ भने 'साहित्य' शब्दले मानिसको

सिर्जनशीलताद्वारा सिर्जित रचना विशेषलाई बुझाउने गर्दछ ।" यसरी सोझो अर्थ 'बालसाहित्य'ले बालबालिकाहरूका लागि लेखिने र बालबालिकाहरूद्वारा लेखिने साहित्यलाई बुझाउँछ तर बालसाहित्य भन्ना साथ बालबालिकाका लागि लेखिने साहित्यलाई बुझाए पनि यतिले मात्र यसको व्यापकतालाई समेट्न र अर्थ दिन सक्दैन" (प्रधान, २०५६ पृ. ६) । त्यसैले बालसाहित्यका सम्बन्धमा विभिन्न विद्वान्हरूले प्रस्तुत गरेका धारणाहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

बाल मनोविज्ञानको आडमा बाल रुचि अनुकूलको नैतिक आध्यात्मिक वैज्ञानिक चेतना दिने राष्ट्रिय वातावरणयुक्त बाल समस्यालाई ध्यान दिएर लेखिएको बाल उमेरअनुसारको सिर्जनात्मक साहित्यिक रचना नै बालसाहित्य हो भन्न सकिन्छ ।" (अर्याल २०४५ पृ.१५)

"बालसाहित्य लेखककेन्द्रित नभएर पाठक अर्थात् बालसमाज केन्द्रित हुन्छ ।" (डा.महेन्द्रमान उदासी पोखरेली)

"बालसुलभ भाषा र शैलीमा लेखिएको आदर्श नैतिक भाव एवं विचारहरू पोखिएको अनि बालबालिकाहरूलाई उज्यालो भविष्यतिर अभिप्रेरित गर्ने खालको साहित्यलाई पनि बालसाहित्य भन्न सकिन्छ । ... बालकका बालसुलभ शीलस्वभाव एवं क्रियाकलापहरूको चित्रण गरिएको बालसुलभ भाषा एवं शैलीमा बालककै निम्ति लेखिएको सुललित साहित्यलाई पनि बालसाहित्य भन्न सकिन्छ ।" (नरेन्द्र चापागाईं)

"बालकहरूले आत्मसाथ गर्न सक्ने विषय, भाव, कला शिल्प र प्रस्तुतीकरणका आधारमा रचित साहित्य बालसाहित्य हो । बालसाहित्यको विषय क्षेत्र व्यापक छ, बालसाहित्य शब्दको सीमा व्यापक छ । ... समाज जीवन र परिवेशलाई सुहाउने र यथार्थ ढङ्गले सोच्न सकिने रूप प्रदान गरेर लोक साहित्य, पौराणिक र वैज्ञानिक एवं सामाजिक विषय स्रोतका वस्तुलाई बाल्य उपभोक्ता बजारको उपयोगी, रोचक, आकर्षक र कौतुकपूर्ण शिल्पमा शिक्षाप्रद बनाएर प्रस्तुत गरिने सामग्री नै बालसाहित्य हो ।" (राजेन्द्र सुवेदी)

"बालबालिका निम्ति स्वस्थ मनोरञ्जन, उपयोगी शिक्षा, व्यवहारिक ज्ञान र नयाँ-नयाँ सूचना दिने सबै कृतिलाई बालसाहित्य शब्दले जनाउने चलन छ । ...बालसाहित्यका विधाहरू मात्र होइन विषय पनि धेरै छन् । यसको क्षेत्र पनि व्यापक छ । बालसाहित्य

विशेषगरी पाठक केन्द्रित हुन्छ, लेखक केन्द्रित होइन । यसमा पाठकको मानसिक स्तर, उमेर, भाषा जस्ता कुराहरूको विचार गरिन्छ । ...बालसाहित्यले पाठ्यपुस्तकको उद्देश्य पूरा गर्न सक्दैनन् । बालसाहित्यको उद्देश्य पनि पाठ्यपुस्तकले पूरा गर्न सक्दैनन ।" -चुडामणि बन्धु

"स्वतन्त्र बालसाहित्यलाई बालबालिकाले जीवनमा लादिएको शैक्षिक बोझका रूपमा होइन, बरु एउटा स्वतन्त्र, मनोरञ्जन र रुचिकर क्रीडाका रूपमा लिई त्यसबाट आफ्ना लागि यथेष्ट मानसिक, बौद्धिक खुराक ग्रहण गर्छन् । त्यसै हुनाले यसको असर चिरस्थायी र दूरगामी हुन्छ ।" - रमेश विकल

"बालसाहित्य जति सहज, सरल मनोरञ्जन र आकर्षक हुन्छ, त्यति नै त्यसको लेखन, चित्राङ्कन र प्रकाशन गम्भीर, जटिल र चुनौतीपूर्ण समेत रहेको हुन्छ । बालसाहित्य बढी उद्देश्यपूर्ण र आयोजित हुने हुनाले यसको प्रत्येक पक्षमा पूर्वयोजना अति नै जरूरी हुन जान्छ ।" - नरहरि आचार्य

"बालसाहित्य साहित्यको एक विशिष्ट प्रकार हो । जुन बालबालिकाका निम्ति मनोरञ्जनात्मक दृश्य-पाठ्य सामग्रीमा आप्लातित ज्ञान, सीप, चरित्र, प्रवृत्ति निर्माणात्मक प्रच्छन्न सत् सन्देश वा मार्ग निर्देशन हो । ... बालकको उमेरको फरकअनुसार यसको वर्ग विभक्त हुने र त्यस अनुरूप यसको विषयवस्तु, भाव, संरचना र शैलीको स्वरूपको साथै उद्देश्यको मात्रामा पर्यन्त फरक आउने गर्छ ।" -भिक्टर प्रधान

"बालकको उमेर, अवस्थाअनुसार रुचिकर हुने उनीहरूलाई मनपर्ने सरल, सुलभ भाषा, बोलीचालीका शब्द प्रयोग गरी लेखिएको साहित्यलाई बालसाहित्य भनिन्छ । ... बालसाहित्यको विषयवस्तु, बोली भाषा र शैली पनि बालकको उमेरको विकासअनुसार साहित्यकारले ढाल्दै गएर उनीहरूको मन जित्न सक्नु, उनीहरूलाई ती पढुँ-पढुँ बनाउन सक्नु र त्यसैबाट बौद्धिक, मानसिक, चारित्रिक र नीतिसम्बन्धी खुराक दिन सक्नु नै सफलता हुन जान्छ ।" -भुवनेश्वरी सत्याल

"बालकहरूले बुझ्ने सजिलो भाषाशैलीका बालमनोविज्ञानका आधारमा तयार पारिएका लयात्मक, कथात्मक, औत्सुक्यपन भएको साहित्य नै बालोचित साहित्य हो । ... आधुनिक बालसाहित्य भनेको बालमनोविज्ञानमा आधारित साहित्य नै हो । उनीहरूको

मनोभावनालाई विचार गरी उपयुक्त साहित्य सिर्जना गर्नु बालसाहित्यको उद्देश्य हुनुपर्दछ । बालसाहित्यले बालकहरूमा तर्कशक्ति, कल्पनाशक्ति र रचनात्मक भावना जगाउने प्रेरणा प्रदान गर्नुपर्दछ ।" (गोविन्द वियोगी)

बालसाहित्यका सम्बन्धमा उपर्युक्त विद्वान्हरूले प्रस्तुत गरेका मतहरूमा बालसाहित्यको सिद्धान्त पक्षको चर्चा र विश्लेषण पाइन्छ । त्यसैले बालसाहित्य त्यस्तो साहित्य हो जसले बालबालिकाहरूका रुचि, चाहना र आवश्यकताहरूलाई उनीहरूको उमेर, स्तर र मनोनुकूल परिपूर्ति गरिरहेको हुन्छ । बालसाहित्यले बालकका सुन्दर, सुकोमल मन र भावनामा अनन्त जिज्ञासा र प्रेरणा जगाइरहेको हुन्छ । अनि ज्ञान, विज्ञान, इतिहास, लोक जीवनका विविध विषय सन्दर्भहरूलाई रोचक रूपमा सरल, सुवोध भाषाका साथ प्रस्तुत गरेको हुन्छ । बालसाहित्यमा चित्रात्मक प्रस्तुति पनि आवश्यक हुन्छ किनभने यसले बालभावना अनुरूप बालबालिकाको मन मस्तिष्कमा विषयवस्तुको विम्ब निर्माण गर्न सहयोग पुऱ्याउँछ । बालसाहित्य पाठककेन्द्रित हुन्छ र बालबालिकाहरूमा तर्क शक्ति, बौद्धिकता, कल्पनाशक्ति सिर्जनशीलता भरेर उनीहरूमा कर्मशीलताको पाठ सिकाउने काम पनि गर्दछ ।

यसरी सङ्क्षेपमा बालसाहित्यलाई चिनाउनु पर्दा "बालबालिकालाई मनोरञ्जन दिने रचनात्मक एवम् सिर्जनात्मक हुन प्रेरणा दिने र ज्ञान विज्ञानका विविध विषयमा जानकारी दिने विषयवस्तु समाविष्ट, बालकको उमेरअनुसार सरल, सरस भाषामा रोचक तवरले लेखी रङ्गीन चित्रहरू समेत सकेसम्म समावेश गरी कलात्मक तरिकाले प्रकाशन गरिएको कृति नै बाल साहित्य हो" (प्रधान, २०५६ पृ.१६) ।

## २.४ बालसाहित्यको स्वरूप

बालसाहित्य बालकको निम्ति रचिएको साहित्य हो । बालबालिकालाई ध्यानमा राखेर विभिन्न विषयमा विभिन्न विधामा लेखिएको साहित्य नै बालसाहित्य हो । यो सरल र सुबोध हुन्छ । अतः सरल र सुबोध्य हुनु बाल साहित्यको प्रथम प्रमुख स्वरूपगत विशेषता हो ।

बालसाहित्य बालबालिकाहरूलाई लक्षित गरेर लेखिने भएकाले बालसाहित्य लेखनमा लेखक वा स्रष्टा विषयवस्तुको चयन, प्रस्तुति भाषाशैली आदि सबैमा स्वतन्त्र नभएर केही बाँधिएको वा नियन्त्रित हुन्छ । बालसाहित्य स्रष्टाले बालसाहित्य सिर्जनामा आफ्नो कलम

चलाउनुभन्दा पहिले नै स्पष्ट रूपमा योजनाबद्ध हुनु आवश्यक हुन्छ । बालसाहित्य स्रष्टाले साहित्यमा हात हाल्नुपूर्व नै बालबालिकाको रुचि, तिनीहरूको उमेर समूह, मनोविज्ञानले पार्न सक्ने प्रभाव आदिलाई ध्यानमा राख्नु पर्ने हुनाले बालसाहित्य स्रष्टाले आफ्नो सिर्जनालाई स्वकेन्द्रित बनाउन पाउँदैन (प्रधान, २०५६, पृ.१७) । अतः बालसाहित्य पाठक वा बालसमाज केन्द्रित हुन्छ । यसरी नियन्त्रित हुनु वा बालसमाज केन्द्रित हुनु बालसाहित्यको अर्को स्वरूप हो ।

बालबालिकाहरू हरेक कुरामा जिज्ञासा राख्ने तथा नयाँ-नयाँ कुराहरू जान्न चाहने स्वभावका हुन्छन् । तर दिमाग खियाउनु पर्ने कुरामा उनीहरूलाई पट्यार लाग्न सक्ने हुनाले पढ्दा हृदय छुने आकर्षक विषयवस्तुको अध्ययनमा बढी रुचि राख्छन् । बालसाहित्य लेखनको प्रमुख उद्देश्य बालबालिकालाई मनोरञ्जन प्रदान गर्दै उनीहरूको कल्पना र सिर्जनाशक्तिमा ऊर्जा थप्नु पनि भएकोले मनोरञ्जनपूर्ण र आकर्षक हुनु बालसाहित्यको अर्को स्वरूपगत विशेषता हो ।

बालबालिकाहरू समाज वा राष्ट्रका भोलिका आधारहरू हुन् । कुनै पनि राष्ट्रको भविष्य उक्त देशका बालबालिकाहरू भएकोले तिनीहरूलाई विभिन्न ज्ञान विज्ञानका कुराहरूले सुसूचित पार्नु र असल चरित्रको विकास हुने खालको शिक्षा दिनु अति नै आवश्यक हुन्छ । यसको लागि बालसाहित्यले प्रत्यक्ष, परोक्ष रूपमा निकै महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । बालबालिकाहरूलाई प्रदान गरिने अध्ययन सामग्री तिनीहरूको मनोनुकूल हुनुका साथै ज्ञानविज्ञानले भरिपूर्ण र जिज्ञासा शान्त पार्न सक्ने खालका हुनु जरूरी छ । बालबालिकाहरूले समयोचित शिक्षा प्राप्त गर्न सकेनन् भने तिनीहरूलाई समयमै सत्मार्गतिर डोऱ्याउन सकिएन भने राष्ट्रले ठूलो घाटा सहनु पर्ने कुरा निर्विवाद छ त्यसैले बालसाहित्य पनि केटाकेटीहरूका लागि राम्रो चरित्र निर्माण गर्ने, सत्सन्देश दिने तथा सत्मार्गमा लाग्न प्रेरित गर्ने, मानवताको पाठ सिकाउने, दया, माया, करूणा जस्ता तत्त्वलाई ग्रहण गर्न प्रेरित गर्ने खालको हुनुपर्दछ । त्यसैले सत् सन्देशमूलक सूचनामूलक तथा आर्दशता पनि बालसाहित्यमा हुनुपर्ने स्वरूपगत विशेषता हुन् ।

बालसाहित्य विभिन्न उमेर समूहलाई लक्षित गरेर लेखिने हुनाले यसको स्तरमा पनि विविधता पाइन्छ । बालबालिकाहरू दिमागी विकासका दृष्टिले त्यति परिपक्व नभइसक्ने भएकोले साहित्यमा घुमाउरो भनाइलाई बुझ्न सक्दैनन् । अतः बालसाहित्यमा अभिव्यक्त

शैली अभिधात्मक हुनु जरूरी छ । सरल तरिकाले वर्णन गरिएका र सिधै प्रस्तुत गरिएका कुराहरू बालबालिका सजिलै बुझ्न सक्छन् । साथै विभिन्न उमेर समूहका बालबालिकामा उमेरगत रुचि पनि फरक-फरक पाइने हुनाले बालसाहित्यको सिर्जनामा विषयगत विविधता हुनु आवश्यक छ ।

यसैगरी बालबालिकाहरू विभिन्न किसिमका चित्रहरू प्रति बढी आकर्षित हुन्छन् । एउटा चित्रले हजारौं शब्दहरूले अभिव्यक्त गर्न नसकेको भावलाई अभिव्यक्त गर्न सक्दछ भनिन्छ । विभिन्न प्रसङ्गमा चित्र हेरेर पनि बालकहरूले प्रशस्त मनोरञ्जन लिने गर्दछन् भने उनीहरूमा कुनै कुरालाई गहिरिएर हेर्ने सोचको विकास गर्न पनि चित्रहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका हुन्छन् । बालसाहित्यमा वर्णित कुराहरूलाई विम्बात्मक रूपमा बुझ्न पनि चित्रहरूले बालबालिकालाई ठूलो सहयोग पुऱ्याइरहेका हुन्छन् । लामा लामा प्रस्तुतिले बालबालिकालाई दिक्दारी पनि दिनेहुनाले बालसाहित्य सङ्क्षिप्त हुनु पनि जरूरी हुन्छ ।

अतः समग्रमा भन्दा नियन्त्रित, योजनाबद्ध वा पाठककेन्द्रित हुनु, सरल, सहज र सुवोधय हुनु, उमेरअनुसारको सिर्जना हुनु, सरल भाषाको प्रयोग हुनु, मनोरञ्जनपूर्ण हुनु ज्ञान विज्ञानका विषयवस्तुले युक्त हुनु, सन्देशमूलक, शिक्षामूलक हुनु, अभिधात्मक प्रस्तुति हुनु, रङ र चित्रहरूको अनिवार्य प्रस्तुति हुनु तथा सङ्क्षिप्त र कलात्मक तथा आकर्षक हुनु बालसाहित्यका स्वरूपगत विशेषताहरू हुन् ।

### ३.५ बालसाहित्यका तत्त्वहरू

बालकहरूका लागि बालहित र बालरुचिलाई मध्यनजर गरेर लेखिने बालसाहित्य, साहित्यकै एक विशिष्ट प्रकार हो । साहित्य भाषाको माध्यमद्वारा अभिव्यक्त हुने कला हो । जुन त्यतिकै सिर्जना हुन सक्दैन । कुनै अभिव्यक्तिले साहित्यको दर्जामा उक्लन त्यसमा केही त्यस्ता आवश्यक कुराहरू हुनुपर्छ जसलाई हामी त्यसका तत्त्वहरू भनेर भन्न सक्दछौं । साहित्य वयस्क होस् या बाल तिनका आफ्ना तत्त्वहरू हुन्छन् । जसको समुचित मेलबाट नै त्यसले साहित्यको दर्जा पाएको हुन्छ । ती तत्त्वहरूको चर्चा यसरी गर्न सकिन्छ :

विषयवस्तु बालसाहित्यको प्रमुख तत्त्व हो र यो बाल साहित्यका सबै विधाको निम्ति आवश्यक मानिन्छ । बालसाहित्य सर्जकले जुनसुकै विधामा कलम चलाउन चाहे पनि सर्वप्रथम विषयवस्तुलाई अगाडि ल्याई त्यसमा कलात्मक रूपले भाषाको प्रयोग गरी प्रस्तुत

गरेको हुन्छ । सर्जकले आफ्नो सिर्जनामा धेरै क्षेत्रबाट विषयवस्तु टिप्न सक्छ । सृजनाको उद्देश्यअनुसार विषयवस्तुको चयन गरिनुपर्छ । भौगोलिक, सामाजिक, ऐतिहासिक, पौराणिक, साहसिक जस्ता विभिन्न विषयवस्तुलाई बालसाहित्यमा समावेश गर्न सकिन्छ । तर जुनसुकै क्षेत्रबाट विषयवस्तु टिपे पनि त्यो बालसुलभ आकर्षक हुनु जरूरी हुन्छ । सामान्यतयाः बालसाहित्यमा राजनीतिक, यौनिक, विषयवस्तु तथा जटिल जीवनदर्शनलाई पनि बालसाहित्यको विषयवस्तु बनाउनु उचित हुँदैन ।

पात्र वा चरित्र पनि बालसाहित्यको अर्को तत्त्व हो । बालसाहित्यमा बालसुलभ पात्रहरू आएका हुन्छन् । बालसाहित्यका सबै विधाहरूमा आवश्यक नभए पनि कथानक हुने विधामा कथानकलाई अगाडि बढाउन प्रसङ्गअनुसार पात्रहरू आवश्यक मानिन्छन् । बालसाहित्यमा आउने पात्रहरू मानवीय र मानवेतर अनि लौकिक र अलौकिक सबै किसिमका हुन सक्छन् । बालसाहित्यमा आउने पात्रहरू राम्रा, नराम्रा, असल, खराब दुवै किसिमका हुन्छन् तर पनि यस्ता पात्रहरूमा साहसिक र असल पात्रहरू बढी अपेक्षनीय हुन्छन् । बालसाहित्यमा नराम्रो काम गर्ने पात्रको हार र राम्रो काम गर्ने पात्रको जित देखाउनु राम्रो हुन्छ ।

परिवेश बालसाहित्यको महत्त्वपूर्ण तत्त्व हो । बालसाहित्यका कतिपय विधामा कथानकको वा घटना र पात्रको स्थान र समयको संयोजनको रूपमा परिवेश आएको हुन्छ । विषयवस्तुको प्रकृतिअनुसार परिवेश पनि भिन्दा भिन्दै आउन सक्छ । विषयवस्तुअनुसार बालसाहित्यमा समयगत परिवेश, भौगोलिक परिवेश सांस्कृतिक परिवेशको पनि चित्रण हुन सक्दछ ।

भाषाशैली पनि बालसाहित्यको अर्को आवश्यक तत्त्व हो । साहित्य भाषाको माध्यमद्वारा अभिव्यक्त हुने कला भएकाले साहित्यको कुनै पनि विधाका लागि अत्यावश्यक नै हुन्छ । बालसाहित्यमा प्रयुक्त भाषा बाल सुलभ हुनुपर्छ । सकेसम्म बालबोली तथा बोलचालको भाषाको प्रयोग गर्नु राम्रो मानिन्छ । बालसाहित्यको शैली पनि निकै आकर्षक र रोचक हुनुपर्दछ ।

उद्देश्य पनि बालसाहित्यको एउटा तत्त्व हो । सामान्यतयाः बालसाहित्यको उद्देश्य बालहित गर्नु हो तर पनि बालबालिकाहरूका लागि विभिन्न विषयको जानकारी दिँदै

तिनीहरूलाई सक्षम र जागरूक बनाउनु, मनोरञ्जन प्रदान गर्नु नै बालसाहित्यको प्रमुख उद्देश्य हुन् । थोरै शब्दमा भन्ने हो भने बालसाहित्यले बालहित र बाल रुचिमा ध्यान दिएको हुन्छ (शान्तदास, २०५९ पृ.४५) । "बालसाहित्यले बालहित विरूद्धका कुराहरूलाई निरूसाहित पार्ने उद्देश्य समेत राखेको पाइन्छ । बालसाहित्यको रचनाको उद्देश्य यस्तै बालहित विरूद्ध खडा भएका संरचनालाई ध्वस्त गर्नु पनि हो" (पूर्ववत् पृ.४१) ।

### ३.६ बालसाहित्यका विधाहरू

"बालसाहित्यले तीन प्रकारका रचनाहरूको बोध गराउँछ । १. बालकहरूलाई मौखिक रूपमा सुनाउने साहित्य, जस्तै : भ्रुलुङ्गे गीत, बालकविता, गीत र कथाहरू २. बालकहरूले बनाएका साहित्य जस्तै : बालरचनाहरू र ३. बालकका निम्ति अरुले रचेको साहित्य" (बन्धु : २०३५ पृ.८) । "प्रत्येक समाजमा मौखिक परम्परामा जीवित गीत कविता, कथा, गाउँखाने कथा जस्ता विधाहरू हुन्छन् । तिनलाई लोक बालसाहित्य भनिन्छ भने बालकद्वारा रचिएको साहित्यलाई बालरचना भनिन्छ । सामान्यतयाः बालबालिकाका निम्ति लेखिएका साहित्यलाई बालसाहित्य भनिन्छ । यस्तो साहित्यमा एकथरी कथा, कविता, नाटक, उपन्यास जस्ता विधाहरूमा देखिने काल्पनिक साहित्य हुन्छन् भने अर्कोथरी चाहिँ जीवनी, इतिहास र वर्णन विवरण जस्ता वास्तविक साहित्य हुन्छन्" (वन्धु : २०३५;९)

बालसाहित्यको विभाजन गर्दा सर्वप्रथम लोकसाहित्य र कलात्मक बालसाहित्य भनी छुट्याउन सकिन्छ । लोक बालसाहित्यले पनि लोककथा, बालगीत, कविता, गाउँखाने कथा जस्ता विधामा आफूलाई विस्तार गरेको छ भने कलात्मक बालसाहित्यले पनि गीत/कविता, निवन्ध, आख्यान, नाटक/एकाङ्की चित्रकथा आदि विधाहरूमा आफ्नो आयाम विस्तार गरेको पाइन्छ । यसका साथै बालउपयोगी जीवनी, अनुवाद साहित्यमा पनि बालसाहित्यका हाँगाहरू फैलिएका हुन्छन् ।

बालकविता बालबालिकाका कविता हुन् । बाल कवितामा गेयगुण भएका कविताहरूलाई बालगीत र पाठ्यगुण बढी भएकालाई बालकविता भन्न सकिन्छ ।

बालकथा बालसाहित्यको अर्को विधा हो । कथा सुन्न र पढ्न बालबालिका असाध्यै खुसी हुन्छन् । बालकथाको विषयवस्तु विभिन्न हुन सक्छन् । आयाममा छोटा रहने

बालकथाले बालबालिकाहरूमा कल्पनाशक्ति सिर्जनाशक्तिको विकास गराउँछ । बालकथा लोकगुण बढी भएका सिर्जना गुण बढी भएका गरी दुई थरीका हुन्छन् ।

बाल उपन्यास पनि बालसाहित्यकै हाँगो हो । बालकहरू कथा पढ्न रूचाउने हुनाले बाल उपन्यास पनि बाल रुचिकर नै हुन्छ । उपन्यास नै भनिए पनि बाल उपन्यास कथाको भाषाभन्दा लामो र कुनै विषयमा केही विस्तृत जानकारी दिने लामो कथा हो ।

बाल एकाङ्की/नाटक पनि बालसाहित्यको अर्को विधा हो । बालबालिकाहरू अनुकरणशील हुने हुनाले बालनाटकको माध्यमबाट उनीहरूमा राम्रा कुराहरूको अनुकरण गर्ने बानीको विकास गर्न सकिन्छ । यो अभिनयप्रधान र मञ्चनीय विधा पनि हो ।

बालसाहित्यको अर्को विधा निवन्ध पनि हो । निवन्ध तर्क र विचारप्रधान विधा हो । बाल निवन्धको माध्यमबाट बालबालिकाको अभिव्यक्ति कुशलतामा वृद्धि हुन सक्दछ ।

चित्रकथा पनि बालसाहित्यको अर्को विधा हो । चित्रहरूको प्रधानता हुने र त्यसैअनुसारको कथा रहने बालविधा नै चित्रकथा हो । यसबाट बालकहरूले दृश्य र पाठ्य दुवै विषयवस्तुको आनन्द लिन सक्छन् ।

अनुवाद साहित्यलाई पनि बालसाहित्यको अर्को हाँगो मान्न सकिन्छ । विश्वका विभिन्न भाषामा लेखिएका बालसाहित्यका कृतिहरूलाई बालबालिकाको भाषामा अनुवाद गरिएको साहित्य नै अनुवाद साहित्य हो ।

### ३.७ बालसाहित्यको उद्देश्य

सामान्य अर्थमा भन्दा बालसाहित्यको उद्देश्य बाल हित गर्नु हो तापनि बालबालिकाहरूका लागि विभिन्न विषयको जानकारी दिँदै तिनीहरूलाई सक्षम र जागरूक बनाउनु, मनोरञ्जन प्रदान गर्नु नै बालसाहित्यका प्रमुख उद्देश्य हुन् । बालसाहित्यको अध्ययनले बालबालिकामा लुकेर रहेका अनगिन्ती प्रतिभाहरूले प्रष्फुटन हुने मौका पाउँछन् । केटाकेटी हेरेर अध्ययन गरेर, सिकाइमा विस्तार गर्दछन् । त्यसबाट धेरै कुरा ग्रहण पनि गर्दछन् । त्यसैले प्रतिभा प्रष्फुटन गराउनु पनि बालसाहित्यको उद्देश्य हो । साहित्यमा सकरात्मक भाव जगाउने किसिमका विषयवस्तु समावेश गरिनु पर्छ जसबाट केटाकेटीमा सकारात्मक सोचको विकास हुन जान्छ । नयाँ र सत्य तथ्य तथा बाल मनोविज्ञानमा छिट्टै

प्रभाव पार्ने विषयवस्तु भएमा बालकमा उत्सुकता पैदा हुनुका साथै तर्क शक्ति, विचार शक्ति पनि बढेर जान्छ । कौतुहलता मेटाउन भए पनि पढ्ने बानीको विकास हुन्छ । शब्द भण्डार फराकिलो हुन्छ । यिनै यावत कुराहरू बालसाहित्यको उद्देश्य भित्र पर्दछन् । "बालसाहित्यले बालहित विरूद्धका कुराहरूलाई निरूत्साहित पार्ने उद्देश्य समेत राखेको पाइन्छ । बालसाहित्यको रचनाको उद्देश्य त्यस्तै बालहित विरूद्ध खडा भएका संरचनालाई ध्वस्त पार्नु पनि हो" (शान्तदास २०५९:४१) ।

## ३.८ निष्कर्ष

बालकहरूका लागि तिनीहरूको रुचि र आवश्यकतालाई हेरेर लेखिने बालसाहित्यको आफ्नो क्षेत्र, महत्त्व र प्रयोजन छ । यसका पनि आफ्नै विशेषताहरू छन् र आफ्नै विधागत प्रकारहरू छन् । बालसाहित्यको विशिष्ट उद्देश्य पनि हुन्छ । त्यति भएर पनि बालसाहित्यको सम्बन्धमा त्यति चर्चा भएको पाइँदैनन् । बालसाहित्यका बारेमा प्रसिद्ध भारतीय लेखिका मनोरमा जफाको यस भनाइसँग सहमत हुनैपर्ने देखिन्छ । "लेखनका अन्य क्षेत्रहरू झैँ बालसाहित्य आफ्नै किसिमका विशेषता र चुनौती भएको क्षेत्र हो । लोककथाहरू र शास्त्रीय कथाहरूको पुनर्लेखन गर्नु सजिलो छ तर बालबालिकाको लागि मौलिक सिर्जना गर्नु चाहिँ अन्य सिजृनात्मक लेखन झैँ कठिन छ ।" बाल पुस्तकका लेखकहरूले एकातिर आफ्ना बालपाठकहरूको पढ्ने र बुझ्ने सीमित क्षमताको दायराभित्र रहेर लेख्नुपर्ने हुन्छ भने अर्कातिर कतिपय विषय र सामग्री उनीहरूलाई दिन नहुने तथ्यप्रति पनि सचेत हुनुपर्ने हुन्छ । बालसाहित्य एक विशेष क्षेत्र भएकाले यसको लेखनमा वयस्कहरूका लागि लेखिने साहित्यभन्दा बढी ध्यान र प्रयासको आवश्यकता पर्दछ" (प्रधान २०५९:१०) ।

# परिच्छेद : चार

## मुक्तिनाथ शर्मा नेउपानेको बालकथाको अध्ययन

### ४.१ विषय परिचय

बाल र कथा दुईवटा छुट्टाछुट्टै शब्दको मेलबाट बाल कथा शब्दको निर्माण भएको देखिन्छ । बाल शब्दको अर्थ केटाकेटी भन्ने बुझिन्छ भने कथा भन्नाले केही कुरा कहनु वा कथेर बताउनु भन्ने बुझिन्छ । बालबालिकाको निम्ति उनीहरूको उमेर, रुचि र चाहनालाई ध्यानमा राखेर मनोरञ्जनका माध्यमबाट अर्ती उपदेश दिने र चरित्र निर्माणमा सहयोग पुऱ्याउने खालका कथालाई बालकथा भनिन्छ । बालकथाको इतिहास निकै पुरानो रहेको छ। प्राचीनकालदेखि नै मौखिक परम्परामा हुर्केर आएका बालकथाहरू हजुरबुबा, हजुरआमाका मुखारविन्दबाट क्रमशः हस्तान्तरित हुँदै आउँदा लिखित रूप प्राप्त गर्न थालेका छन् ।

मुक्तिनाथ शर्मा नेउपानेले साहित्यका विविध विधामा कलम चलाएका छन् । त्यसमध्ये कथा पनि एक हो । उनको वि.सं.२०५५ मा 'मधुपर्क' पत्रिकामा प्रकाशित 'च्यान्टे दर्जी र गौंथली र हामी' प्रथम कथा हो । शर्माको कथा विधामा पनि खासगरी बालकथा लेखनमा रुचि राखेको पाइन्छ । शर्माका बालकथाहरूमा बालमनोविज्ञान, मनोरञ्जन र उपदेशात्मकता बढी पाइन्छ । उनका कथाहरू प्रायः लघु आकारका र सचित्र छन् । छोटा कथामा पनि धेरै कुरा अटाउन सक्ने क्षमता शर्मामा रहेको छ । उनका प्रकाशित बालकथा सङ्ग्रहमा बब्लु र सुगा, सानी नानी राम्रो बानी, सौगात र हिमचुली, कुसुमको काँकरी, गौंथलीको जाँगर र Grandmother रहेका छन् ।

### ४.२ बालकथाको विषयवस्तु

विचार शून्य अवस्थामा कथाले जीवन पाउन सक्दैन । कथा कथाकारले राखेको उद्देश्यअनुसार अगाडि बढेको हुन्छ । कुनै पनि कथाको विषयवस्तु लेखकले उमेर समूहअनुसार निर्माण गरेको हुन्छ । बालकथाका विषयवस्तु पनि बालसुलभ प्रकृतिका नै हुनुपर्छ । बालकथाकार नेउपानेका बालकथामा विषयवस्तुले पनि बालबालिकालाई सुधारको सङ्केत दिएका छन् । उनका बालकथाले बाल मानसपटलमा नैतिक शिक्षा, अनुशासनका कुरा, समाज परिवार र साथीभाइसँग मिलेर बस्ने तरिका, देशप्रेमको भाव, मनोरञ्जन, कुरीति र अन्धविश्वास विरूद्धको भाव, परोपकारी भाव जगाउन सफल भएको देखिन्छ ।

न्यौपानेका बाल कथामा विषयवस्तुगत विविधता पाइन्छ । उनका कथामा मानव र मानवेतर पात्रका माध्यमबाट दया, माया, दुःख, सुख, उत्पीडन आदि अनेक विषयलाई कथात्मक रूप प्रदान गरिएको छ । यिनलाई यहाँ प्रस्तुत गरिएको छ ।

### ४.२.४.२ बब्लु र सुगा बालकथा सङ्ग्रहका कथाहरूको विषयवस्तु

### ४.२.१ विषयवस्तु

बब्लु र सुगा बालकथासङ्ग्रह वि.सं.२०६६ मा प्रकाशित भएको हो । यो कथासङ्ग्रहभित्र 'बब्लु र सुगा', 'निर्देश र माहुरी', 'बब्लुको बुद्धि', 'कति बाठो बब्लु', 'राम्रा अक्षर', 'रबिन सुध्रियो' जस्ता ६ वटा कथा सङ्गृहित छन् ।

**'बब्लु र सुगा'** शीर्षकको बालकथाले प्राणी मात्रामा दया जगाउन सन्देश प्रदान गरेको छ । यसमा जसरी मानिसको बच्चालाई आफ्नो आमाबुबाको माया चाहिन्छ त्यसैगरी सुगालाई पनि उसका आमा बाबुको माया चाहिन्छ भन्ने देखाइएको छ । कथामा बब्लुको सुगाले भनेको छ "एकजना मानिसले मलाई समातेर ल्यायो । चिरबिरको सट्टा मान्छेको बोली बोल्न लगायो, पिंजडाभित्र राख्यो, भुरूर्र भुरूर्र उड्न पाइन । म रोएँ, कराएँ तर कसैले छाडेन, उसले सिकाएको कुरा बोल्न थालेपछि मलाई तिम्रो घरमा ल्याएर राखे । यहाँ पनि मेरो मर्का बुझ्ने कोही भएन । म आत्तिएँ, खुम्चिएँ, मेरो उड्ने शक्ति घटेर गयो । आज बल्ल तिमीले छाडिदियौ म फूकाफाल भएको छु" (नेउपाने २०६६:२) । यस कथाले बालक र सुगाको स्वतन्त्रताको वकालत गरी नैतिक शिक्षा प्रदान गरेको छ । त्यस्तै 'निर्देश र माहुरी' कथाले माहुरी जस्तै मिलनसार बन्नु पर्ने, अरुलाई विनाकारण चलाउनु जिस्काउनु नहुने अन्यथा निर्देशलाई माहुरीले टोके जस्तै अवस्था हुने बताइएको छ । साथै यस कथामा हावाको महत्त्व र हावाविना प्राणी जगत सम्भव नहुने कुरा सिकाइएको छ । **'बब्लुको बुद्धि'** पनि यस सङ्ग्रहमा सङ्गृहित कथा हो । यस कथामा पहाडी परिवेशको झलको दिइएको छ । नेपाल हिमाल, पहाड, तराई भागमा रहेको कुरा, पहाडी मानव जीवनको चित्रण पनि गरिएको छ । कथामा सहरी बालकभन्दा पहाडी बालक फुर्तिला, सहयोगी र निरोगी हुने कुरा छ । गाउँका गोठ, ठाँटीको महत्त्वदेखि लिएर पानी पर्दा बब्लुको सबैलाई केराको पात ओढाएर घर पुऱ्याएको प्रसङ्ग अति रमाइलो छ । त्यस्तै **'राम्रा अक्षर'** कथामा बालबालिकाहरूलाई राम्रा अक्षर कसरी लेख्ने भन्ने बारेमा सबै अक्षर बराबरका लेख्ने ठूलासाना बनाउने कुरा, मिहिनेत र परिश्रमका बारेमा प्रष्ट पारिएको छ । **'कति बाठो बब्लु'**

पनि यसै सङ्ग्रहको कथा हो । यस कथामा नानीहरूलाई सहयोगी बन्न, मातापिता र गुरुको सेवा गर्न, अशक्त, अनाथको सेवा गर्न, ठूलालाई आदर र सानालाई माया गर्न सिकाइएको छ । वरिपरि पाइने फलफूल र तरकारीको बारेमा जानकारी, जमिन खाली राख्नु नहुने, केही नभए फूल भए पनि रोप्नु पर्ने, फूलको महत्त्व, समाजको महत्त्व र आवश्यकताको बारेमा बताइएको छ । साथै स्वस्तिकको हजुरआमा विरामी पर्दा बब्लुले धामी झाँक्री नलगाई डाक्टरलाई विश्वास गर्न गरेको आग्रह र पुऱ्याएको सहयोग कथा कारूणिक भाव बनेर आएको छ । **'रविन सुध्रियो'** यस सङ्ग्रहको अन्तिम कथा पनि हो । यस कथामा कापी किताबको जतन गर्नुपर्ने, गाता हालेर माया गर्नुपर्ने, आफूले गरेको गल्ती स्वीकार गर्नुपर्ने, किताबमा जथाभावी लेख्न नहुने र साथीलाई माया गर्नुपर्ने कुरा गलत बाटोमा लागेको रविन पात्रलाई सुधार गरेर देखाइएको छ ।

### ४.२.२ 'सानी नानी राम्रो बानी' बाल कथासङ्ग्रहका कथाहरूको विषयवस्तु

यो कथासङ्ग्रह वि.सं.२०६८ मा प्रकाशित भएको हो । यस कथासङ्ग्रहभित्र रमाइलो मामाघर, सम्झने सजिलो तरिका, सृष्टिको पसल, सानी नानी राम्रो बानी, रमेशले थाहा पाए, को छूत को अछूत, इनाका साथी जस्ता सातवटा कथाहरू रहेका छन् । यिनीहरूको समग्र विश्लेषण यसरी गर्न सकिन्छ ।

**'रमाइलो मामाघर'** कथामा मामाघर भन्ने शब्द केटाकेटीको लागि अत्यन्तै प्यारो हुने कुरा दर्शाइएको छ । मामाघर जान केटाकेटी स्कुल विदा कुरेर बस्ने कुरा दसैँमा मामाघर जान अझ मन पराउने कुरादेखि लिएर विभिन्न तरकारी र फलफूलको नाम उत्पादन गर्ने तरिका र ठाउँ, खेतीपाती र पशुपालनका तरिका र जानकारीदेखि लिएर स्थानीय शब्द गामवेशी, दाँई, खलो, मियो, दाम्लो जस्ता शब्दसँग बालबालिकालाई परिचित गराइएको छ । त्यस्तै **'सृष्टिको पसल'** कथाले देशप्रेम, राष्ट्रियताका साथै छोराछोरी दुवैलाई बराबरी गर्नुपर्ने धारणा, व्यापारका कुरा काम सानो ठूलो नहुने, बरु इमान्दारिता र परिश्रम ठूलो हुने सृष्टिको माध्यमबाट देखाइएको छ । **'सानी नानी राम्रो बानी'** कथामा नेपालको भौगोलिक विभाजन, १४ अञ्चल, ७५ जिल्लाका नामको जानकारीदेखि लिएर मन लगाएर पढ्ने, लेख्ने गरे सबैको प्यारो भइने, अभिभावकले सिकाउनु पर्ने ज्ञानगुनका कुरा हजुरआमाका तर्फबाट सिकाइएको छ । सत्य बोल्न, आदर सत्कार गर्न, धर्म संस्कृतिको महत्त्वका कुरा आफ्ना बालबालिकालाई हजुरआमाले सिकाएकी छिन् । नेउपानेको **'को छूत**

**को अछूत'** कथाले जातीय विभेदको अन्त्य गर्न बालबालिकाहरूलाई सन्देश प्रदान गरेको छ । यसमा नानीहरूको उमेरगत रुचि फरक-फरक हुने कुरा छ साथै भगवान मानिसको हृदयमा बस्ने र हरेक जातिका मानिसको हृदयमा हुने कुरा बताइएको छ । सामाजिक, कुरीति र कुसंस्कार विरोधी स्वर गुञ्जिएको यस कथामा सेवा नै धर्म हो भन्दै जातीय एकतामा पनि जोड दिइएको छ । कथामा भनिएको छ - छूत अछूत भन्ने कुरा त अझ साह्रै नराम्रो विषय हो, हामी सबैले यो कुराको विरोध गर्नुपर्छ । हामीले त मान्नै हुँदैन यस्तो गलत र घिनाहा परम्परालाई मान्छे, मान्छे सबै बराबर हुन्" (नेउपाने २०६८) ।

त्यस्तै **'रमेशले थाहा पाए'** कथामा समाजमा मिलेर बस्नु पर्ने कुरामा जोड दिइएको छ । कथामा भएको छलफलबाट मुख्य पात्र रमेशले धेरै कुरा थाहा पाएका छन् । माहुरीको उदाहरण दिँदै मह जम्मा गर्ने तरिका र महको परिभाषा बालबालिकाले बुझ्ने भाषामा यसरी दिइएको छ - "मह फूलहरूमा हुने साना साना कणहरू जम्मा गरेर माहुरीले तयार पारेको गुलियो पदार्थ हो । अघि तिमीले देखेको माहुरी जस्तै हजारौं माहुरी हुन्छन्, तिनीहरूले रस बटुल्छन् र जम्मा गर्छन् । त्यही पदार्थलाई मह भनिन्छ । माहुरीको घरलाई घार भनिन्छ" (नेउपाने : २०६८) । यस कथामा अनुशासनलाई एक किसिमको कानुनको रूपमा दर्शाइएको छ । **'इनाका साथी'** यस सङ्ग्रहको अन्तिम कथा हो । यस कथामा प्राणी पनि मानिसका साथी हुन सक्ने कुरा देखाइएको छ । प्राणी मात्रामा दया गर्नुपर्ने भाव झल्काउँदै पाडापाडी, बाच्छाबाच्छी, पाठापाठी जस्ता शब्दसँग बाल बालिकालाई परिचित गराइएको छ ।

### ४.२.३ सौगात र हिमचुली बालकथा सङ्ग्रहका कथाहरूको विषयवस्तु

यो कथासङ्ग्रह वि.सं.२०६८ मा प्रकाशित भएको हो । यसभित्र ६ वटा कथाहरू रहेका छन् । ती कथाहरूमा पत्रमित्रता, पानी, खोला र समुद्र, बाँदर र सार्क, किन खानुपर्छ खाना, फेसबुकले बनाएका साथी र सौगात र हिमचुली हुन् ।

**'पत्रमित्रता'** यसै सङ्ग्रहको पहिलो कथा हो । यस कथामा पत्रमार्फत मित्रता गाँस्ने कुरा सिकाइएको छ । विभिन्न पत्रिकामा आएका बालबालिकासँग मित्रताको हात बढाउँदा । धेरै कुराको जानकारी प्राप्त हुने कुरा यस कथामा छ । यो विशुद्ध मनोरञ्जनात्मक कथा हो । **'पानी खोला र समुद्र'** कथामा पानीको महत्त्व, प्रयोगमा गर्नुपर्ने जतन, पानीका विभिन्न रूप ठोस, तरल र ग्याँस हुने कुरा बताइएको छ । पानीको उपयोग र उपभोगको तरिका

सिकाइएको छ । **'फेसबुकले बनाएका साथी'** यसै सङ्ग्रहको कथा हो । यस कथामा १६ औं शताब्दीदेखि २१ औं शताब्दीसम्मका कुरा समावेश भएको छ । यस कथामा हामी नेपाली आफ्नो रीतिरिवाज, संस्कार, भाषा, संस्कृति जोगाउँदै आधुनिकतातर्फ प्रवेश गर्नुपर्ने कुरा बताइएको छ । त्यस्तै **'सौगात र हिमचुली'** कथामा बालबालिकाको निश्छल प्रकृतिप्रेम झल्किएको छ । अभिभावकले प्रकृतिका नियमका बारेमा सही ज्ञान दिनु आवश्यक हुन्छ । कथाको पात्र सौगात हिमाल, पहाड, वनपाखासँग रमाउने पात्र हो । सौगातको प्रकृतिप्रेमलाई उसका अभिभावकले अझ प्रष्ट पारेर साथ दिएका छन् । प्रकृतिको नियमका कारण दिन रात हुने, जाडो गर्मी हुने जस्ता कुरा परिवारका सदस्यले सौगातलाई बताएका छन् । त्यसैगरी बाँदर र सार्क कथाले बलभन्दा बुद्धि ठूलो हुन्छ भन्ने कुराको पुष्टि गर्न खोजेको छ । आजको दुनियाँमा मानिस मात्र नभएर अन्य प्राणी पनि स्वार्थी बन्दै गएको कुरा चतुरे बाँदरका माध्यमबाट देखाइएको छ । **'किन खानुपर्छ खाना'** यस सङ्ग्रहको ज्ञानवर्द्धन कथा पनि हो । यस कथामा बालबालिकाको लागि चाहिने पोषणका कुरा, कस्ता खानामा कुन भिटामिन पाइन्छ, खनिज र चिल्लो पदार्थ के मा पाइन्छ भन्ने कुरा सजिलै बुझ्न सकिन्छ । कथामा डाक्टरको माध्यमबाट सबै कुरा राम्रोसँग सम्झाएर भनेका छन् - "भोक मेटाउन मात्र होइन, हामीलाई बलियो र ठूलो बन्न पनि खाना खानुपर्छ, भोक लाग्नु भनेको हाम्रो शरीरले केही चाहियो भनेको हो । उसले भनेको नमाने हामी कमजोर हुन्छौं, उठ्न र हिँड्न सक्दैनौं । त्यसैले हामीले खाना खानु परेको हो" (नेउपाने २०६८:१७) । यस कथामा प्रकृति प्रेम पनि छ । बालबालिका प्रकृतिप्रेमी हुने र प्रकृतिका हरेक चिजहरूलाई आफ्नै ठान्ने स्वभावको चित्रण गरिएको छ । प्रकृतिको नियमानुसार पृथ्वीमा कहिले घाम लाग्ने, कहिले बादल, कहिले पानी पर्छ त कहिले जाडो, गर्मी हुन्छ । यस्ता कुरा किन र कसरी हुन्छ अनि मानवीय जीवनमा कस्तो असर पार्छ भन्ने कुराको चित्रण यस कथामा गरिएको छ ।

### ४.२.४ कुसुमको काँकरी कथा सङ्ग्रहका कथाहरूको विषयवस्तु

यो कथासङ्ग्रह वि.सं.२०६९ मा प्रकाशित भएको हो । यस सङ्ग्रहभित्र रहेका कथाबाट बालबालिकाले प्रशस्त मनोरञ्जन लिनुका साथै अनेकौं जिज्ञासाको समाधान पनि पाउँछन् । प्रस्तुत सङ्ग्रहमा विभिन्न शीर्षकका ६ वटा कथा रहेका छन् । ती हुन् : पैसा

खुत्रुकेमा होइन बैंकमा राख्नुपर्छ, रूख र हामी, अनुष्काको भान्छा, कुसुमको काँकरी, दियो यसरी बल्छ र काको भनाइ ।

**'पैसा खुत्रुकेमा होइन बैंकमा राख्नुपर्छ'** कथामा बालबालिकालाई खुत्रुकेले बचत गर्ने बानीको विकास गराए पनि नोटको आयु छोट्याउने कुरा बताइएको छ । यसो भन्देमा फेरि बालकलाई खुत्रुके बचतमा निरूत्साहित पार्न खोजेको भने पटक्कै होइन बर खुत्रुके भरिएपछि बैंकमा लगेर जम्मा गर्नुपर्छ भन्ने सन्देश दिइएको छ । त्यस्तै **'रूख र हामी'** कथामा बालबालिकालाई रूखको महत्त्व र संरक्षणको बारेमा जानकारी गराउँदै, रूख र मान्छेको सम्बन्धको बारेमा समेत बताइएको छ । **'अनुष्काको भान्छा'** पनि यसै सङ्ग्रहअन्तर्गतको ज्ञानवर्द्धक कथा हो । यस कथामा बालबालिकालाई पढाइको अलावा भान्छाका काममा पनि सरिक गराउनुपर्छ र यसरी काम गराउँदा उनीहरूलाई खुसी बनाएर हौसला प्रदान गर्दै जानु पर्ने कुरा पनि कथामा रहेको छ । त्यस्तै **'कुसुमको काँकरी'** पनि यस कथासङ्ग्रहको उत्कृष्ट बालकथा हो । यस कथामा आमाले छोरी कुसुमलाई खेतबारीमा अन्न फलाउने तरिका, तरकारी र फलफूल फलाउने तरिका र यसलाई गर्नुपर्ने मिहिनेत र परिश्रमका कुराहरू बारीमा लगेर देखाउँदै व्यवहारिक तवरले ज्ञान दिएको कुराको चित्रण गरिएको छ । यसै क्रममा फलेको काँकरी देखाउँदै आमाले भन्नु भएको छ - "काँकरी को बियाँलाई जमिनमा घुसार र हरेक दिन पानी हालेपछि काँकरी उम्रन्छ । यसलाई पानी दिँदै जानुपर्छ अनि झार आयो भने त्यो उखेलेर फाल्नुपर्छ । कहिलेकाहीँ मल पनि दिनुपर्छ अनि काँकरी फल्छ" (नेउपाने २०६३:२३) ।

**'दियो यसरी बल्छ'** यसै कथासङ्ग्रहअन्तर्गतको ज्ञानवर्द्धक र कौतुहलता मेटाउने कथा हो । यस कथामा दियो बाल्दा चाहिने सामानको बारेमा बालबालिकालाई जानकारी गराइएको छ । कपासबाट बनाएको बत्ती तेलमा भिजाएर तामाको पालामा राखेर बालेको हेरिरहेका कथाका पात्र कियोशी हुन् । कियोशीले बुझेका कुरालाई कथामा यसरी व्यक्त गरिएको छ - "बत्ती बल्दै तेल घट्दै गएको कुरा बुझे कियोशीले । धेरै बेरपछि तेल सकियो । बत्ती ओभानु भयो र निभ्यो पनि । यसबाट कियोशीलाई ज्ञान भयो बत्तीले तेल खाँदै बल्ने रहेछ । तेलविना दियोको बत्ती नबल्ने रहेछ" (नेउपाने २०६९) । यसबाट बालबालिकाले बत्ती बाल्नको लागि तेल आगो दियो र बत्ती चाहिने रहेछ भन्ने कुरा सजिलै बुझ्न सक्छन् । बालबालिकाले स्वतन्त्र रूपमा बुझ्न र गर्न पाएमा कसैले नबताईकन आफैँ

यस्ता नयाँ कुरा धेरै बुझ्न र पत्ता लगाउन सक्छन् भन्ने सन्देश 'दियो यसरी बल्छ' कथाले दिएको छ । यस बालकथा सङ्ग्रहको अन्तिम कथा **'काकाको भनाइ'** हो । यो कथा पनि बाल जिज्ञासा मेटाउन नै लागि परेको छ । यस कथामा बिजुली भनेको के हो ? कसरी बन्छ र बल्छ ? भन्ने कुराको बारेमा काकाको माध्यमबाट बताउन खोजिएको हो । यसका अलावा कथामा बालबालिकालाई आफ्नो काम समयमा नै सक्नुपर्ने, भोलि, पर्सि कुर्नु नहुने कुरा पनि सिकाइएको छ । त्यस्तै बालकहरू जिज्ञासु हुन्छ र अभिभावकले झर्को नमानी जानेका कुरा बताई दिनुपर्ने, केटाकेटीको चित्त दुख्ने र बेखुसी हुने कार्य गर्न नहुने कुरा पनि कथामा राम्रोसँग काकाको माध्यमबाट बताइएको छ ।

### ४.२.५ गौँथलीको जाँगर कथासङ्ग्रहका कथाहरूको विषयवस्तु

यो वि.सं.२०७२ मा प्रकाशित सचित्र बालकथासङ्ग्रह हो । यस कथामा मुसोको विजय, गौँथलीको जाँगर, असल बानी, छुवाछूतको अन्त्य, मातली र गुनकेसी गरी पाँचवटा कथाहरू सङ्ग्रहित छन् । तिनीहरूको समग्र विश्लेषण यसरी गर्न सकिन्छ :

यस बालकथासङ्ग्रहको पहिलो कथा **'मुसोको विजय'** हो । यस कथाले एकता नै बल हो भन्ने सन्देश प्रदान गरेको छ । कथाका मुख्य पात्र काव्य र धैर्यलाई वृद्ध पात्र हजुरआमाले यो कथा सुनाएकी छिन् । यस कथामा गाउँघरमा राती सुत्ने बेलामा हजुरबुबा, हजुरआमाले आफ्ना नातीनातिनालाई अगेनाको छेउमा राखेर अथवा ओछ्यानमा सिरकले तताएर बालकथा सुनाउँदै सुताउने कुराको झझल्को पनि यस कथामा पाइन्छ । कथामा सर्पबाट पीडित मुसाहरूले जुक्ति र बुद्धि लगाएर सबैजना मिलेर सर्पलाई टोकी टोकी मारेको घटना छ । सधैँ आफ्ना बच्चा खाएर हैरान पारेको सर्पदेखि दिक्क मुसाहरूको आपसी मेलबाट सर्प मार्ने योजना सफल भएको छ । कथामा मानवेतर प्राणी मुसोलाई मानवीकरण गरिएको छ । मुसाले भनेको छ - "आदरणीय साथीहरू ! अब हामीले यो भूमिभित्र यस्ता दुला बनाऔं कि जुन माकुराको जालो जस्तै एकतिरबाट छिरेर अर्कोतिरबाट घुमीफिरी निस्कन मिल्ने धेरैतिर पुगेको र लुक्ने ठाउँ समेत भएको होस् । जब सर्प हामीलाई खोज्दै मुख्य दुलोबाट भित्र पस्छ, हामी उसको पुच्छरभन्दा अलिमाथि ढाडतिर टोक्न थालौं । हामीले बनाएको घुमाउरे दुलोबाट त्यसले मुख यताउता फर्काउन सक्दैन । हामी दुलैपिच्छेबाट उसलाई टोक्दै लुक्दै गर्न सक्छौं" (नेउपाने २०७२, ५) । कथामा मुसाको बुद्धिमान काम देखेर चराहरू पनि खुसी भएका र आफू र आफ्ना बच्चा सुरक्षित रहेको

महसुस गरेका छन् । कथाबाट सबैजना मिलेर गरे असम्भव भन्ने वस्तु प्रायः हुँदैन भन्ने सन्देश बालबालिकालाई जान्छ । **'गौंथलीको जाँगर'** प्राकृतिक विपत्तिले निम्त्याएको दुघर्टनाको परिणामको कथा हो । वि.सं.२०७२ वैशाख १२ को विनाशकारी भुकम्पले मानव जगत्मा मात्र नभई प्राणी जीवजगतमा पनि घरवास उठाएको थियो । त्यसै क्रममा धैर्य र प्रयुष पात्रको घरमा गुँड बनाइबसेका गौंथलीको पनि घर भत्केको र केही दिनमै उनीहरू घटनाबाट विचलित नभई आफ्ना घर तयार पार्नतिर लागेको र तयार पारेको प्रसङ्ग कथामा छ । कसैको मुख नताकी गौंथलीले घर बनाए तर मानिस राहतको पखाई बसिरहेको घटना कथामा छ । धैर्यले गौंथलीको दुःख देखेर अलिकति माटो मुछेर पिँढीमा राखी दिँदा पनि गौंथलीले उसको सहयोग नलिएको कुरा कथामा छ । साथै कथामा धैर्यले प्रयुषलाई भनेका छन् - "नआत्तिइकन काम गरे छिट्टै सफलता पाइने रहेछ । कोही आउँला र सहयोग पाइएला भनेर पर्ख नै नपर्ने । इ, हेर त प्रयुष गौंथलीले कति छिट्टै आफ्नो घर बनाए । हाम्रो बाआमा भने राहत आउँला कि भनेर पर्खिनुहुन्छ । मलाई त मान्छेभन्दा गौंथली पो जाँगरिला र स्वाभिमानी लाग्यो प्रयुष" (नेउपाने २०७२:७) । **'असल बानी'** कथामा बालबालिकालाई समाज र सामाजिक कामको बारेमा जानकारी गराइएको छ । कथाका पात्र हेरम्भ आमासँग स्कुल जाँदै गर्दा बाटो बनाएको देखेर अचम्म मान्दै सोधेको विषय कथामा छ । आमाले बाटोघाटो, धारा, पधेँरा सधैँ सफा राख्नु पर्ने कुरा बताएकी छिन् । त्यस्तै समाज र सामाजिक कामको बारेमा स्पष्ट पार्दै कथामा भनिएको छ - "धेरै थरी साथीहरू मिलेर बसेको समूह समाज हो । समाजमा बस्नेहरू मिलिजुली काम गर्छन्, एकले अर्कालाई सहयोग गर्छन् । वनमा रमाउने जीवजन्तु र पशुपंन्छी त एक्लै बस्दैनन्, आपसमा मिलेर बस्छन् । आफ्नो परिवारका बाबा, आमा, दाई, दिदी, बहिनीहरूसँगै बस्छन् भने यसलाई परिवार भनिन्छ । हो, यसरी नै मिलेका परिवारहरूको साझा नामलाई समाज भनिन्छ । यही समाजको फाइदाको लागि गरिने कामलाई सामाजिक काम भनिन्छ । बाटो, पुल, विद्यालय, पाटी, पौवा, पानी, पधेँरा बनाउनु, ढल निकासको व्यवस्था मिलाउनु, मर्मत सम्भार गर्नु जस्ता सबै काम सामाजिक काम हुन्" (नेउपाने २०७२:१०) ।

**'छुवाछुतको अन्त्य'** यसै कथासङ्ग्रहको चौँथो कथा हो । यस कथामा जातीय समानताका कुरा उठाइएको छ । कथाका पात्र सौम्य र दीर्घ मिल्ने साथी भए पनि जातीय कारणले दीर्घलाई सौम्यको परिवारले भित्र पस्न नदिएको प्रसङ्ग कथामा मार्मिक ढङ्गमा उठाइएको छ । कथामा भनिएको छ "दीर्घ सार्कीका छोरा हुन् सार्की भनेको सानो जात हो

तिमी बाहुनका छोरा हौ । बाहुन भनेको ठूलो जात हो । हाम्रो समाजमा बाहुन/क्षेत्री जस्ता केही ठूला जात र सार्की, दमाई, कामी आदि जस्ता केही साना जात छन् । साना जातकासँग ठूला जातका मानिसले सँगै खानपिन र उठबस गर्नु हुँदैन" (नेउपाने, २०७२, १२) । यस भनाइलाई चिर्दै सौम्यले आफू र दीर्घ छात्रावासमा सँगै खाने बस्ने गरेका कुरा बताएको र छुवाछूत गलत धारणा भएको, मानिस सबै समान हुने विचार व्यक्त गरेपछि सबैले हो मा हो मिलाउँदै भनेका छन् - "यो सानो ठूलो जात भन्नु ठूलाजातले साना जातलाई अपमान गर्न चलाएको चलन मात्र हो" (नेउपाने, २०७२, १३) यस कथाले छुवाछूत जस्तो प्रथाको अन्त्य गरेको छ । **'मातली र गुनकेसी'** कथाले २०७२ वैशाख १२ को विनाशकारी भुकम्पपछिको मानव जगतको स्थितिको चित्रण गरेको छ । भुकम्पछि भत्केका घर, विद्यालय, मठमन्दिर, बेपत्ता मानिस र तिनका आफन्तको अवस्था लगायत गर्नुपर्ने मानवीय सहयोगको बारेमा कथामा बताइएको छ । विपत्ति परेका बेला हरेकले आफूले सक्दो सहयोग गर्नुपर्ने कुरा मातली र गुनकेसी पात्रका माध्यमबाट देखाइएको छ । यसरी न्यौपानेका कथामा विषयगत विविधताका माध्यमबाट विशेष गरेर सामाजिक पक्षका अनेक विषयलाई प्रस्तुत गरिएको छ ।

### ४.३ चरित्र चित्रण

बालकथामा कथानकलाई अगाडि बढाउन पात्रहरू रहेका हुन्छन् । स्रष्टाले मानवीय र मानवेतर दुवै थरीका पात्रहरूको प्रयोग गरेको हुन सक्छ र मानवेतर पात्रहरूलाई पनि मानवीकरण गरेर मानव भाषा बोल्न लगाएको हुन सक्छ । पात्रहरू पनि विभिन्न किसिमका, विभिन्न चरित्रका र विभिन्न पृष्ठभूमिका हुन्छन् तर पात्रहरूको चरित्र बाल सुलभ र बोधगम्य हुनु आवश्यक हुन्छ । तिनले बालबालिकाहरूमा सकारात्मक मनोवैज्ञानिक प्रभाव पार्ने गरी सत्य वा असल चरित्रको विजय र खराब चरित्रको पराजय देखाउनु पनि आवश्यक हुन्छ ।

नेउपानेका बाल कथाहरूमा बालपात्रको प्रयोग अन्य पात्रको तुलनामा धेरै भेटिन्छ । त्यस्तै मानवेतर पात्रको प्रयोग पनि उनका कथाहरूमा रोचक ढङ्गमा गरिएको छ । कथाको घटनाक्रमलाई अगाडि बढाउन यस्ता पात्रले सघाएका पनि छन् । कथामा प्रयोग भएका मानवेतर पात्रहरूमा मुसो, गौंथली, सुगा, मने पाठो, माहुरी, विरालो, बाँदर, बाछाबाछी, पाडापाडी आदि रहेका छन् भने मानवीय बाल पात्रहमा बब्लु, रमेश, रबिन, धैर्य, सौम्य,

हेरम्भ, सृष्टि, अनुष्का, निर्देश, इना, कुसुम, सौगात, मातली, गुनकेसी, काव्या, श्याम, राम, दीर्घ, आदि रहेका छन् । अन्य पात्रहरूमा, आमा, हजुरआमा, हजुरबुबा, बुबा, काका, प्रधानाध्यापक आदि आएका छन् । नेउपानको सबै कथामा परिवेश सुहाउँदो विषयवस्तु र विषयवस्तु सुहाउँदो पात्रको छनोट र प्रयोग गरिएको छ । उनका कथाका पात्रमा असल चरित्र भएका पात्रको जित खराब चरित्र भएका पात्रको हार देखाइएको छ । जसले बालबालिकाहरूमा असल व्यवहारद्वारा सबैको जित हुने कुराको ज्ञान हुन्छ । फलस्वरूपः बालबालिकामा सही सन्देश र सकारात्मक प्रभाव पार्दछ ।

शर्माका बालकथाका चरित्रले देशभक्ति, सामाजिक, जनजीवन, अनुशासन, नैतिक आचरण, कुरीति र कुसंस्कार हटाउने विचारदेखि लिएर देशलाई विभिन्न क्षेत्र, अञ्चल र जिल्लामा विभाजन गर्नुको कारण, परिणाम, अक्षर राम्रो बनाउने तरिका सबैसँग मिलेर बस्नुपर्ने झगडा गर्न नहुनेसम्मका कुराहरू सिकाएका छन् । खराब चरित्रका पात्रलाई सुधार्न कथामा असल पात्रको सेरोफेरोमा राखी सुधारिएको सन्देश पनि दिइएको छ । साथै प्रकृति विपत्तिबाट जोगिन अपनाउनु पर्ने तरिकाका बारेमा पनि शर्माका बालकथाका पात्रले राम्रोसँग सिकाएका छन् । केही विशेष पात्रहरू चरित्र चित्रण यसरी गर्न सकिन्छ :

**बब्लु**

बब्लु 'बब्लुको बुद्धि' कथाको प्रमुख पात्र हो । ऊ निकै बाठो र बुद्धिमान पहाडी केटो पनि हो । स्कुलबाट फर्कंदा परेको मुसलधारे पानीबाट आफू बच्न र साथीहरूलाई बचाउन उसले केराको पात ओढ्ने जुक्ति लगाएको छ र सफल भई घरसम्म पुगेको प्रसङ्ग कथामा निकै मर्मस्पर्शी ढङ्गमा आएको छ ।

**सृष्टि**

सृष्टि 'सृष्टिको पसल' कथाकी सफल र व्यवहारिक बाल पात्र हो । ऊ दिउँसो स्कुल जान्छे र विहान बेलुका फुर्सदको समयमा आमालाई सघाउँछे । ऊ निम्न वर्गीय पात्र हो जसको सानो पसल छ । उसलाई आफ्नो पसल सानो भएकोमा खिन्नता छैन, बरु परिश्रम र इमान्दारितालाई ठूलो ठान्दछे र मानिसहरूलाई सानोतिनो व्यवसाय गरेर भए पनि स्वदेशमै बस्न आग्रह गर्दछे । ऊ राष्ट्रवादी बालपात्रको रूपमा पनि अगाडि आएकी छ ।

**हजुरआमा**

'सानी नानी राम्रो बानी' कथाकी वृद्ध पात्र हुन् । उनले आफ्ना नानीहरूलाई असल बाटोमा लाग्न प्रेरणा प्रदान गरेकी छन् । मन लगाएर पढ्ने, लेख्ने, सत्य बोल्न, ठूलालाई आदर गर्न, सानालाई माया गर्नदेखि लिएर नानीलाई अनुशासित बनाउन धर्म र ईश्वरप्रति आस्था पनि जगाएकी छन् । कथामा उनी असल हजुरआमा बनेर प्रस्तुत भएकी छन् ।

**कुसुम**

'कुसुमका काँकरी' कथाकी बाल पात्र हो । जो जिज्ञासु पनि छ । काँकरी फल्ने तरिकाको बारेमा आमासँग सोधेर लाखौं बालबालिकाको कौतुहलता मेटाएकी छ । त्यस्तै अन्न, तरकारी, फलफूल फलाउन गर्नुपर्ने मिहिनेतको बारेमा आफू समेत खटेर बालबालिकालाई कुसुमको काँकरी कथा मार्फत सिकाइएकी छ ।

**सौम्य**

'छुवाछूतको अन्त्य' कथाको असल, मिलनसार र प्रगतिवादी विचारधाराको बाल पात्र हो । जसले छुवाछूत जस्तो प्रथाको विरोध र अन्त्य पनि गरेको छ । ऊ साहसी र बहादुर पात्र पनि हो, उसले हजुरबुबा लगायत गाउँका पुरातनवादी सोचका मानिसको विचार बदलेर गाउँबाटै छुवाछूतको सदाका लागि अन्त्य गरेको छ ।

**अनुष्का**

'अनुष्काको भान्छा' कथाकी मुख्य पात्र हो । उसले बालबालिकालाई पढाइका अलावा घरको काम पनि जान्नु पर्ने सन्देश दिएकी छ । अनुष्का पढाइमा अब्बल त छँदैछ ऊ घरको काममा पनि अब्बल नै छ । उसले साह्रै मीठो खाना बनाउनुको साथै खेतबारीमा र घरको अरु धन्दामा पनि आमालाई सघाउँछे । ऊ व्यवहारिक र परिश्रमी पात्र पनि हो ।

**मातली र गुनकेसी**

यी पात्र 'मातली र गुनकेसी' कथाका हुन् । संयुक्त रूपमा आएका यी पात्रको विचार धारणा उस्तै छ र दुवै एउटै कक्षाका विद्यार्थी पनि हुन् । भुकम्पले निम्त्याएको विपत्तिमा दुवैले सबैलाई वैचारिक र आफूले सक्दो व्यवहारिक सहयोग गरेका छन् । साथै फेरि यस्तै

विपत्ति दोहोरिँदा अपनाउनु पर्ने सजकताको बारेमा स्कुलमा पाएको ज्ञान गाउँमा सबैलाई बाँड्दै र सिकाउँदै हिँडेका छन् । यी सहयोगी र मिलनसार पात्र पनि हुन् ।

**आमा**

'असल बानी' कथाकी पात्र हुन् । उनी हेरम्भकी आमा बनेर कथामा आएकी छन् । समाज र सामाजिक कामका बारेमा बालबालिकाले बुझ्ने भाषामा राम्रोसँग सिकाएकी पनि छन् । उनी बाल जिज्ञासामा झर्को होइन खुसी व्यक्त गर्ने असल आमा पनि हुन् ।

**मुसो**

'मुसोको विजय' कथाको मानवेतर चरित्र हो । कथामा मुसाले एकता नै बल भएको कुरा प्रष्ट पारेको छ । जुक्ति र बुद्धि लगाएर आफ्ना साथीहरूको सहयोग लिएर उसले आफ्नो शत्रु सर्पको नाश गरेको छ । मुसो सफल र बहादुर पात्र पनि हो ।

**सुगा**

'बब्लु र सुगा' कथाको पीडित मानवेतर पात्र हो । ऊ स्वतन्त्रता चाहन्छ तर मानिसले उसलाई पिंजडामा बन्द गरेर राखेको छ । पिंजडा मुक्त हुन धेरैसँग अनुनय विनय गरेको पनि छ । पछि मुक्त भएको पनि छ । ऊ आफ्नै स्वतन्त्र संसारमा रमाउन चाहने तर पीडित, अधिकार खोसिएको, जिजिविषा हराएको निरीह पात्र हो । पछि फुकाफाल भएको छ ।

**४.४ भाषाशैली**

भाषाशैली बालकथाको महत्त्वपूर्ण अङ्ग हो । साहित्य भाषाको माध्यमबाट अभिव्यक्त हुने कला भएको र बालकथा पनि बालसाहित्यकै महत्त्वपूर्ण हाँगो भएकोले यसको प्रस्तुति पनि भाषाको माध्यमबाट हुन्छ तर बालकथामा प्रयुक्त भाषा अत्यन्त सरल, सरस, बालसुलभ र आकर्षक हुनुपर्दछ । तैपनि उमेर समूहको भिन्नताका आधारमा भाषिक स्तरमा पनि विभिन्नता हुन सक्छ । सकेसम्म पात्र अनुकूलको भाषा र कथ्यभाषाको प्रयोग गर्दा कृति बढी प्रभावकारी हुन्छ ।

मुक्तिनाथ शर्मा नेउपानेका बालकथाको भाषाशैली निकै सरल छ । उमेर समूह अनुसारका बोधगम्य भाषाको छनोट गरिएको छ । बालकथाको शीर्षक र विषयवस्तुका बीच अत्यन्त तालमेल मिलेको पाइन्छ । कथावस्तु र भाषा सुहाउँदा बालपात्र र अन्य पात्रको छनोट र बालशब्दले कथामा सुनमा सुगन्ध थपेको छन् । बालकथाको सृजना गर्दा बालकको उमेरको हद, ग्रहणशीलता, मनावैज्ञानिक विकास जस्ता कुरालाई ध्यान दिइएको छ । विद्यालय स्तरका बालबालिकाको मानसिक अवस्था र बौद्धिकतालाई दृष्टि दिँदै बालकले आत्मसाथ गर्न सक्ने विषयभाव कलाशिल्प र प्रस्तुतीकरणको आधारमा कथाको सृजना गरेका छन् । विषयस्रोतका रूपमा वैज्ञानिक र सामाजिक पक्षलाई अगाडि सारेका छन् । लोक प्रचलित र कथ्य भाषाका ज्यादा प्रयोग गरिएका नेउपानेका बालकथाहरू व्यवहारिक जीवन उपयोगी र सन्देशमूलक पनि छन् ।

नेउपानेका लेखन शैलीलाई औंल्याउँदा उनको 'मुसोको विजय' कथाको सुरुवात यसरी गरिएको छ - "एउटा बाक्लो वन थियो । वनको विचमा ठूलो रूख थियो । त्यसमा धेरै चराहरूले गुँड बनाएका थिए" (नेउपाने २०७२, १) यो कथाको सुरु विशुद्ध बाल लक्षित ढङ्गबाट भएको छ ।

त्यस्तै असल बानीको कथा मध्य भागमा भनिएको छ - "हुन त हामीले आफू हिँड्ने बाटो सधैँ सफा र दुरूस्त राख्नुपर्छ । यो हाम्रो संस्कार र सभ्यता हो अनि पहिलेदेखिको चलन पनि" (नेउपाने २०७२, ८) । यी लाइनले बालबालिकालाई बाटोघाटो सदा सफा र दुरूस्त राख्नु पर्ने बाटोमा फोहोर फाल्नु नुहने कुरा संस्कार र सभ्यतासँग जोडेर कति सरल भाषामा बताइएको छ । नबुझ्ने, अर्थ लगाउन पर्ने र घुमाउरो भाषा कहीँ कतै छैन । त्यसैगरी मातली र गुनकेसी कथाको अन्त्य भागमा भनिएको छ - "छोरीहरूले राम्रो काम गरेर स्याबासी र बधाई पाउँदा भुकम्पमा जहाँपाइ नहिँड भनेर कराउने आमाबा पनि मख्ख पर्नु भो" (नेउपाने २०७२, १६) । यी हरफले पनि भाषाशैलीको सरलतामा कुनै कसुर बाँकी राखेका छैनन् ।

यस्तै सरल भाषामा नेउपानेले अनुशासन, नैतिक, आचरण, आदर सत्कार, मान, सम्मानका विषय, पढाइका मिहिनेत र परिश्रमका कुराका साथै समाजमा गर्नुपर्ने कर्तव्यका कुरा समेत बालकथामा प्रस्तुत गरेका छन् । हरेक कथामा विषयवस्तु सुहाउँदा चित्र राख्नु

पनि शर्माको एउटा कला हो । जसले थप मनोरञ्जनका साथै चित्रबाट पनि बालबालिका धेरै कुरा सिक्न सक्छन् ।

### ४.५ परिवेश

#### नेउपानेको बालकथामा परिवेश

कुनै पनि आख्यान विधाको लागि परिवेशको आवश्यकता पर्दछ चाहे त्यो बाल साहित्य होस् या वयस्क साहित्य । आख्यान र परिवेशको तालमेल भने विकुल्लै मिल्नुपर्दछ जसले विधालाई अगाडि बढाउन मद्दत पुऱ्याउँछ । सर्जकले भाषाशैली अनुरूप परिवेशको छनोट गर्नुपर्दछ । बालसाहित्यका लागि पानी परेको, घाम लागेको, सफा सुन्दर, शान्त परिवेश छनोट गर्नु उपयुक्त हुन्छ ।

नेउपानेका प्रायः बालकथाहरू ग्रामीण परिवेशमा आधारित भएर रचना गरिएका छन् । गोरखा, लमजुङ जिल्लाको पहाडी परिवेशको झल्को उनका बालकथाहरूमा पाइन्छ । नगण्य रूपमा केही कथामा सहरी परिवेश पनि झल्काइएको छ जसमा काठमाडौं सहरको जनजीवन चित्रित हुन आउँछ । बालबालिका स्कुलबाट फर्कंदाको विहान, बेलुकाको समयको चित्रण कथामा गरिएको छ । बालबालिका चञ्चल भइकन पनि शान्त प्रकृतिका हुने हुनाले कथामा पनि शान्त बालमैत्री वातावरणको कल्पना गरिएको छ ।

नेउपानेको 'असल बानी' कथामा असोज महिना वर्षा रोकिएको, जमिन ओभानु भएको, बाटाघाटा हिलो नभएको, खेतबारीमा लहलह धान झुलेको, खाली ठाउँमा हरियै दुबो पलाएको र जातजातका फूल फुलेको सुन्दर परिवेशको कल्पना गरिएको छ । त्यस्तै 'छुवाछुतको अन्त्य' कथामा गोरखाको गाउँले परिवेश आएको छ । सौगात हिमचुली कथामा प्रकृतिको सुन्दर दृश्य, सेतो हिमाल टल्केको बोटविरूवा हरिया देखिएको, विहानको सफा मौसम, खुलेको आकाश परिवेशको रूपमा आएको छ । त्यस्तै 'मुसोको विजय' कथामा राती सुत्ने बेलाको समय, जाडो मौसम आकाशभरि जूनतारा छरिएको परिवेश आएको छ । सहरी परिवेशको झलको फेसबुकले बनाएका साथी, पत्रमित्रता जस्ता कथामा आएको छ ।

### ४.६ बालकथाको उद्देश्य

बालकथाको उद्देश्य बालबालिकालाई नै ध्यानमा राखेर निर्धारण गरिनुपर्छ । विषयवस्तुको छनोटअनुसार बालकथाकारले विभिन्न किसिमका उद्देश्य राखेका हुन सक्छन्, तर समग्रमा मनोरञ्जन र शिक्षा तथा ज्ञानका माध्यमबाट बालहित वा बालकल्याण गर्नु नै बालकथाको उद्देश्य हो । नेउपानेका बालकथाका उद्देश्यलाई विभिन्न ढङ्गबाट विश्लेषण गर्न सकिन्छ ।

#### ४.६.१ मनोरञ्जन

मनोरञ्जन बालकथाको प्रमुख उद्देश्य हो । साना उमेरका केटाकेटीलाई विशुद्ध मनोरञ्जन प्रदान गर्न उनका बालकथाहमा मानवीय र मानवेतर पात्रहरूको प्रशस्त प्रयोग भेटिन्छ । 'मुसोको विजय' कथामा प्रयोग भएको मानवेतर पात्र मुसोले साहसिक काम गरेको देखेर बालबालिकालाई मनोरञ्जनका साथै सन्देश पनि प्राप्त भएको छ । शर्माका हरेक कथामा मनोरञ्जनलाई अगाडि सारिएको छ । त्यस्तै गौंथलीको जाँगर कथामा गौंथलीले गरेको मिहिनेत उसको भुर्र भुर्र उडाईबाट प्रशस्त मनोरञ्जन प्राप्त गर्न सक्दछन् । मानवेतर पात्रमा अनौठो चरित्र भरेर रमाइलो गराउँछन् जसबाट बालबालिका खुसी हुन्छन् । यस्ता कथाहरूमा निर्देश र माहुरी रमाइलो मामाघर, सानीनानी राम्रो बानी, राम्रा अक्षर आदि कथा पर्दछन् ।

#### ४.६.२ सूचना तथा ज्ञान

सूचना तथा ज्ञान प्रदान गर्ने हेतुले रचिएका शर्माका बालकथाहरूमा विभिन्न क्षेत्रको विषयवस्तु टिपिएको छ । यस्ता कथाहरूमा बब्लु र सुगा पनि पर्दछ । यस कथाले बालबालिकालाई सुगालाई उसकै स्वतन्त्र संसारमा रमाउन दिनुपर्छ भन्ने ज्ञान प्रदान गर्दछ । त्यस्तै 'गौंथलीको जाँगर' कथाले कुनै पनि काममा अर्काको मुख नताकी आफैँबाट सुरु गर्नुपर्छ र एकदिन अवश्य सफल भइन्छ भन्ने ज्ञान दिन्छ । 'किन खानुपर्छ खाना' पनि ज्ञानवर्द्धक कथा नै हो । यसले खानाको महत्त्व र आवश्यकता बारे ज्ञान दिन्छ । त्यस्तै अन्य कथाहरूमा, कुसुमको काँकरी, बब्लुको बुद्धि, अनुष्काको भान्छा, काकाको भनाई, रूख र हामी आदि पर्दछन् । शर्माका बालकथाहरू प्रायः सन्देशमूलक नैतिक चेतनामूलक नै बढी भएको पाइन्छ ।

### ४.६.३ निडर तथा साहस

मुक्तिनाथ शर्मा नेउपानेका बालकथामा आँट, हिम्मत तथा साहसी पक्ष पनि रहेको छ । बाल जीवन आइपर्ने दुःख, अप्ठ्यारोसँग लड्दै साहसी बनेर अगाडि बढ्न प्रेरणा प्रदान गरेका छन् । शर्माका बालकथाका पात्रले अप्ठ्यारो अवस्थामा पनि साहसपूर्ण तरिकाले विघ्न बाधासँग जुध्दै बुद्धि लगाएर काम सम्पन्न गरेको कुरा कथामा पाइन्छ । बब्लुको बुद्धि कथामा ठूलो पानी परेका बखतमा पनि पात्रले केराको पात ओढेर भए पनि घरसम्म पुग्ने हिम्मत गरेका छन् । त्यस्तै गौंथलीको जाँगर कथामा भुकम्पले घर भत्कँदा पनि नआत्तिकन पुनः अर्को घर बनाउने काममा गौंथली जुटेका छन् । मातली र गुनकेसीले भुकम्पका पराकम्पनदेखि नडराई गाउँ गाउँ डुली आवश्यक सहयोग गर्ने हिम्मत जुटाएका छन् । यस्ता कथाबाट बालबालिकालाई साहसी, निडर बन्ने प्रेरणा मिल्नुको साथै सङ्घर्ष गरेर अगाडि बढ्नुपर्ने शिक्षा पनि प्राप्त हुन्छ ।

यसका साथै परोक्ष रूपमा केटाकेटीहरूमा कल्पनाशक्ति, तर्कशक्ति, विचारशक्ति अभिवृद्धि साथै उनीहरूमा भाषिक कुशलताको वृद्धि गर्ने अनि विभिन्न विषय क्षेत्रका शब्दहरूसँग परिचित गराई उनीहरूको शब्दभण्डार वृद्धि गर्न उद्देश्य पनि शर्माका बालकथाले राखेका छन् ।

# परिच्छेद : पाँच

## मुक्तिनाथ शर्मा नेउपानेका बालकविताको अध्ययन

### ५.१ विषय परिचय

बालकविता भन्नाले बालबालिकाको निम्ति रचिएको कविता भन्ने बुझिन्छ । यस क्रममा नेउपाने पनि एक सफल बालकवि बनेर अगाडि आएका छन् । उनको प्रथम प्रकाशित बालकविता 'सानी नानी शिवानी' (२०५८) हो । शर्माका बालकविता अन्त्यानुप्रासयुक्त र अन्त्यानुप्रासविहीन दुवै थरीका छन् । विभिन्न पत्रिकामा प्रकाशित बालकविताहरूमा 'सानी नानी शिवानी' (मुना २०५८ चैत) विद्यालय जान्छु (बालतारा २०५९) हाम्रो सानो बाबु (बाल-सरगम २०६३) रहेका छन् । त्यस्तै प्रकाशित बालकविता सङ्ग्रहमा राम्रा नानी बालगीति काव्य, (२०६८), 'थिरीथिरी' बालकविता सङ्ग्रह (२०६७), 'नानीको बानी' बालकाव्य (२०६६), 'सानी चरी गौंथली' बालगीतसङ्ग्रह (२०६३), 'पानी र नानी' बाल गीतिकाव्य (२०६१), रमाइलो गाउँ सचित्र बालकाव्य (२०६८), 'शिवपुरी यात्रा' सचित्र बालकाव्य (२०७०), 'बचराको योजना कवितासङ्ग्रह' (२०७२) रहेका छन् ।

बालकवितालाई नेपाली बालसाहित्यको एउटा प्रमुख विधाका रूपमा लिइन्छ । बालकविता सङ्क्षिप्त, सरल लयप्रधान, गेय गुण भएको, स्वभाविक र बालसुलभ भएमा निकै प्रभावकारी हुन्छ । "बालकविता वा बालगीत चिरबिर हो चराहरूको, चिच्याहट होइन कसैको । गुनगुन हो यो हाम्रा नानीहरूको गन्थन होइन कसैको । यो केटाकेटीहरू जस्तै सुमधुर हुनुपर्छ । बालगीतमा यी गुणहरू भएनन् भने हाम्रा नानीहरू गीत गाउनुको सट्टा मात्र गीत कराउने भएर निस्कन्छन्" (ध्रुवकृष्ण दीप, २०५८) ।

### ५.२ बालकविताको विषयवस्तु

विषयवस्तु बालकविताको महत्त्वपूर्ण तत्त्व पनि हो । बाल रुचि र बाल आवश्यकअनुसार विभिन्न विषयलाई कविताको विषयवस्तु बनाउन सकिन्छ । तर यो अत्यान्त सरल र आकर्षक सकेसम्म लयबद्ध भएमा अझ राम्रो मानिन्छ ।

नेउपानेका बालकविताका विषयवस्तु सरल, सोझै अर्थ दिने खालका, बाल उत्सुकता मेटाउने खालका छन् । उनका कविताका विषयवस्तु प्रकृतिजगत, पशुपंक्षी जगत तथा मानव जगत्का नै रहेका छन् । मानव जगतअन्तर्गत पनि चाडपपर्व, रहनसहन, खानपान,

पोशाक, नाता सम्बन्ध श्रमसीप, विज्ञान क्षेत्रका उपलब्धी, नैतिकता, सदाचार आदि पक्षसँग सम्बन्धित भएर कविता सृजना गर्दछन् । उनका बालकवितामा प्रकृतिप्रेम, मानवप्रेम, देशप्रेम जस्ता अभिवृत्ति प्रशस्त भेटिन्छन् । समय सापेक्ष विषयवस्तुको चयन साथै विषयवस्तु सुहाउँदा तस्वीरहरूले पनि शर्माका बालकविताबाट पाठ्य र दृश्य दुवै स्वाद ग्रहण गर्न सक्छन् । "शर्मा कृतिका माध्यमबाट बालबालिकामा जाँगर भर्छन् सहयोगी भावना जगाउँछन्, छुवाछूत जस्तो कुरीति सच्याउन प्रेरित गर्दछन् । उनी बालकहरूलाई हिउँसित खेलाउँछन्, बाआमासँगै बसाउँछन्, बगैंचामा घुमाउँछन्, विद्यालयमा रमाउन सिकाउँछन्, समस्त साथीहरूसँग मिलेर खेलौं, कुदौं भन्छन् । उनका रचना नेपाली समाजसित जोडिएका छन् । रमाइलो उत्साह दिने चोटिला र घतिला पनि छन" (सि.एल. असीम, २०७२) ।

यहाँ शर्माका बालकवितामा पाइने विभिन्न विषयवस्तुलाई आधारमानी तिनको विश्लेषण गरिएको छ ।

### ५.२.१ सामाजिक विषयवस्तु

आफ्नो वरिपरिका सामाजिक विषयवस्तु वा परिवेशलाई आधार मानेर सिर्जिएका कविता सामाजिक विषयवस्तु समेटिएका कविताअन्तर्गत पर्दछन् । यसबाट बालबालिकालाई आफ्नो वरिपरिको समाजको यथार्थताबारे ज्ञान हुन्छ । नेउपानेका कवितामा झोलुङ्गे बालबालिकाभन्दा माथिका बालकले देखाउने व्यवहारदेखि लिएर बालबालिकालाई परिवारबाट सिकाउने अनुशासनका कुरा, आदर, सत्कार, माया, ममता, दया जस्ता कुरा समेटिएको छन् । मानिसले अन्य प्राणीमा गर्नुपर्ने कर्तव्यका कुरा, समाजका विभिन्न जातजाति भाषाभाषिका कुरा पनि नेउपानेका कवितामा पाइन्छन् । यस्ता कविताहरूमा, ताराबाजी, हामी नेपाली, हाम्रो नेपालमा, असल बानी बनाउँछु, ज्ञानी छात्रा आदि रहेका छन् । केही कविताका पङ्क्तिहरू निम्न छन् :

क, ख, ग, घ पढ बाबु

अनि बुबु खाऊ

आँगनीमा चरी झरे

सँगै खेल्न जाउ ॥ (ज्ञानी छात्रा)

प्रस्तुत कवितामा बाल जीवनका तीन आयामहरू पढ्नु, खानु र खेल्नुको चित्रण गरिएको छ । पहिले पढ्ने, त्यसपछि दूध खाएर मात्र खेल्न आग्रह गरिएको छ । आँगन चरा आए पछि चरासँगै रमाउन सिकाइएको छ ।

खेल्न पुग्यो बाबु आउ

बुबु माम खाउ

पुस्तक कापी झोलमा छ

चाँडै स्कुल जाउ ॥ (ज्ञानी छात्रा)

यी हरफमा बालबालिकालाई खेलेर मात्र समय खेर फाल्नु हुँदैन भन्ने कुरा सिकाइएको छ । एकछिन खेलेपछि दूध भात खाने अनि कापी, किताब मिलाएर झोलामा राखी समयमा स्कुल पुग्नु पर्ने कुरा कवि सम्झाउँछन् ।

अनुशासन र समयमै स्कुल जानु पर्ने कुरा सिकाइएको कविता  हो 'नानीको नाच' यसमा भनिएको छ :

स्कुल जाने नानीको

कस्तो राम्रो बानी छ

पुस्तक राखी झोलामा

स्कुल पुगिन् बेलामा ।

यी पङ्क्तिमा बालबालिकालाई अनुशासित बन्न प्रेरित गरिएको छ । कापी, किताब झोलामा राखेर, सफा भएर सधैँ स्कुल जानुपर्ने कुरा बताइएको छ ।

सामाजिक र जातीय एकतामा जोड दिने उनको कविता 'हामी नेपाली' र हाम्रो नेपालमा हुन् ।

मगर, मधिसे, नेवार, पर्वते

भोट निवासी लामा

हामी सबै बीर नेपाली

नेपाल हाम्री आमा ॥ (हामी नेपाली)

यी पङ्क्तिमा विभिन्न जातजाति, भाषाभाषी जो जहाँ जे भए पनि हामी सबै नेपाल आमाका सन्तान हौं । हामी सबै बीर नेपाली हौ । हाम्री साझा आमा भनेकी नेपाल आमा नै हुन्, त्यसैले समाजमा सबै जातजाति मिलेर बस्नु पर्ने कुरा माथिको लाइनमा बताइएको छ ।

भोटवासी भोटे हामी

थारू तराईमा

बाहुन क्षेत्री गुरुङ मगर

हाम्रो नेपालमा (हाम्रो नेपालमा)

यसमा भोटमा बस्ने भोटे, पहाडमा बस्ने बाहुन, क्षेत्री, गुरुङ, नेवार, मगर र तराईमा थारू बस्ने कुराको जानकारी दिनुको साथै नेपालमा जातीय विविधता भए पनि सबैको साझा फूलबारी नेपाल नै हो र यहाँ सबैथरी मिलेर बस्नुपर्छ भन्ने भाव यस पङ्क्तिले उजागर गरेको छ ।

दुईदेखि चार वर्षका बालबालिकालाई लक्षित गरी विकास प्रक्रिया र दाजुदिदीले खेलाउने तरिका वर्णन गरिएको कविता 'ताराबाजी' हो ।

ताते ताते गर्दै हाम्रा

सानो बाबु आए

गोडा चाले यताउता

पुगेर रमाए ॥ (ताराबाजी)

यी पङ्क्तिमा भर्खर बामे सर्न लागेका बालकलाई खेलाउने भुलाउने तरिकाको वर्णन छ । चार पाउ टेकेर हिँड्ने बालक दुई खुट्टामा उभिँदा बच्चा र आफन्तले खुसीले देखाउने भाव छ । हिँड्न सक्ने भएपछि लड्दै उठ्दै गरेर यताउता पुगेर बच्चाले देखाउने खुसी यहाँ देखाइएको छ ।

दिदी पनि भाइसँग

खेल्न रमाउँछिन्

अघि अघि आफू गई

भाइलाई बोलाउँछिन् ॥ (ताराबाजी)

यसमा दिदीभाइ बीचको अगाध माया, भाइसँग खेल्ने दिदीको रहर देखाइएको छ । अरुसँगभन्दा आफ्नो भाइसँग खेल्दा आउने आनन्द, आफू अघि अघि हिँडेर विस्तारै भाइलाई पछि पछि हिँडाउने दिदीको रहर कवितामा छ । दिदी अगाडि अगाडि आउ आउ बाबु भन्दै जाँदा भाइ खुसीले हाँस्दै विस्तारै दिदी भेटाउनतिर लम्केको अवस्थाको यथार्थ चित्रण गरिएको छ ।

### ५.२.२ प्राकृतिक विषयवस्तु

बालबालिकाहरू प्रकृतिका चिजलाई आफ्नै ठान्दछन् । जस्तै : मेरो जुन मामा, मेरो हिमाल, मेरो घाम, मेरो आकाश आदि । आफूलाई मनपर्ने प्रकृतिका वस्तुलाई आफ्नै व्यक्तिगत मान्दछन् । प्रकृतिले मानव जगतमा पार्ने प्रभावको बारेमा बालबालिकालाई उचित ज्ञान दिनु पनि आवश्यक हुन्छ । नेउपानेका बालकवितामा प्रकृति चित्रण खुब राम्रोसँग गरिएको छ । प्रायः कविता रचना गर्न उनलाई प्रकृतिले नै सघाएको पाइन्छ । शर्माका प्राकृतिक विषयवस्तु समेटिएका कविताहरूमा जाडो आयो, वैशाख महिना, पानी र नानी (काव्य), नानीको बानी (काव्य), शिवपुरीको यात्रा (काव्य), बचराको योजना आदि रहेका छन् । प्रकृति चित्रित केही कविताका हरफहरू निम्न छन् ।

हिमचुलीलाई कालो सेतो

बादलुले ढाक्यो

भन्नुहुन्छ हजुरआमा

हिउँले जाडो डाक्यो ॥ (जाडो आयो)

यी पङ्क्तिमा हजुरआमा मार्फत बालबालिकालाई मौसम परिवर्तन सम्बन्धी जानकारी प्रदान गरिएको छ । आकाशमा कालो सेतो बादल लागेपछि पानी पर्ने र पानी

परेपछि हिउँ पर्ने बताइएको छ । पुस माघमा हिउँ परेपछि जाडो बढ्ने हुनाले हिउँलाई मानवीकरण गरी जाडो डाक्ने वस्तुको रूपमा चित्रण गरिएको छ ।

कलकल बगिरहने

मेची-कोसी-काली

ताल तलैया, झरना छाँगा

साना खोला खोली (नानीको बानी)

यस पङ्क्तिबाट बालबालिकाले पानी बग्दा आउने आवाज देशको मुख्य नदी मेची, कोसी, कालीको नाम, ताल, तलैया झर्ना छाँगा जस्ता प्राकृतिक शब्दसँग परिचित हुने मौका पाउँछन् । प्रकृतिलाई मानवीकरण गरिएको कविता पानी र नानी हो ।

हुन्छ हुन्छ बादलु लौ

पानी पारिदेउ

हाम्रो खेतबारीमा

चिसो बनाइ देउ (पानी र नानी)

यी पङ्क्तिमा बादललाई मानवीकरण गरी पानी पार्न आग्रह गरिएको छ । खेतबारीमा उब्जाउ गर्नका लागि पानीको आवश्यकता पर्ने जानकारी गराउँदै खेतबारी चिसो भइराखे बालीनाली सप्रने कुरा बताइएको छ ।

मानवेतर प्राणीलाई मानवीकरण गरिएको कविता बचराको योजना हो ।

मामुसँग रमाएर

चारा टिपे खाए ।

यसो गर्न बाबाआमा

दुबैले सिकाए ॥ (बचराको योजना)

यी पङ्क्तिमा मानवेतर पात्र चरालाई मानवीकरण गरिएको छ । मानिसको जस्तै चराको पनि आमाबाबु हुने र आमासँग बस्न पाउँदा चरा पनि रमाउने कुरा बताइएको छ ।

साना साना बचरालाई बाबाआमाले चारा टिप्न सिकाउने कुरा पनि यी पङ्क्तिमा आएको छ ।

### ५.२.३ सांस्कृतिक विषयवस्तु

बालबालिकालाई सामाजिक, प्राकृतिक विषयवस्तुको अलावा सांस्कृतिक विषयवस्तुको ज्ञान दिनु पनि आवश्यक हुन्छ । यसबाट बालबालिकाले आफ्नो धर्म, संस्कृति, रीतिरिवाज, चालचलन बारेमा राम्रोसँग बुझ्ने अवसर प्राप्त गर्दछन् । नेउपानेको केटाकेटीहरूलाई रहनसहन, धर्म, संस्कृति सिकाउनका लागि सांस्कृतिक विषयवस्तु समेटेर कविता लेखेका छन् । उनका सांस्कृतिक चाडपर्वको महत्त्व पोखिएका केही कविताका पङ्क्तिहरू यसरी प्रस्तुत गर्न सकिन्छ ।

वर्ष दिन तिहारमा

भैलो खेल्न जाऔं

रोटी मिठाइ जति हुन्छ

बाँडी चुँडी खाऔं ॥ (रमाइलो तिहार)

तिहार वर्षमा एकपटक मात्र आउने र यस चाडमा देउसी भैलो खेल्ने चलन रहेको बताइएको छ । फरक-फरक चाडवाडमा गरिने फरक क्रियाकलापलाई पनि यसले इङ्गित गर्दछ । साथै भैलो खेल्दा रोटी मिठाइ, अन्य खानेकुरा र रूपैयाँ दिइने र त्यो सबैले बराबर बाँडेर लिने र खाने कुराको सन्देश कवितामा पाइन्छ ।

नाच न बाबू नाच न

नानी पनि नाचि देउ

मादलुको तालैमा

बारुले कम्मर भाँचिदेउ (नाच है नाच)

यसमा सबै बालबालिकाले नाच्न जान्नुपर्ने बताइएको छ । मादलको तालमा ताल मिलाएर नाचेको नाच राम्रो हुने र सबैले मनपराउने कुरा उल्लेख छ । यसबाट हरेक नाचमा मादलको आवश्यकता हुनपर्ने पनि बुझ्ने सकिन्छ ।

### ५.३.४ वैज्ञानिक विषयवस्तु

विज्ञानका वरदान देखेर बालबालिकाहरू रमाउने मात्र होइन जिज्ञासुका साथै बनाउन इच्छुक पनि हुन्छन् । उनीहरू आफू पनि त्यस्तै बनाउने, चलाउने र रमाउने कल्पनामा डुब्छन् र कल्पनात्मक उडान भर्नपछि पनि पर्दैनन् । नेउपानेको वैज्ञानिक विषयवस्तु समेटिएको कवितामा 'विमान' कविता पर्दछ । जुन बचराको योजना कविता सङ्ग्रहमा सङ्ग्रहित छ । यसमा भनिएको छ,

ठूलो हुन्छु एउटा राम्रो

विमान बनाउँछु

त्यसमा चढी आकाशमा

पुगेर रमाउँछु ॥ (विमान)

यसमा वैज्ञानिक वस्तु देखेर बालबालिकाको मनमा उब्जने रहर, इच्छा, आकाङ्क्षा देखाइएको छ । ठूलो भएपछि आफू पनि विमान, गाडी जस्ता चिज बनाउने र त्यसैमा चढ्ेर आकाशमा र जमिनमा रमाउने बाल सपनाको राम्रो चित्रण गरिएको छ । ठूलो भएर विमान बनाई त्यसमा चढेर आकाशमा पुगी तारा समेत टिपेर ल्याउने सपना यो बाल कवितामा छ ।

### ५.२.५ मनोरञ्जनात्मक विषयवस्तु

नेउपानेका धेरै बालकविता नैतिक सन्देशका साथै मनोरञ्जन दिने उद्देश्यले लेखिएका छन् । उनको हरेक बालकवितामा कविता सुहाउँदा चित्र र आवरण पृष्ठमा पनि सुहाउँदा रङ्गीन बालचित्र कोरिएका छन् । बालबालिकालाई विशुद्ध मनोरञ्जन प्रदान गर्न उनका धेरै कवितामध्ये केही कविताका उदाहरण यहाँ प्रस्तुत गरिन्छ ।

आहा ! हेर आकाशमा

झिलिमिली तारा

कसले लग्यो त्यति माथि

भन्नुहोस् त दादा ॥ (विमान)

यी पङ्क्तिमा आकाशमा पोखिएका त्यति राम्रा तारा कसले माथि पुऱ्यायो होला भन्ने बाल जिज्ञासा छ । आफ्नो दाईसँग तारा माथि पुऱ्याउने को हो भनेर सोधेको र बालबालिकालाई तारा, जून लगायत झिलिमिली वस्तु असाध्यै मनपर्ने कुरा पनि बताइएको छ ।

दाल अचार तरकारी

खाइन् जिब्रो फटकारी

सलाद कस्तो मिठो छ

गाजर मूला काँकरी ॥ (नानीको नाच)

यसमा स्वस्थ, निरोगी बन्न दाल, भात, तरकारी, अचार खानुपर्छ भन्दै खाना खान प्रेरित गरिएको छ । प्रायः बालबालिकालाई खाना खुवाउन गाह्रो हुने हुनाले उत्प्रेरणा जगाउन पनि कविताले सहयोग पुऱ्याउँछ । मीठो मानेर खाएको खानाले शरीरलाई तागत दिने र खानासँग गाजर, मूला र काँक्रोको सलाद पनि खानुपर्ने कुरा बताइएको छ ।

## ५.३ शिल्प शैली

कविताका शिल्पशैली अत्यान्त सरल र सुन्दर छन् । बालकविता भएकोले घुमाउरो भाषा र आलङ्कारिताको प्रयोग खासै छैनन् । शिल्पशैलीको दृष्टिले उनका कविता पुरापुर नियमभित्र आबद्ध हुन नसकेको प्रतित हुन्छ ।

### ५.३.१ शब्द चयन

...मीठा र रसिला शब्दहरू छानेर र स्वच्छ चाहना राखेर अगाडि सारिएका बालसहज लयात्मक कविताले बालबालिकाहरूको सुन्दर र स्वच्छ हृदयलाई अझ सुन्दर बनाउँछ र त्यसले ती हृदयहरूलाई सुन्दर भविष्यको निर्माणका लागि दृढ र लगनशील बनाउँछ" (शान्त दास २०५९, ५८) । मुक्तिनाथका बालकवितामा पनि बालसुलभ शब्दकै प्रयोग गरिएका छन् । विभिन्न फरक उमेर समूहका बालबालिकालाई मध्यनजर राख्दै तदअनुरूप शब्द चयन गरिएका छन् । उनका बालकवितामा दादा, चरी, नानी, दुदु, बुबु, माम, बचरी, नाना, चाचा, पापा, ताते ताते, ताराबाजी आदि जस्ता बालशब्दको प्रयोग गरिएको छ ।

नेउपाने बालबालिकाले उच्चारणबाट बुझ्न सक्ने चलनचल्तीका सरल शब्दको प्रयोगबाट आफ्ना बालकविता सजाउँछन् । सरल शब्दमा चाडपर्व, संस्कृति, प्रकृति चित्रण, जीव जनावर सम्बन्धी जानकारी, आदर, सत्कारका कुरा, राष्ट्रप्रेमका कुरा, कविता मार्फत सिकाएका छन् । विषयवस्तुको विविधतासँगै त्यसलाई रोचक बनाउन नेपाली लोकलय र झर्रा शब्दहरूको प्रशस्त प्रयोग गर्दछन् । उनका बालकविताका शब्दहरू सरल, सरस र बोधगम्य पनि रहेका छन् ।

खेल खेल खेल्नपर्छ

भन्ने हाम्री आमा

मुसुमुसु हाँसिरहने

बाबा हजुर आमा ॥ (रमाइलो खेल)

माथिका पङ्क्तिमा कति सरल भाषामा खेल खेल्न प्रेरित गरिएको छ । पढाइका साथ साथै खेललाई अगाडि बढाउनु पर्ने कुरा आमाले गर्नु भएको छ । बाबा र हजुरआमा नानीहरू खेल खेलेको देखेर खुसी मान्दै मुसुमुसु हाँसिरहनु भएको अवस्थाको चित्रण गरिएको छ ।

हाम्रो घरको बाख्राले

पाको भने पाठो

खेल्दै आयो आँगनमा

आहा ! कस्तो बाठो ॥ (मने पाठो)

यी पङ्क्तिमा गाउँघरमा प्रचलित सरल झर्रा शब्दको प्रयोग गरिएको छ । घरमा बाख्राले सानो पाठो पाएको र त्यो पाठो खेल्दै खेल्दै आँगनसम्म आउने अनि समाउन खोजेमा उफ्री उफ्री भाग्ने बाठो प्रवृत्तिको चित्रण छ । त्यसकारण पनि शब्द चयनमा कुनै जटिलपन भेटिँदैन ।

### ५.३.२ विम्ब योजना

मुक्तिनाथ शर्मा नेउपानेका बालकवितामा यदाकदा केही सरल बालविम्बहरूको प्रयोग भएको पाइन्छ । उनले हामी बालतारा शीर्षकको कवितामा तारालाई विम्बात्मक रूपमा उभ्याएका छन् । जसरी आकाशमा ताराहरू चम्कन्छन् त्यसरी नै धर्तीमा पनि बालबालिका तारा जस्तै चम्कने कुरा यसरी गरेका छन् ।

साना साना बालक

विद्यार्थी हौं सारा

पढ्न, लेख्न रूचाउने

पृथ्वीका तारा ॥ (हामी बालतारा)

त्यस्तै बालबालिकालाई पानी जस्तै निर्मल मानिएको छ । जसरी पानीमा जे मिसायो त्यही स्वादको हुन्छ, आफ्नोपन भुल्दछ त्यस्तै बालबालिकालाई पनि सानैदेखि जस्तो संस्कार सिकायो त्यस्तै बन्दछन् भन्ने भाव उनका कवितामा पाइन्छ । त्यस्तै फूललाई पनि बालकको कोमलता र सुन्दर पक्षसँग तुलना गरेका छन् । उनका बालकवितामा बालकलाई चन्द्रमाको उपमा पनि दिइएको छ । बालक चन्द्मा जस्तै सुन्दर, शान्त र शितल हुने कुरा बताइएको छ । बालबालिकालाई समाजको बत्तीको रूपमा उभ्याउँदै भनिएको छ,

ठूलालाई मान देउ

सानालाई माया

समाजको बत्ती बन

बन शीतल छाँया ॥ (आमाहरूका कुरा)

### ५.३.३ प्रतीक योजना

नेउपानेका बालकविता बालबालिकाहरूलाई लक्षित हुनाले त्यति प्रतीकात्मक छैनन् । यदाकदा सरल रूपमा केही प्रतीकात्मक शब्दहरूको प्रयोग हुने गरिएको छ । उनका कवितामा वसन्त ऋतुलाई हरियाली र खुसीको प्रतीक, कोइलीलाई गीत सङ्गीतको प्रतीक, बुद्धलाई शान्तिको प्रतीकको रूपमा स्थापित गरिएको छ । त्यस्तै चिसो हावालाई जाडो तथा

शीतलताको प्रतीकको रूपमा अगाडि सारिएको छ, मादललाई नाचगान तथा लोकसङ्गीतको प्रतीक र आमालाई ममताकी प्रतीकको रूपमा चित्रण गरिएको छ ।

## ५.४ चित्र कविता

चित्र र कविता सहितको बालसाहित्य नै चित्र कविता हो । यस विधाको माध्यमबाट बालबालिकाहरूले चित्र र कविता तथा दृश्य र पाठ्य दुवैको सँगसँगै स्वाद ग्रहण गर्न सक्दछन् । यसले थोरैमा धेरै कुरा भन्न सक्ने गुणलाई आत्मसाथ गरेको हुन्छ (प्रधान २०४७:३३) ।

बालकवि मुक्तिनाथ शर्मा नेउपानेले बालसाहित्यप्रति बालरुचि जगाउने एउटा माध्यमको रूपमा चित्रकवितालाई अँगालेका छन् । उनका प्रत्येक कवितामा एउटा चित्र त छ नै तर चित्रकै आधारमा कवितालाई प्रस्तुत गरिएको बालकाव्य पनि छन् । त्यस्ता काव्यहरूमा नानीको बानी, पानी र नानी रमाइलो गाउँ, शिवपुरी यात्रा, राम्रा नानी रहेका छन् । यी सचित्र बालकाव्य हुन् । यिनको सामान्य चर्चा यसरी गर्न सकिन्छ :

### ५.४.१ 'पानी र नानी' सचित्र बालकाव्य

यो काव्य वि.सं.२०६१ मा प्रकाशित भएको हो । यस बालकाव्यको प्रत्येक पृष्ठमा चार लाइनको एक पङ्क्ति कविता र कविता सुहाउँदा चित्र पृष्ठभरि छरिएका छन् ।

#### ५.४.१.१ काव्यको विषयवस्तु

काव्यमा आकाशमा बादलका घेरा बसेपछि पानी पर्ने र पानी पर्दा बालबालिका खुसी हुन्छन् भन्ने देखाइएको छ । उनीहरू बादललाई पानी पारेर खेतबारी भिजाउन आग्रह गर्दछन् । खेतबारी चिसो भए खेती हुने, वनमा ऐंसेलु र काफल फल्ने, प्याउली फुल्ने गाईबाख्रालाई घाँस पलाउने साथै बारीमा आँप, स्याउ फल्ने हुनाले पानी पार्न बादलसँग अनुरोध गर्दछन् । पानी परेपछि खेतबारीमा सागपात टन्न फल्छ । सागपात, गेडागुडी, दूध दही खानु शरीरको लागि राम्रो पनि हो भन्दै बादलुले पानी पारी दिएकोमा पुनः खुसी व्यक्त गर्दछन् । पानी परेपछि भाइ बहिनी र मुने पाठो पनि रमाएर खेलेका छन् । खेतबारी भिजेकोले सबैले खनजोत गरी डल्ला फोरी बीउ पनि छरेका छन् । अब चिसोका कारणले बालीनाली उम्रेर सप्रने विश्वास लिएका छन् । बारीका गाजर, मूला पखालेर खाएमा राम्रो

हुने कुरा पनि काव्यमा छ । साथै समयमा नै स्कुल पुग्नु पर्ने, गृहकार्य गर्नुपर्ने, आमालाई दुःख दिनु नहुने, छुट्टीमा घुम्न जाने कुरादेखि लिएर सुत्ने बेलामा आमाको कथा सुन्दा आउने आनन्दसम्मको वर्णन काव्य कविता र चित्रले बताएका छन् ।

### ५.४.१.२ काव्यको भाषाशैली

बाल लक्षित हुनाले काव्यका भाषा निकै सरल छन् । बाल मनोभावलाई विचार गरी कतिपय ठाउँमा बालशब्दकै प्रयोग पनि गरिएको छ । काव्यमा बादललाई मानवीकरण गरिएको छ । घुमाउरो, अप्ठ्यारो र नबुझ्ने भाषा कहीँ कतै भेटिँदैन । यो काव्य भाषाले भन्दा चित्रले नै प्रष्ट पार्दछ ।

अहा ! हेर आकाशमा

बादलुका घेरा ।

बादलुले पानी पार्छ

भन्छन् दाजु मेरा ॥ (पानी र नानी)

यो पङ्क्ति काव्यको पहिलो पङ्क्ति हो । यस पृष्ठमा यो कविता र पानी परेको, बादल लागेको, दाजुले बहिनीलाई औंलाले देखाएको चित्र प्रस्तुत गरिएको छ ।

### ५.४.१.३ काव्यको उद्देश्य

यस काव्यको उद्देश्य बालमनोरञ्जन नै हो । चित्र र कविताद्वारा बालबालिकालाई सक्दो मनोरञ्जनका साथै सन्देश पनि प्रदान गरेको छ । चित्रद्वारा प्रस्तुत कवितामा तारतम्य मिलाउन मात्र शब्दको सहायता लिइएको छ । शब्द र चित्रले बालबालिकाहरूलाई सूचना, ज्ञान तथा मनोरञ्जन प्रदान गरेका छन् ।

### ५.४.१.४ चित्राङ्कन

प्रस्तुत पानी र नानी सचित्र बालकाव्यमा बासु क्षितिज र पृथ्वी श्रेष्ठले चित्र सजाएको पाइन्छ ।

### ५.४.२ शिवपुरी यात्रा सचित्र बालकाव्य

शिवपुरी यात्रा बालकाव्य वि.सं.२०७० मा प्रकाशित भएको सचित्र बालकाव्य हो । यो काव्यमा शिवपुरी घुम्न जाँदाको एकदिन भरिको विषयवस्तु चित्र र कविताद्वारा प्रस्तुत छ । यस काव्यमा पनि चार लाइनको एक पङ्क्ति कविता र विभिन्न सम्बन्धित रङ्गीन चित्रहरू समावेश गरिएका छन् ।

#### ५.४.२.१ काव्यको विषयवस्तु

काव्यमा वैशाख, जेठको गर्मी भुल्नका लागि बाबामामुसँग शिवपुरीको हावा खान गएका बालबालिकाको एकदिनभरिको दिन चर्या छ । उनीहरू नारायणथानबाट उकालो लागेपछि टिकट लिएर शिवपुरी छिरेका छन् । जङ्गलमा काफल पाक्यो, कुहु कुहु, ढुकुर कुर्कुर् तीनतारे तित्रिक्क जस्ता चराका आवाजसँग बालक रमाएका छन् । जङ्गलको माथि माथि पुगेका उनीहरू खाजा खान पनि बसेका छन् । घरबाट लगेको खाजा खाँदै काठमाडौं सहरको दृश्यावलोकन गर्दा साह्रै रमाइलो पनि मानेका छन् । काठमाडौं सहर हेर्दा राम्रो भएको तर यहाँ फोहोर, पानी र भीडभाड चाहिँ समस्या बनेको कुरा पनि काव्यमा छ । वनमा विभिन्न जातजातका फूल फुलेका छन् र फूलको रूखमुनि बस्दा हावाले शिरैभरि फूलैफूल बनाइ दिने हुँदा रूखले स्वागत गरे जस्तो लाग्ने र मनमनै धन्यवाद भन्न मन लाग्दछ । रूख साह्रै दयालु हुने र प्राणी जगतलाई जीवित राख्न रूखले सघाउने कुरा उल्लेख छ । रूखबाट मानिसले काठपात, दाउरा घाँस पाउँछन् । त्यसबाटै घरको झ्याल, ढोकादेखि लिएर हलो जुवासम्म बनाइन्छ । त्यसैले खाली जमिनमा रूख रोपी हरियाली बनाउनुपर्दछ भन्ने सन्देश पनि शिवपुरी यात्रा बालकाव्यले दिएको छ ।

#### ५.४.२.२ काव्यको भाषाशैली

भाषाशैली निकै सरल छन् । काव्यभरि नै बालबोधक शब्दहरूको प्रयोग गरिएको छ । काव्य बाल रुचिअनुसारकै छ । काव्यमा प्रयुक्त चराहरूको आवाजले गर्दा बालबालिका अझ रमाइलो मान्दछन् । सरल भाषाशैलीको प्रयोगबाट कविले बालबालिकालाई पूरै शिवपुरी जङ्गल घुमाएका छन्, खाजा खुवाएका छन् र सहरको दृश्यावलोकन पनि गराएका छन् ।

काव्यमा चित्रहरूद्वारा प्रष्ट पार्न नसकेका घटनाहरूलाई शब्दका माध्यमबाट अझ प्रष्ट पारिएको छ । प्रस्तुत काव्यका केही पङ्क्तिहरू यहाँ दिइन्छ :

काफल पाक्यो काफल पाक्यो

यौटा चरी बोल्यो

क्वैली चरी कुहुकुहु

गरेर करायो ॥ (शिवपुरी यात्रा)

घरबारी तिर रूख

बाटा वारी पारी ।

रूख रोपी सवै तिर

बनाउँ हरियाली ॥ (शिवपुरी यात्रा)

माथिका यी पङ्क्तिबाट भाषिक सरलता झल्कन्छ । साथै बालबालिकाले कोइलीको आवाज, काफल पाक्यो चराको आवाजदेखि लिएर रूखको महत्त्व र सबैतिर हरियाली बनाउनु पर्ने सन्देश प्राप्त गर्दछन् ।

### ५.४.२.३ काव्यको उद्देश्य

यस काव्यको प्रमुख उद्देश्य बालबालिकालाई प्रकृतिसँग नजिक्याउनु नै हो । साथै रङ्गीन र विषयवस्तु सुहाउँदा चित्रद्वारा बाल मनोरञ्जन प्रदान गर्नु यसको उद्देश्यभित्र नै पर्दछ । यसमा विभिन्न चराचुरूङ्गी, फूल, जीवजन्तुको बारेमा जानकारी पनि दिइएको छ ।

### ५.४.२.४ चित्राङ्कन

यस काव्यमा शब्द भर्ने काम मुक्तिनाथ शर्मा नेउपानेले गरे पनि विभिन्न रङ्गीन चित्रद्वारा काव्यलाई सजाउने काम चित्रकार राजकुमार प्रजापतिले गरेका छन् ।

### ५.४.३ नानीको बानी सचित्र बालकाव्य

यो बालकाव्य २०६६ मा प्रकाशित भएको हो । यसमा प्रकृतिको मनोरम दृश्यको चित्रणका साथै नेपालको ग्रामीण परिवेशको चिनारी सचित्र रूपमा दिइएको छ ।

### ५.४.३.१ काव्यको विषयवस्तु

काव्यको सुरुवात प्रकृति चित्रणबाट गरिएको छ । नेपालको उत्तरतर्फ टलटल टल्केका सेता अग्ला हिमाल काखमा हरियाली डाँडाकाँडा, पहाडका थुम्काथुम्की, उकाली ओराली, उपत्यका, दुम रहेको वर्णन गरिएको छ । मेची, कोशी, काली, कलकल बगेका छन् । पाखाभरि बुकी, बेली चमेली, लालीगुराँस फुलेका छन् । बारीभरि लालुपाते र सयपत्री फुलेका कुरा काव्यमा छ । नेपालमा धेरै राम्रा गाउँ बस्ती भएको जानकारी गराउँदै कविले एउटा सुन्दर गाउँको कल्पना पनि गरेका छन् । कविको काव्यको काल्पनिक गाउँमा समाजको आवश्यकता सबै पूरा भएका छन् । गाउँमै अस्पताल, विद्यालय, मन्दिर छन् । पानी छताछुल्ल छ, बत्ती झिलिमिली, बाटाघाटा सफा, हरियाली गौचरन पनि छ । बालबालिकाको लागि खेलकुद मैदान, बालबगैंचा, हाटबजार सबै छन् । गाउँका मानिस पनि शिक्षित, सभ्य मिलनसार सहयोगी छन् । आफ्नो गाउँको विकास आफैँ गर्दछन् । रीतिथिति आफैँ बसाउँछन् । त्यस गाउँमा असल बानी भएकी एउटी नानी छन् । उनी विहानमा उठेर दाँत माझ्ने, साबुनले हात धुने गर्दछिन् । भाइलाई र छिमेकीका भाइ बहिनीलाई पनि सिकाउँछिन् । आमालाई काममा सघाउँछिन् । गृहकार्य समयमा नै सक्छिन् । पढ्ने लेख्ने काम सकेर गाईलाई घाँस दिने, फूलमा पानी हाल्ने काम पनि गर्छिन् । समयमै खाना खाएर स्कुल जाने तयारी गर्छिन, बोटलमा उमालेको पानी लान्छिन् । बाटोमा होश पुऱ्याएर हिँड्छिन् । स्कुलबाट घर फर्केर खाजा खाई गृहकार्य सक्दछिन् र राती सुत्ने बेलामा हजुरआमाले सुनाएका कथा सुन्दै सुत्दछिन् ।

### ५.४.३.२ काव्यका भाषाशैली

काव्यको भाषाशैलीको सरलतामा कुनै कसुर बाँकी छैन । काव्य, सरस सुवोध ढङ्गबाट सृजना गरिएको छ । बालबालिकालाई डाँडाकाँडा, पाखापखेरा, थुम्काथुम्की, उकाली, ओराली, दुम जस्ता प्राकृतिक शब्दसँग परिचित गराइएको छ । त्यस्तै खोलाखोली, झरना, छाँगा, ताल जस्ता शब्द र बेली, चमेली, बुकी, लालुपाते, बाह्रमासे, प्याउली, सयपत्री, लालीगुराँस जस्ता फूलहरूको नाम पनि काव्यमा दिइएको छ । काव्यमा टलटल, कलकल, छयाल्लव्याल्ल जस्ता अनुकरणात्मक शब्दको प्रयोग पनि गरिएको छ । प्रस्तुत काव्यका केही पङ्क्तिहरू यस्ता रहेका छन् :

टलटल टल्केका छन्

अग्ला हिमालचुली

काखमा छन् डाँडाकाँडा

पाखा वन बनेली ॥ (नानीको बानी)

यी पङ्क्तिमा प्रकृतिको गुणगानका साथै त्यस्तै प्राकृतिक दृश्यले सजिएको चित्र पनि अङ्कित छ ।

हजुरआमा भन्नुहुन्छ

कथा राम्रा राम्रा ।

आफ्ना कर्म संस्कृतिका

चलनचल्तीका ॥ (नानीको बानी)

यी पङ्क्तिमा सुत्ने बेलामा हजुरआमाले कथा सुनाउने र कथा हाम्रै चलनचल्तीका हुने कुरा सरल भाषामा बताउनुको साथै सुहाउँदा चित्र पनि भरिएको छ ।

### ५.४.३.३ उद्देश्य

यस काव्यको उद्देश्य बालबालिकालाई मनोरञ्जन दिनुको अलावा नैतिक सन्देश दिनु पनि रहेको छ । काव्यमा सरल भाषामा असल बन्न गर्नुपर्ने क्रियाकलापको बारेमा जानकारी दिइएको छ । बालबालिकालाई कसरी असल, ज्ञानी, मिलनसार, अनुशासित बनाउन सकिन्छ भन्ने विषयमा सोच विचार गरी काव्यकारले नानीको बानी काव्य प्रस्तुत गरेका छन् र सुन्दर गाउँको कल्पना गरी गाउँमा असल नानी पनि स्थापना गरेका छन्, असल नानीका माध्यमबाट बालबालिकालाई विभिन्न सही काम पनि सिकाएका छन् ।

### ५.४.३.४ चित्राङ्कन

यस काव्यलाई चित्रद्वारा सजाउने काम राजकुमार प्रजापतिले गरेका छन् । शब्द र चित्रको तालमेल असाध्यै मिलेको छ । शब्दले बुझाउन नसकेको विषय चित्रले र चित्रले बुझाउन नसकेको विषय शब्दले बुझाइएको छ ।

## ५.५ बाल कविताका उद्देश्य

बाल कविता बालबालिकाको क्षमता र उमेरलाई ध्यानमा राखेर रचना गरिन्छ । विषयवस्तुको छनोटअनुसार यसका उद्देश्य भने फरक-फरक हुन सक्छन् । बालकवि मुक्तिनाथ शर्माका बालकविताका उद्देश्य पनि विषयवस्तुअनुसार फरक छन् तर ती सबैले मनोरञ्जनलाई भने केन्द्रविन्दुमा राखेको पाइन्छ । जसलाई यसरी केलाएर हेर्न सकिन्छ :

### मनोरञ्जन

मनोरञ्जन बालबालिकाको निम्ति मानसिक विकासमा सहयोग गर्ने एक प्रमुख आवश्यक तत्त्व पनि हो । मुक्तिनाथ शर्मा नेउपानेका बालकविताले आफ्ना पाठक बालबालिकाहरूलाई प्रशस्त मनोरञ्जन प्रदान गरेका छन् । अलि साना उमेरका केटाकेटीलाई लक्षित गरी लेखिएका कविताले विशुद्ध मनोरञ्जन मात्र दिन्छन् । बालबालिकालाई मनोरञ्जन प्रदान गर्न कवितामा खरायो, मुसा जस्ता मानवेतर पात्रको प्रयोग पनि गरेका छन् ।

हाम्रो घरको बाख्राले

पाको भने पाठो

खेल्दै आयो आँगनमा

अहा ! कस्ता बाठो (मने पाठो)

माथिका पङ्क्तिले बालबालिकालाई मनावेतर पात्र पाठोको माध्यमबाट मनोरञ्जन प्रदान गरेका छन् ।

### प्रकृति चित्रण

मुक्तिनाथ शर्मा नेउपानेले बालकवितामा प्रकृति चित्रण गरी बालबालिकालाई प्रकृतिसँग नजिक्याउने काम गरेका छन् । कवितामै प्रकृतिसँग केटाकेटीलाई खेलाएका छन् । बालबालिका प्रकृति र प्राकृतिक वस्तुसँग रमाउँछन् र आफ्नै पनि ठान्दछन् । जुन घाम, हिमाल, पानीसँग बालबालिका असाध्यै रमाउँछन् । प्रकृति चित्रण गरिएका उनका कविता यस्ता छन् :

टलटल टल्केको छन

अग्ला हिमाल चुली

काखमा डाँडाकाँडा

पाखा बन बनेली (नानीको बानी)

माथिका यी पङ्क्तिमा अग्ला अग्ला हिमाल टल्केको काखमा डाँडाकाँडा रहेको वनपाखा हरियाली भएको अवस्थाको चित्रण गरिएको छ ।

**नैतिक सन्देश**

नेउपानेका अधिकांश कविताले बालबालिकालाई सही ज्ञान, सन्देश र चेतना प्रदान गरेका छन् । बालबालिका काँचो माटो जस्तै हुन्छन् जस्तो आकार दियो त्यस्तै बन्दछन् । त्यसैले समयमै सही मार्गदर्शन गर्न सके उनीहरू ज्ञानी र असल मान्छे बन्न सक्छन् । बालसन्देश प्रदान गरिएको कविता -

हाम्रो सानी नानीले

हात धोइन् पानीले

रूमाल छ साथमा

दुदु हालिन् भातमा ॥

यी पङ्क्तिमा बालबालिकालाई पानीले हात धुनु पर्ने र त्यसलाई रूमालले पुछेर सफा बनाउनु पर्ने कुराको साथै भातमा दूध हालेर झगडा नगरीकन खान प्रेरित गरिएको छ ।

गुरुलाई नमस्कार

गरिन् दिदी चाँहिले

भाइलाई सिकाउँदा

मान्यो कुरा भाइले ॥

प्रस्तुत पङ्क्तिमा गुरुलाई नमस्कार गर्न, ठूलालाई आदर र सानालाई माया गर्न सिकाइएको छ । ठूलाले सानालाई सम्झाई बुझाई सिकाउनु पर्ने सन्देश पनि दिइएको छ ।

यसका अतिरिक्त शर्माका बाल कविताको उद्देश्य देशभक्तिको भावना जगाउनु, भाषा, संस्कृति, भेषभुषाको संरक्षण गर्नु पनि रहेको छ ।

## ५.६ निष्कर्ष

मुक्तिनाथ शर्मा नेउपाने मूलतः बालकवि हुन् । उनी समाज र सामाजिक विषयवस्तुलाई आधार मानेर कविता लेख्छन् । सामान्य भाषा शैलीमा विभिन्न उमेर समूहका बालबालिकालाई लक्षित गरी उनीहरूको क्षमताले बुझ्न सक्ने शैलीको प्रयोग उनका कवितामा गरिएको छ । बालबालिकालाई मनोरञ्जन प्रदान गर्न खरायो, मुसो, बाख्राको पाठो, बिरालो जस्ता मानवेतर पात्रको चित्रण गरेर पनि कविता सृजना गरेका छन् । मुक्तिनाथ शर्मा नेउपाने कवितामार्फत बालबालिकालाई प्रकृतिसँग नजिक्याउँछन्, समाजमा साथीभाइसँग घुलमिल गराएर मिलेर बस्न सिकाउँछन् विभिन्न ठाउँमा लगेर खेलाउँछन् । जसकारण पनि केटाकेटी उनका बालकवितासँग खुसी हुन्छन् । यस अर्थमा पनि नेउपाने सफल बालकवि बनेको प्रष्ट हुन्छ ।

# परिच्छेद : छ

## मुक्तिनाथ शर्मा नेउपानेको बाल उपन्यासको अध्ययन

### ६.१ विषय परिचय

बालउपन्यास बालसाहित्यकै एक विधा हो । यो बाल र उपन्यास दुई शब्दहरूको संयोजनबाट निर्मित शब्द हो । जसमा 'बाल' शब्दले १५/१६ वर्षसम्मका केटाकेटीलाई र उपन्यास शब्दले सामान्य मानिसको भौतिक, सामाजिक, सांस्कृतिक तथा मनोजगतको सपाट चित्र, कल्पना र यथार्थको समिश्रणबाट खिच्ने लामो गद्य विधालाई जनाउँछ जसको केन्द्रमा आख्यानात्मकता रहेको हुन्छ (अर्याल, २०४५:२२) । बालबालिकालाई विभिन्न क्षेत्रको बारेमा जानकारी प्रदान गर्ने हेतुले रचना गरिएको लामो कथाको रूपमा पनि बाल उपन्यासलाई लिन सकिन्छ ।

बालबालिका कथा पढ्न रूचाउने हुनाले 'उपन्यास' पनि उनीहरूका लागि रोचक हुन सक्छ (प्रधान, २०५७:५५) । बालउपन्यासको माध्यमबाट बालबालिकाहरूले विभिन्न क्षेत्र र विषयको ज्ञानलाई सरल र आकर्षक आख्यानात्मक शैलीमा प्राप्त गर्न सक्दछन् । बालउपन्यास पढेर बालबालिकाहरूले आफ्नो कल्पनाशक्ति, सिर्जनाशक्ति, क्षमता र भाषिक अभिव्यक्तिको कुशलतालाई पनि वृद्धि गर्न सक्दछन (अर्याल, २०४५:१२) ।

बालसाहित्यकार मुक्तिनाथ शर्मा नेउपानेले साहित्यका विविध विधामध्ये उपन्यास विधामा पनि आफ्नो कलम चलाएका छन् । विभिन्न बालविचारहरूलाई आफ्नो उपन्यासको विषयवस्तु बनाएर नानीहरू माझ आफ्नो गतिलाई निरन्तरता दिने काम गरेका छन् । उनको एक मात्र बालउपन्यास 'अञ्जना र आकृति' (२०६७) प्रकाशित छ । यो उपन्यास वर्णनात्मक शैलीमा प्रस्तुत गरिएको छ। उपन्यासका अधिकांश पात्रहरू पनि बालबालिका नै रहेका छन् ।

### ६.२ उपन्यासको विषयवस्तु

विषयवस्तु उपन्यासको नभइ नहुने तत्त्व पनि हो । बालबालिकाको उमेरअनुसार विभिन्न विषयलाई बाल उपन्यासको विषयवस्तु बनाउन सकिन्छ, तर ती बालकेन्द्रित भने हुनुपर्छ । बालउपन्यास बालबालिकाको निम्ति रचिने उपन्यास हो त्यसकारण यसको भाषा पनि दुर्वोध्य हुनु हुँदैन ।

नेउपानेको बालउपन्यासको विषयवस्तु सीमित छ । प्राथमिक तहमा अध्ययनरत बालबालिकालाई लक्षित गरी लेखिएको हुनाले कथावस्तु, भाषा पनि सोही अनुरूपकै पाइन्छ । उपन्यासमा मानवीय पात्रको मात्र प्रयोग गरिएको छ । यो विभिन्न पाँच भागमा संरचित छ ।

प्रथम भागमा लमजुङको जीता गाउँको परिवेशसँगै कथावस्तु सुरु भएको छ । उपन्यासमा गाउँ निवासी दुई मित्र अञ्जना र आकृति बिचको मित्रताको भावलाई विश्लेषण गरिएको छ । अञ्जना र आकृतिको मित्रतालाई भोक, तिर्खा, जाडो, गर्मी केहीले पनि छुटाउन सकेको छैन । अञ्जनाका बाबा काठमाडौंमा छन् र उनले घर फर्कंदा एउटा मुना पत्रिका ल्याई दिएका छन् । त्यसै पत्रिकाको सेरोफेरोमा पूरै उपन्यास केन्द्रित रहेको छ । अञ्जना र आकृति दुवैले मुनामा भएका भाउपन्थी दादाको ‘उमेश र सपना’ शीर्षकको कथा, रत्न शमशेर थापाको गीत लगायत सबै कुरा पढेका छन् । पत्रमित्रता खण्डबाट छानेर नौजना साथीलाई चिठी लेखी बाबासँग पठाएको प्रसङ्ग पनि उपन्यासमा छ । अञ्जनाको भाइ इशान पनि मुना पढेपछि आफू पनि कविता लेखी छपाउने सोचमा पुगेका छन् र लेखेर बाबासँग छाप्नका लागि पठाएका पनि छन् । अञ्जना र आकृतिले पनि कविता, कथा, चुट्किला लेखेर मुना र अन्य बालपत्रिकामा छपाउन पूरा गर्नुपर्ने प्रक्रियाका बारेमा अञ्जनाका बाबाबाट जानकारी लिएका छन् । सुरुमा सो कामको जिम्मा बाबालाई दिने र पछि पछि आफैँ सम्पर्क राख्ने सल्लाह गरेका छन् । आकृतिका दाजु ईश्वरलाई पनि उनीहरूको कुरा मन परेपछि उनी पनि बहिनीहरूको यस कार्यमा सामेल भएका छन् ।

दोस्रो भागमा अञ्जना, आकृति, इशान र ईश्वरले स्कुलमा गएर साथीहरूलाई यी कुरा सुनाएका छन् । गुरुले पनि थाहा पाएका छन् र आफ्ना विद्यार्थी चलाख र प्रतिभावान् भएकोमा दङ्ग परेका छन् । सबैको सामूहिक छलफलबाट १० जनाको एउटा समूह बनाइ पैसा उठाउने र प्रधानाध्यापकको सल्लाह बमोजिम उठेको पैसा हुलाक बचत खातामा राख्ने निधो गरियो । प्रधानाध्यापक आफैँले गएर खाता पनि खोलिदिए । शनिबार सबैजना अञ्जनाको घरमा जम्मा भएर मकै, भटमास, सुन्तला, मूला खाँदै आफूले ल्याएका सामग्री वाचन गर्न तयारी गर्दा गर्दै अञ्जनाका बाबा पनि आइपुगे । हजुरआमा र बाबा सुन्नको लागि बस्नुभयो । सबैले पालैपालो आ-आफ्ना कथा, कविता, चुट्किला सुनाए । अञ्जना र

आकृतिले सल्लाह गरेर संयुक्त रूपमा लामो कविता लेखेका रहेछन् । उनीहरूको लामो कविताको भाव यस्तो छ :

चैत सिद्धिएर वैशाख लागेको समय छुट्टिको दिनमा चाँडै उठेर नुहाइ, दूध, खाजा खाएर सफा नाना लगाएर खेल्नका लागि आँगनमा झर्दा अचम्ममा परेको कुरा छन् । बारीभरि हरियाली छाएको, सेता, राता, पहेँला रङ्गका फूल ढकमक्क फुलेका रहेछन् । पाखा पखेरामा नयाँ पालुवा पलाएको छ । हिमालमा हिउँ टल्केको छ । चौरमा पनि हरियो दुबो पलाएको छ । आँप, आरू फुलेर मीठो बास्ना फैलाएका मौरी र भमरा भुनभुनाएको, पुतली, उडेको दृश्यको वर्णन कवितामा गरेका छन् । मुने पाठो, साना भाइबहिनी, चम्री गाईको बाच्छी सबै उफ्रँदै खेलेका बेला हजुरआमा बोलाउँदै आउँदा अझ रमाइलो भएको छ । हजुरआमाले फूल फुलाउने तरिका सिकाउनु भएको छ । बारी खनेर, डल्ला फोरेर, बीउ छरी बेर्ना सारेर बारबेर गरी मल र ओखती पनि दिनुपर्ने कुरा सिकाउनु भएको छ । फूल ठूलो भएपछि कोपिलाउने र फुल्ने गर्छ अनि आफ्नो आयु सकिएपछि ओइलाएर झर्छ । मानिसको जीवन पनि त्यस्तै हो, धर्तीमा जन्मन्छ, हुर्कन्छ अनि बुढो भएर मर्नुपर्दछ । कोही मानिस यस्ता हुन्छन् जो मरेर पनि समाजले सम्झिरहन्छ । हामी सबैले सकेसम्म राम्रो काम गरेर, मरेर पनि बाँचने कोसिस गर्नुपर्दछ । साँचो बोल्ने तथा जाँगरिलो हुनुपर्दछ । विनाकारण फूललाई पनि पिटेर फाल्नु हुँदैन । अल्छीपन, एक्लोपन त्यति राम्रो हुँदैन, त्यसैले समाजमा मिलीजुली काम गर्नुपर्दछ । ठूलालाई आदर, सानालाई माया गर्नुपर्छ र सकेसम्म समाजको बत्ती बन्ने कोसिस गर्नुपर्छ । अरुलाई दुःख दिनु हुँदैन । अब म त कसैलाई दुःख दिन्न भाइबहिनीलाई पनि सम्झाउँछु । साथीहरू पनि सबैले यसै गर्नु । यस्तो व्यवहार गरियो भने मामुबाबा पनि साह्रै खुसी हुनुहुन्छ भन्ने भाव व्यक्त गरिएको छ र बेला बेलामा यसरी नै आफ्नो प्रतिभा देखाउन जम्मा हुने सल्लाहमा अन्त्य भएको छ ।

तेस्रो भागमा दुई महिनापछि अञ्जनाका बाबा घर आउँदा फेरि मुना ल्याइ दिएका छन् । त्यसमा इशानले पठाएको कविता, अञ्जना र आकृतिले पठाएका पत्रमित्रता पनि छापिएको रहेछ । सबैजना खुसी भए । अझ इशान त कविता लेखे वापत रु.३००।- पाउँदा झन खुसी भए । त्यसपछि उनीहरूलाई थाहा भयो कि मुनामा लेख रचना लेखे वापत मुनाले पारिश्रमिक पनि दिने रहेछ । पत्रमित्रतामा नाम पठाएकोले हुलाकबाट अञ्जनालाई एउटा चिठी पनि आएको छ । चिठी गोरखा मनकामनाकी उर्मिला थापाले पठाएकी

रहिछन् । उनी कक्षा चारकी विद्यार्थी रहिछन् । मुनाबाट ठेगाना पाएकीले चिठी लेखेको उल्लेख गर्नुका साथै केबलकार चढेर मनकामना आउन निम्तो समेत पठाएकी छन् । त्यस्तै तनहुँका एक बहादुर दुराको चिठी पनि उनीहरूलाई प्राप्त भएको छ । पत्रमित्रता मार्फत सबै सल्लाह मिलाएर बाबालाई लिएर मनकामनातिर घुम्न पनि हिँडेका छन् । चरेशमा पुग्ने बित्तिकै एकबहादुर पनि भेट भएका छन् र सबैजना केवलकार चढेर मनकामना गएका छन् । उता उर्मिला थापा र उनकी मामुसँग पनि भेट भएको छ । मनकामनाको दर्शन गरेपछि सबैजना उर्मिलाको घर गएर पहेँलै पाकेका सुन्तला र कुराउनी खाँदै बसेका छन् ।

चौंथो भागमा उर्मिलाकी मामु शिक्षिका भएको कुरा सबैले थाहा पाएका छन् । उहाँले सबैलाई आफ्नो स्कुल घुमाउन लानु भएको छ र परिचय पनि गराउनु भएको छ । हेडसरलाई इशानले कविता सुनाएका छन् । आफू जस्तै धेरै नयाँ साथी भेटेकोमा उनीहरू दङ्ग छन् । भोलिपल्ट उर्मिलाकी मामुले काठमाडौं घुमाउन लानु भएको छ । त्रिशुली नदीको किनारै किनार बस कुद्दा उनीहरू रमाएका छन् । बाटोमा उर्मिलाकी मामुले सुन्तला, केरा, अङ्गुर किनेर खुवाउँदै नयाँ ठाउँको नाम बताउँदै लानु भएको छ । मलेखुमा पुगेर तारेको माछा पनि खुवाउनु भएको छ । बस गजुरी, धार्के, हुँदै खानीखोला नौबीसे पुग्दा काठमाडौं आइ पुग्ने लागेको बताउनु भएको छ । काठमाडौं हेर्न पाउने आशमा केटाकेटी फुरूङ्ग छन् । बस नागढुङ्गा आइपुग्ने बित्तिकै उर्मिलाको मामुले झिलिमिली काठमाडौंको दृश्य देखाइ दिँदा केटाकेटी औधी रमाएका छन् ।

पाँचौं भागमा अञ्जना र आकृति सहितको टोली दुई दिन काठमाडौंका पशुपति, वनकाली, स्वयम्भु, नगरकोट जस्ता धेरै ठाउँ घुमेका छन् । भृकुटीमण्डपको साझा प्रकाशनको बिक्री कक्षबाट धेरै बालसाहित्यका पुस्तक किनेका पनि छन् । धर्मपथको गोरखापत्र संस्थानमा रहेको मुना पत्रिकाको कार्यालयमा पुग्दा सम्पादक दिदीले स्वागत गरी पत्रिका पनि दिनु भएको छ । यो देखेर बालबालिका अत्यन्तै खुसी भएका छन् । काठमाडौंबाट फर्कने बेलामा अञ्जना र आकृतिले हुलाकमार्फत धेरै साथीलाई चिठी पठाएका छन् । अबका छुट्टटी मनाउन अरु साथीका जिल्ला जाने र अरुलाई आफ्नो जिल्लामा बोलाउने सल्लाह भएको छ । त्यसैगरी पत्रमित्रता मार्फत देशैभरि साथी बनाई विभिन्न ठाउँको जानकारी लिन सकिने कुरा उर्मिलाकी मामुले बताउनु भएको छ । साथै मामुले सबैसँग मिल्ने बानी बसाउनु पर्ने र मेलमिलापबाट नै सबै असल हुने र देश विकास

समेत हुन सक्ने कुरा सम्झाउनु भएको छ । अन्त्यमा सबैसँग विदा भएर अञ्जनाको टोली घर पुगेका छन् । घर पुग्दा आकृतिको घरको एउटा कोठा खाली गरी सानो दराज राखिएको रहेछ र दराजमा 'अञ्जनाकृति' बाल पुस्तकालय तथा वाचनालय भनेर पनि लेखिएको पाए । उनीहरू चारैजना दराजमा पुस्तक मिलाउँदै गर्दा सिकर्मी दादाले मेच, टेबुल लिएर आउनु भयो, हेर्दौ हेर्दै स्कुलका सर मिसहरू पनि आएको प्रसङ्ग उल्लेख गर्दै उपन्यास सकिएको छ ।

उपन्यास आदी, मध्य र अन्त्यको श्रृङ्खलामा विकास भएको छ । आदी भागमा मुना पत्रिका पढेर बाल मनमा जिज्ञासा उत्पन्न भएका छन् । उनीहरूलाई पनि लेख रचना पठाएर छपाउन मन लागेको छ तर प्रक्रिया थाहा पाएका छैनन् भने मध्य भागसम्म आई पुग्दा परिवारका साथ र सहयोगका कारण उनीहरूका रचना मुनाको कार्यालयसम्म पुगेका छन् र बाल जिज्ञासा पनि मेटिएका छन् । अन्त्य भागमा उनीहरूका आफ्ना लेख रचना मुना पत्रिकामा छापिएर घरसम्म आइपुगेका छन् र बालबालिका आफ्ना लेख किताबमा देख्न पाउँदा दङ्ग पर्नुका साथै असाध्यै खुसी पनि भएका छन् । उपन्यास सुखान्तमा टुङ्गिएको छ ।

## ६.३ चरित्र चित्रण

बालउपन्यासका पात्रहरू सीमित र बाल सुलभ चरित्रका हुन्छन् र तिनीहरूमा पनि विभिन्न चरित्र भरी दिने काम उपन्यासका स्रष्टाले गरेको हुन्छ । बालउपन्यासमा चित्रित पात्रमा साहस धैर्य, परोपकार, सत्यवादीपन, मानवता जस्ता गुणहरू प्रदान गर्न सकिएमा त्यसबाट बालबालिकाको असल चरित्रको निर्माणमा सहयोग पुग्ने हुन्छ (अर्याल २०४५, २०) । प्रस्तुत अञ्जना र आकृति बाल उपन्यासका चरित्रहरू निम्नानुसार छन् :

### अञ्जना र आकृति

यस उपन्यासका प्रमुख पात्र हुन् । यी दुईको नामबाटै उपन्यासको नामाकरण गरिएको छ । यी दुवै कक्षा दुईका विद्यार्थी हुन् । दुवैको स्वभाव र रुचि पनि एउटै छ । मुना पत्रिकाले अञ्जना र आकृतिको मनमा प्रभाव पारेको छ र लुकेको प्रतिभाले प्रष्फुटन हुने अवसर पनि पाएको छ । उनीहरूले पत्रमित्रता मार्फत धेरै साथी बनाएका छन् र साथीको घरतिर घुम्न पनि गएका छन् । यी मिलनसार सहयोगी, साहसी पनि छन् । यिनैको पहलमा

स्कुलमा सबै विद्यार्थीले बालपत्रिका पढ्न, लेख रचना छपाउन र धेरै कुरा बुझ्ने अवसर पनि पाएका छन् । यी दुईको लगाव र आँट देखेर परिवारका सदस्यले घरमा नै वाचनालय तथा पुस्तकालय पनि खोलिदिएका छन् ।

**इशान**

इशान अञ्जनाका भाइ हुन् । उनी मुना पत्रिका पहिलो चोटी पढ्न पाउँदा साह्रै खुसी छन् । पत्रिका पढ्दा पढ्दै इशानमा पनि कविता लेख्ने र मुनामा छपाउने इच्छा जागेको छ । इशानले उर्मिलाकी मामुको स्कुलका सरहरूलाई पनि कविता सुनाएका छन् । उनी पनि अञ्जना र आकृति सँगसँगै अघि बढेका गतिशील पात्र हुन् ।

**ईश्वर**

ईश्वर आकृतिका दाजु हुन् । उनी पनि बहिनीहरूका हरेक क्रियाकलापमा सरिक छन् । ईश्वर भाषण गर्ने कलामा पनि निपूण देखिन्छन् । मनकामना घुम्न जाँदादेखि काठमाडौंसम्म र दराजमा पुस्तक मिलाउँदासम्म वा आदीदेखि अन्त्यसम्म देखा पर्ने गतिशील पात्र हुन् ।

**हजुरआमा**

हजुरआमा अञ्जनाकी हजुरआमा हुन् । यिनले बालबालिकाको हरेक क्रियाकलापमा खुलेर साथ दिएकी छन् । उनीहरूलाई कथा, कविता, चुट्किला लेख्नलाई पृष्ठपोषण पनि प्रदान गरिरहेकी छन् । साथै बालबालिकालाई मकै, भटमास, मोही, सुन्तला, मूला लगायत समय समयमा मीठो खाजा पनि खुवाएकी छन् ।

**बाबा**

बाबा अञ्जनाका बाबा हुन् । उनी काठमाडौंमा जागिरे छन् । उनले नै बालबालिकालाई मुना पत्रिका ल्याइदिएका छन् । नजानेका कुरा सिकाइ दिने र बालबालिकाको लेख रचना मुना पत्रिकाको कार्यालयसम्म पुऱ्याउने काम गरेका छन् । यिनी ठाउँ ठाउँमा मात्र देखा पर्ने बालसहयोगी पात्र हुन् ।

**अन्य पात्रहरू**

अन्य पात्रहरूमा अञ्जना र आकृतिका साथीहरू, स्कुलका प्रधानाध्यापक, अन्य सर मिसहरू, उर्मिला थापा, उर्मिलाकी मामु, बाबा, हजुरबा, हजुरआमा, तनहुँका एकबहादुर दुरा, मुना पत्रिकाकी सम्पादक दिदी, हुलाकी दादा आदि रहेका छन् । यी पात्रहरूले पनि उपन्यासलाई अगाडि बढाउन परोक्ष रूपमा सहयोग पुऱ्याइरहेका छन् ।

## ६.४ परिवेश

अञ्जना र आकृति बाल उपन्यास ग्रामीण परिवेशमा आधारित भएर रचना गरिएको उपन्यास हो । लमजुङ जिल्लाको जीता सातधारे गाउँको चिनारी उपन्यासमा दिइएको छ । बादल लागेको, घाम नलागेको, जाडो मौसमको कल्पना उपन्यासमा गरिएको छ । दोस्रो खण्डमा स्कुलको परिवेश छ । स्कुलका साथीहरू बिचमा लेख, रचना लेख्ने, वाचन गर्ने र प्रकाशित गर्ने विषयमा छलफल भएको छ । तेस्रो खण्डमा अञ्जनाको घरको परिवेश छ । बाबा अर्को मुना पत्रिका ल्याई दिएका र सबैजना साथीहरू खुसी हुँदै पढेका छन् । चौंथो खण्डमा उर्मिलाको घरको, स्कुलको चित्रण छ । साथै केवलकार, त्रिशुली नदीको किनारै किनार बस कुदेको, गजुरी मलेखु, धार्के, नौबीसे बजारको चिनारी, खानीखोला, नागढुङ्गादेखि काठमाडौंसम्मको वर्णन हल्का रूपमा पाइन्छ । अन्तिम खण्डमा पशुपति, वनकाली, स्वयम्भू, नगरकोट, भृकुटीमण्डप लगायतका ठाउँ परिवेशको रूपमा उपन्यासमा आएका छन् ।

अञ्जना र आकृतिले वाचन गरेको लामो कवितामा परिवेशको राम्रो चित्रण गरिएको छ । कवितामा चैत सकिएर वैशाख लाग्दाको समय बारीभरि हरियाली छाएको सेता, राता, पहेँला रङ्गमा फूल ढकमक्क फुलेका, पाखा पखेरामा नयाँ पालुवा पलाएका हिमालमा सेतो हिउँ टलटल टल्केको, चौरभरि हरियै दुबो छरिएको, आँप, आरू फुलेर मीठो बास्ना आएको, फूलमा मौरी र भमरा भुन्भुनाएको, पुतली उडेको, भाइ बहिनी र गाईका बाच्छाबाच्छी, बाखाका पाठापाठी उफ्री उफ्री खेलेका परिवेश चित्रण गरिएको छ ।

## ६.५ भाषाशैली

उपन्यासको भाषा अत्यन्त सरल र बालबालिकामुखी रहेको छ । ग्रामीण परिवेशका झर्रा शब्दहरूको प्रशस्त प्रयोग उपन्यासमा भेटिन्छ । उपन्यासमा नाना, माम, दुदु, जस्ता बाल शब्द पनि छन् । त्यस्तै मकै, भटमास, मोही, मूला लगायत खाम, टिकट, हुलाक, हुलाक बचत खाता, लेखस्व, केवलकार, सिकर्मी, पुस्तकालय, वाचनालय जस्ता शब्दको अर्थसँग बालबालिका खेल्ने र परिचित हुने मौका पाएका छन् । विभिन्न ठाउँहरू लमजुङको जीता, तनहुँ, गोरखा, मलेखु, मनकामना, गजुरी, धार्के, नौबीसे, नागढुङ्गा, पशुपति, वनकाली, स्वयम्भू, नगरकोट जस्ता ठाउँको नाम पनि बालबालिकाले जान्ने मौका पाएका छन् । साथै यस उपन्यासलाई मुसुमुस, टुप्लुक्क, ढकमक्क, भुनभुन जस्ता अनुकरणात्मक शब्दका साथै खाउखाउ, बेलाबेला, उफ्रँदै उफ्रँदै, सानी सानी दौडी दौडी, राम्रा राम्रा जस्ता द्वित्व शब्दको प्रयोगले अझ रोचक बनाएको छ ।

बालउपन्यास भए पनि यसमा संवादभन्दा वर्णनात्मक शैली अपनाइएको पाइन्छ । उपन्यासमा बोलीचालीको भाषा नै प्रयोग गरिएको छ । यसले सबै स्तरका बालपाठकलाई समेट्न सकेको पाइन्छ । विम्बात्मक र प्रतीकात्मक भाषाको प्रयोग गरिएको छैन ।

## ६.६ दृष्टिविन्दु

यस उपन्यासमा बाह्य तृतीय पुरूष दृष्टिविन्दुको प्रयोग गरिएको छ । बाह्य भित्र पनि दृष्टिकेन्द्रित पात्र अञ्जना र आकृति हुन् । यस उपन्यासमा पात्र अनुकूल वातावरण देखाइएको छ । सिङ्गो उपन्यास अञ्जना र आकृतिको केन्द्रीयतामा फन्को मारेको छ । उपन्यासभरि अञ्जना, आकृतिका इच्छा, चाहना र बालमनोविज्ञानको चर्चा छ । उपन्यासको सुरुदेखि अन्त्य पनि यी दुईबाटै भएको छ । उपन्यासमा अञ्जनाकृति नै उपन्यासकारका दृष्टिविन्दु हुन् ।

## ६.७ उद्देश्य

प्रस्तुत अञ्जना र आकृति बाल उपन्यासको प्रमुख उद्देश्य बालबालिकालाई मनोरञ्जनका माध्यमबाट पढाइ लेखाइमा उत्प्रेरणा जगाउनु हो । किताबी ज्ञानका अलावा बालबालिकालाई अन्य बालसाहित्यिक सामग्रीको पनि आवश्यकता पर्दछ । त्यसैले समय समयमा प्रकाशन हुने बालबालिकाका लागि उपयुक्त सामग्री पढ्ने अवसर दिएमा बाल प्रतिभाले प्रष्फुटन हुने मौका पाउँछ । उनीहरूको सिर्जनशील क्षमता बाहिर आउँछ । अरुका

लेख देखेर पढेर उनीहरूमा पनि केही लेखौं भन्ने भाव जगाउँछ । आफ्ना सामग्री किताबमा छापिदा बालबालिका खुसी पनि हुन्छन् । उपन्यासको प्रमुख उद्देश्य मनोरञ्जन र सूचना, ज्ञान तथा शिक्षा प्रदान गर्नु र प्रतिभा प्रष्फुटन गराउनु रहेको छ ।

**मनोरञ्जन**

यो उपन्यासले केटाकेटीलाई शब्दद्वारा नै विशुद्ध मनोरञ्जन प्रदान गरेको छ । बाल उपन्यासमा यदाकदा बाहेक बाल पात्रकै प्रयोग गरिएको छ । समूह गठन गर्ने लेखरचना लेख्ने र वाचन गर्ने कलाले झन हौसला र थप मनोरञ्जन प्रदान गरेको छ । उपन्यासको प्रत्येक पृष्ठमा विषयवस्तु सुहाउँदा बालचित्रहरू पनि अङ्कित छन् । जसले मनोरञ्जनमा थप सहयोग पुऱ्याएको छ ।

**सूचना ज्ञान तथा शिक्षा**

अञ्जना र आकृति बाल उपन्यासको उद्देश्य बालबालिकालाई सूचना, ज्ञान तथा शिक्षा प्रदान गर्नु पनि रहेछ । विभिन्न क्षेत्र ठाउँ, हुलाकी, केवलकार जस्ता अपरिचित शब्दको बारेमा सूचना प्रदान गरेको छ । यसबाट ज्ञान पनि प्राप्त भएको छ । त्यस्तै छलफलका माध्यमबाट धेरै समस्याको हल खोज्न सकिन्छ भन्ने सन्देश पनि प्राप्त गर्दछन् । साथी बनाउने तरिका पत्रिकामा लेख रचना छपाउन पूरा गर्नुपर्ने प्रक्रियाका बारेमा बालबालिकाले शिक्षा प्राप्त गरेका छन् ।

**प्रतिभा प्रष्फुटन**

प्रतिभा प्रष्फुटन पनि यस उपन्यासको उद्देश्यभित्र पर्दछ । गाउँघरमा लुकेर रहेका अनगिन्ती बालप्रतिभाहरू छन् जो अवसरको कमीका कारण बाहिर निस्कन सकेका छैनन्, तिनका निम्ति खुराक बनेको छ । बाल पत्रिकाप्रति बालबालिकाको रुचि जगाउनु, आफूले आँटेको काममा लागि परिरहनु पनि यसका उद्देश्य हुन् । यसबाट बालबालिकाको तर्कशक्ति, विचारशक्ति, बढ्नुका साथै देश विदेशका विभिन्न घटना, सत्य, तथ्य समाचार, विभिन्न ठाउँको बारेमा जानकारी प्राप्त हुनुका साथै अपार ज्ञानराशी बाँड्नु र शब्दभण्डार फराकिलो पार्नु पनि उपन्यासको उद्देश्य हो ।

## ६.८ निष्कर्ष

बाल उपन्यास बालसाहित्यकै एक विधा हो । बालबालिका कथा पढ्न रूचाउने हुनाले सामान्य भाषाशैलीमा लेखिएका बालउपन्यास पढ्न पनि रूचाउँछन् । नेउपानेको अञ्जना र आकृति बालउपन्यास पनि यस्तै सामान्य सामाजिक बोलीचालीका भाषा प्रयोग गरी बालपात्रकै प्रयोग गरी रचिएको मनोरञ्जनात्मक तथा सूचनामूलक उपन्यास हो । यस उपन्यासको आधारमा मुक्तिनाथ शर्मा नेउपानेलाई थाहै नपाई रमाइलोसँग बाल कौतुहलता मेटाउने, विभिन्न खालका नयाँ कुराहरूको जानकारी प्रदान गर्ने, पढाइप्रति बालरुचि जगाउने, सकारात्मक बालमनोवैज्ञानिक प्रभाव पार्ने बाल उपन्यासकारका रूपमा चित्रण गर्न सकिन्छ । उनको बाल उपन्यासले पनि बालबालिकाको असल काममा परिवार र आफन्तजनको सहयोग आवश्यक र त्यसबाट नै बालप्रतिभाले समेत प्रष्फुटित हुने मौका पाउँछ भन्ने कुरालाई प्रष्ट साथ देखाएको छ ।

# परिच्छेद : सात

# सारांश तथा निष्कर्ष

## ७.१ सारांश

वि.सं. १९९६ सालमा जन्मेका मुक्तिनाथ शर्मा नेउपाने, वि.सं. २०१९ मा 'बन्दीपुरे उकाली' नामक पत्रिकामा सोही शीर्षकको कविता छपाएर औपचारिक रूपमा साहित्यिक क्षेत्रमा प्रवेश गरेका हुन् । वि.सं. २०१९ देखि अहिलेसम्म निरन्तर रूपमा साहित्यमा विभिन्न विधाहरूमा साधनारत रहेर उनले पाँच दशक भन्दा लामो साहित्यिक यात्रा पुरा गरिसकेका छन् । वि.सं. २०१८ सालमा नेपाल सरकारको निजामती सेवामा प्रवेश गरेका नेउपानेले विभिन्न ठाउँ र तहको अनुभव बटुल्दै आफ्नो नोकरी अवधि पुरा गरी अवकाश पाएका हुन् । उनी नेपाली साहित्यमा विशेषगरी बालसाहित्यकारका रूपमा परिचित स्रष्टा हुन् । उनका साहित्यिक र साहित्येतर गरी झण्डै तिन दर्जन पुस्तकहरू प्रकाशित छन् ।

दोस्रो परिच्छेदमा बालसाहित्य सम्बन्धी सैद्धान्तिक परिचय प्रस्तुत गरिएको छ । बालसाहित्य बालबालिकाको निम्ति रचिने साहित्य हो । यो अरुले बालबालिकाको निम्ति रचिदिने र बालबालिका स्वयम्ले रच्ने गरी दुई किसिमको हुन्छ । यो बालजगत्को रमाइलो विधा पनि हो । यसले पढाइका अलवा बालबालिकालाई थप ज्ञान, सीप, प्रदान गर्ने काम गर्दछ । बाल साहित्य भित्र कथा, कविता, गीत, उपन्यास आदि जस्ता विधाहरू पर्दछन् । बालसाहित्यले बालबालिकाको मनमा रहेको दुष्प्रवृत्तिहरूलाई हटाई उनीहरूको मनलाई स्वस्थ्य बनाउँछ । उनीमा सही शिक्षा दिने, मानसिक कुण्ठाहरूलाई फाल्ने काम पनि यसले गरिरहेको हुन्छ । साथै बालबालिकाहरूका अभिभावकहरूमा स्नेह, करुणा र वात्सल्यको भावना अभिप्रेरित गराई बालहितको संरक्षण गर्ने दायित्व बोध समेत बालसाहित्यले गराएको हुन्छ । यसले आफ्नो परम्परा अनुसार आदर्श विचार, नैतिक मान्यता सामाजिक सम्बन्ध, साथीभाइ, सहपाठीहरूसँगको सम्बन्ध सुधार्नुका अलवा भाषा, संस्कृति, राष्ट्रप्रति सम्मान र गर्व गर्न समेत प्रेरित गर्दछ । विश्व साहित्यमा कम चर्चा पाए पनि बालसाहित्यका आफ्नै परिचय, परिभाषा, तत्त्व, उद्देश्य, विशेषताहरू रहेका छन् । बालसाहित्य बालबालिकाको रुचि, चाहना र आवश्यकतालाई उनीहरूको उमेर स्तर अनुकुल, ज्ञान विज्ञान, इतिहास, लोकजीवन आदिका विविध सन्दर्भहरूलाई रोचक रूपमा सरल र सुबोध भाषामा प्रस्तुत

हुनुलाई पनि भनिन्छ । यो लेखक केन्द्रित नभइ पाठक केन्द्रित हुन जरुरी हुन्छ । जसबाट बालबालिकाको तर्कशक्ति, बौद्धिकता, कल्पनाशक्तिको विकास हुन्छ । विषयवस्तु, पात्र, परिवेश, भाषाशैली आदिलाई बालसाहित्यका आवश्यक तत्त्वहरू हुन् । यिनै तत्त्वका सहायताबाट सर्जकले बालमनोकुलको साहित्य सिर्जना गर्न सक्दछ । बालसाहित्यमा विषयवस्तु सुहाउँदो चित्र पनि प्रस्तुत गर्नु उपयुक्त हुन्छ । शब्दले बुझाउन नसकेको विषय चित्रले रचित्रले बुझाउन नसकेको विषय शब्दले बुझाउन सक्ने गरी चित्र र शब्द बीच तारतम्य मिलाई प्रस्तुत गरेमा बालसाहित्यको सान्दर्भिकता अझ बढ्न जान्छ । बालबालिकाले बुझ्ने रसिलो, मिठो भाषाशैलीमा लेखिएका समान उमेरका केटाकेटीहरूको चरित्र, संवाद र क्रियाकलापहरू बुझ्न उनीहरूलाई कुनै अप्ठ्यारो हुँदैन र सजिलैसँग अनशरण गर्न पनि सक्छन् । बालसाहित्यको स्वरूपलाई केलाउँदा यो बालसमाज केन्द्रित मनोरञ्जनपूर्ण, आकर्षक, सत्सन्देशमूलक र सूचनामूलक हुनु आवश्यक देखिन्छ । बालसाहित्यको पनि आफ्नै प्रकारको विशिष्ट उद्देश्य रहेको छ । बालबालिकाहरूका लागि विभिन्न विषयको जानकारी दिँदै उनीहरूलाई सक्षम र जाकरुक बनाउनु बालसाहित्यको उद्देश्य हो । बालसाहित्यको अध्ययन गरेर हेरेर केटाकेटी सिकाइमा विस्तार गर्न सक्छन्, जसकारण उनीहरू भित्र लुकेको प्रतिभाले प्रष्फुटन हुने मौका पाउने हुँदा प्रतिभा प्रष्फुटन गराउनुलाई पनि यसैको उद्देश्यमा समावेश गर्न उचित हुन्छ । संक्षेपमा बालसाहित्यको उद्देश्य बालहित गर्नु हो ।

मुक्तिनाथ शर्मा नेउपाने नेपाली बालसाहित्यको विकास प्रक्रियामा देखा परेका बहुमुखी प्रतिभा हुन् । उनले एकातिर बालसाहित्यका कथा, कविता, उपन्यास जस्ता विधा रचना गरेका छन् भने अर्कातिर प्रौढसाहित्यका नियात्रा सम्बन्धी निबन्ध, कथा, उपन्यास, खण्डकाव्य, गजल समालोचना जस्ता विधामा कलम चलाएका छन् । नेउपानेले साहित्य र साहित्यतर दुवैतर्फ आफूलाई पुऱ्याएका छन् । विभिन्न आध्यात्मिक चिन्तनका पुस्तक र प्रशासनिक क्षेत्रका पुस्तक समेत रचना गरेका छन् ।

मुक्तिनाथ शर्मा नेउपाने सफल बालकथाकार हुन् । उनले विभिन्न सामाजिक विषयवस्तु समेटेर कथा सृजना गरेका छन् । प्रकाशित कथा सङ्ग्रहमा बब्लु र सुगा (२०६६) सौगात र हिमचुली (२०६८), सानी नानी राम्रो बानी (२०६८), कुसुमको काँकरी (२०६८), गौँथलीको जाँगर (२०७२) रहेका छन् । नेउपानेले आफ्ना बालकथाका माध्यमबाट

बालबालिकालाई विभिन्न किसिमका शिक्षा प्रदान गरेका छन् । नैतिक आचरणका कुरा सिकाउँदै सही मार्गदर्शन गर्न उनका कथाले भरपुर प्रयास गरेका छन् । उनका बालकथाले बालबालिकामा आँट, साहस जगाएका छन् । माया ममता, दया, संस्कारका कुरा सिकाएका छन् । देशभक्तिको भावना जगाएका छन्, समाजमा मिलेर बस्नुपर्ने, परेका बेला सबैलाई सहयोग गर्नुपर्ने, कसैसँग झगडा गर्नु नहुने सबैलाई असल र साँचो व्यवहार गर्नुपर्ने, अनुशासित र मिलनसार बन्न पनि उनका कथाले सिकाएका छन् । कथालाई आकर्षक र मनोरञ्जनपूर्ण बनाउन विभिन्न मानवेतर पात्रहरूको पनि प्रशस्त प्रयोग गरेका छन् । कथामा उन्नति, प्रगति ज्ञान विज्ञानका कुरा खोज अनुसन्धानका कुरा पनि छन् । सरल र सुबोध भाषाशैलीमा विषयवस्तु सहाउँदा बालपात्रको प्रयोग गरिएको छ । प्रत्येृक कथामा कथावस्तु सुहाउँदा चित्र पनि समावेश गरिएको छ । कथा परिवेश पनि बालानुकुल नै रहेको छ । प्रायः पहाडी परिवेशको झल्को कथामा पाइन्छ । नेउपानेका बालकथामा परिवेश अनुसारको कथावस्तु र कथावस्तु सुहाउँदा पात्रको छनोट गरिएको छ । कथालाई रोचक बनाउन प्रयोग भएका मानवेत्रर पात्रमा मुसो, गौथली, मनेपाठो, सुगा, माहुरी, बिरालो, बाँदर, गाइका बाच्छाबाच्छी आदि रहेका छन् । उनका बालकथाहरूमा असल पात्रको जीत र खराब पात्रको हार भएको देखाइएको छ । जसकारण बालमनमा सकरात्मक सन्देश जानुको साथै खराव कामप्रति निरुत्साहित पनि हुन्छन् । बालमनमा उत्पन्न कौतुहलता मेटाउन नेउपानेका बालकथा सफल भएका छन् । कथामा देशभक्ति, सामाजिक जनजीवन, कुरीति, कुसंस्कार जस्ता कुरादेखि लिएर देशलाई विभिन्न क्षेत्र अञ्चल, र जिल्लामा विभाजन गर्नुको कारण, अक्षर, राम्रा बनाउने तरिका सम्मका कुरा बताइएको छ । खराब पात्रलाई असल पात्रको सेरोफेरोमा राखेर सुधारिएको छ । प्रकृतिक विपत्तिबाट जोगिन अपनाउनु पर्ने तरिकाको बारेमा पनि उनका बालकथामा राम्रोसँग बताइएको छ । समग्र कथाकारितालाई मूल्याङ्कन गर्दा नेउपानेलाई सामाजिक, यथार्थवादी र मनोविश्लेषणात्मक बालकथाकारको रूपमा चिन्न सकिन्छ ।

मुक्तिनाथ शर्मा बालकथाकारको सँगसँगै बालकवि पनि हुन् । उनको प्रथम प्रकाशित कविता 'सानी नानी शिवानी' हो । यो कविता २०५८ चैत्रको मुना पत्रिकामा प्रकाशित भएको पाइन्छ । उनी आफ्ना बालकविताका माध्यमबाट बालबालिकामा जोश र जाँगर भर्छन्, सहयोगी भावना जगाउँछन्, परिवारसँग सँगै बसाउँछन्, बगैँचामा डुलाउँछन्, विद्यालयमा रमाउन सिकाउँछन् । नेउपानेका कविता समाजसँग जोडिएका घतिला पनि

छन् । आफ्ना वरिपरिका सामाजिक विषयवस्तु परिवेशलाई आधार मानेर सामाजिक पाराका कविता सृजना गरेका छन्, जसमा अनुशासन, आदर, सत्कार, दया, माया कर्तव्य, जातजाती, भाषाभाषीका कुराहरू पनि समेटिएका छन् । प्रकृतिलाई आधार मानेर सृजिएका कवितामा जुन घाम, हिमाल, पहाड, पर्वत, नदीनाला, बादल, बर्षा, झर्ना जस्ता वस्तुको चित्रण गरिएको छ । संस्कृतिलाई आधार मानेर रचिएका कवितामा धर्म संस्कृति, चाडपर्व, रीतिरिवाज जस्ता कुरा समावेश गरिएको छ । वैज्ञानिक पक्षलाई समेटेर चिएका कविताले बाल उत्सुकता र जिज्ञासा बढाउनुको साथै विज्ञानका बरदानसँग बालबालिका रमाएका, जान्नु, बुझ्न इच्छुक भएका प्रसङ्ग बताइएको छ । त्यसैगरी विशुद्ध मनोरञ्जनलाई ध्यानमा राखेर पनि नेउपानेले कविता सृजना गरेका छन् । सरल शैलीमा रोचक विषयवस्तु समावेश गरी बालसुलभ शब्दको प्रयोगले कविताको सुन्दरता बढाएका छन् । कवितामा दादा, चरी, नानी, दुदु, बुबु, माम, बचरी, नाना, चाचा, पापा, तातेताते, ताराबाजी जस्ता बालशब्दको प्रयोग कवितामा गरिएको छ । उनले बालबालिकाले उच्चारणबाट बुझ्न सक्ने चलनचल्तीका सरल शब्दको प्रयोग गरेका छन् । कवितामा कहीँ कतै सरल बाल बिम्ब, प्रतीकको प्रयोग पनि गरिएको छ । नेउपानेका कतिपय कविता चित्रकविताका रूपमा पनि प्रस्तुत छन् र सचित्र बालकाव्यहरू पनि रहेका छन् । उनको सम्पूर्ण कवित्वकारितालाई केलाउँदा प्रगतिशील र राष्ट्रवादी कविका रूपमा चिन्न सकिन्छ ।

कविता र कथा सँगसँगै नेउपानेले बालउपन्यासमा पनि आफ्नो कलम चलाएका छन् । उनको एकमात्र बालउपन्यास अञ्जना र आकृति (२०६८) प्रकाशित छ । यो सूचनामूलक र मनोरञ्जनात्मक बालउपन्यास हो । बालबालिकामा रहेको प्रतिभाको उजागर गर्ने काम यस उपन्यासले गरेको छ । बालसाहित्यको अध्ययनबाट बालबालिकालाई पुग्ने फाइदाको बारेमा उपन्यासमा बताइएको छ । बालबालिका हेरेर जतिकै अध्ययन गरेर पनि सिक्न सक्छन् र राम्रो कुराको अनुशरण गर्न पनि सक्छन् भन्ने भाव उपन्यासमा छ ।

समष्टिगत रूपमा मुक्तिनाथ शर्मा नेउपाने साहित्यका कथा, कविता, निबन्ध, उपन्यास, समालोचना जस्ता विधामा सफलतापूर्वक कलम चलाउने साहित्यकारका रूपमा चिनिन्छन् । प्रशासनिक सेवामा रहेर पनि साहित्यका विभिन्न विधामा निरन्तर रूपमा साधरनारत रहन सक्नु नेउपानेको साहित्यिक मूल्य पनि हो ।

## ७.२ निष्कर्ष

मुक्तिनाथ शर्मा नेउपाने आधुनिक नेपाली बालसाहित्यको विकास प्रक्रियामा देखा परेका बहुमुखी प्रतिभा हुन् । उनले एकातिर बालसाहित्यका कथा, कविता उपन्यास जस्ता कृतिका रचना गरेका छन् भने अर्कातर्फ प्रौढसाहित्य सम्बन्धि विभिन्न निबन्ध, कथा, गजल, कविता समालोचना, उपन्यास, समसामयिक लेख रचना, धार्मिक तथा आध्यात्मिक चिन्तनका पुस्तक समेतमा कलम चलाएका छन् । नेउपाने सानैदेखि सिर्जनशील प्रतिभा भएका व्यक्ति हुन् र आजसम्म पनि निरन्तर रूपमा सिर्जनाका क्षेत्रमा लागि रहेका छन् । निष्कर्षमा उनको साहित्य कारितालाई यसरी मूल्याङ्कन गर्न सकिन्छ ।

(क) बालभावना अनुकल, उनीहरूलाई अध्ययन गरेर सकेसम्म बालभाषामा अत्यान्तै सरल र सुबोध भाषाशैलीमा कथा सृजना गर्ने, यथार्थवादी, मनोविश्लेषणात्मक बालकथाकारको रूपमा लिन सकिन्छ ।

(ख) उनी बालबालिकामा मीठा, रसिला शब्द प्रयोग गरी कथाका माध्यमबाट ज्ञान, विज्ञान, धर्म, संस्कृति, माया, ममता, सहयोग, परोपकार, प्रकृतिको महिमा राष्ट्रप्रेम, अनुशासन जस्ता कुरा सिकाउँछन् ।

(ग) जनबोलीमा आधारित सरल शब्द रचना, भाका हालेर बालबालिकाले गाउन सक्ने कवितामा देशप्रेम, प्रकृतिप्रेम र मनोरञ्जनलाई विषयवस्तु बनाएर कविता सृजना गर्न सिपालु छन् ।

(घ) बाल कवितामा प्रकृतिको सौन्दर्य, भूवनोट, रूपरङ्गलाई विशिष्टता सहित उठाउँछन् र संस्कृतिलाई पनि सँगसँगै डोऱ्याउँदै बालबालिकालाई केवल मनोरञ्जन मात्र नभइ मानसिक रूपमा पनि स्वस्थ्य बनाउने काम गर्दछन् ।

(ङ) विभिन्न खालका नयाँ कुराको जानकारी दिने पढाइ लेखाइप्रति, बालरुचि पैदा गर्ने, सकारात्मक सोचको विकास गराउने समाजलाई उपन्यासको विषयवस्तु बनाउने सामाजिक बालउपन्यासकार हुन्

(च) सरल पाराले बाल कौतुहलताको समाधान गर्न सिपालु छन् । बोलीचालीको भाषामा बालपात्रकै प्रयोग गरी मनोरञ्जन र सूचना प्रदान गर्ने सफल बाल उपन्यासकार भनेर भन्न सकिन्छ ।

# सन्दर्भ सूची


अर्याल, अच्युतशरण, *नेपाली बालसाहित्यको रुपरेखा,* डिल्लीप्रसाद अर्याल, स्याङ्जा : लेखक २०४५ ।

ए.सी. शेरबहादुर, *बासुदेव त्रिपाठी र उनको साहित्य साधना,* काठमाडौँ : एकता प्रकाशन, २०७० ।

कटवाल, सीता, "नेपाली बालकविताको अध्ययन", स्नातकोत्तर शोधपत्र, त्रि.वि. नेपाली केन्द्रीय विभाग, २०५० ।

चापागाईं, नरेन्द्र, *नेपाली बालसाहित्यको स्थिति, केही सृष्टि केही दृष्टि,* ललितपुर : साझा प्रकाशन, २०५३ ।

ढकाल, भागवत, "व्यक्ति एक व्यक्तित्व अनेक मुक्तिनाथ शर्मा नेउपाने", *ज्ञानगुन प्रकाशन,* (वर्ष २०७१, अङ्क १, पृ. ४२) २०७१ ।

ढुङ्गाना, विष्णुकुमारी, "नेपाली बालसाहित्यमा जनकप्रसाद हुँमागाईंको योगदान", अप्रकाशित शोधपत्र, त्रि.वि. नेपाली केन्द्रीय विभाग, २०५४ ।

तिवारी, देवराज, "नेपाली बालकथाको अध्ययन", अप्रकाशित शोधपत्र, त्रि.वि. नेपाली केन्द्रीय विभाग, २०६० ।

ध्रुव कृष्ण दीप, 'मेरो भन्नु', *सुनाखरी बालकविता सङ्ग्रह,* काठमाडौँ : रत्नपुस्तक भण्डार, २०५८ ।

नेउपाने, मुक्तिनाथ, *पानी र नानी,* (बालकाव्य) काठमाडौँ : ज्ञाननिकेतन मा.वि., २०६१ ।

............, *बब्लु र सुगा,* (बालकथा सङ्ग्रह), काठमाडौँ : बि.एन. पुस्तक संसार प्रालि, २०६६ ।

............, *नानीको बानी,* (बालकाव्य), काठमाडौँ : बि.एन. पुस्तक संसार प्रा.लि., २०६६ ।

............, *सौगात र हिमचुली,* (बालकथा सङ्ग्रह), काठमाडौँ : बि.एन. पुस्तक संसार प्रालि, २०६८ ।

............, *सानी नानी राम्रो बानी,* (बालकथा सङ्ग्रह) काठमाडौँ : बि.एन. पुस्तक संसार प्रालि, २०६८ ।

............, *कुसुमको काँकरी,* (बालकथा सङ्ग्रह) काठमाडौँ : बि.एन. पुस्तक संसार प्रालि,, २०६९ ।

............, *शिवपुरी यात्रा* (बालकाव्य), काठमाडौँ : बि.एन. पुस्तक संसार प्रा.लि., २०७० ।

…………., *अन्जना र आकृति* (बाल उपन्यास), काठमाडौँ : बि.एन. पुस्तक संसार प्रा.लि., २०७० ।

…………., *गौँथलीको जाँगर,* (बालकथा सङ्ग्रह) काठमाडौँ : अक्षरधाम प्रकाशन, २०७२ ।

…………., *बचराको योजना,* (बालकविता सङ्ग्रह) काठमाडौँ : अक्षरधाम प्रकाशन, २०७२ ।

…………., "समाजसेवी साहित्य सेवी श्री मुक्तिनाथ शर्मा नेउपानेको सङ्क्षिप्त जीवनी र अभिनन्द", *गण्डकी सामाजिक गुठी,* काठमाडौँ : लेखक, २०६९ ।

…………., *ज्ञानगुनका कुरा,* भाग-१८३, काठमाडौँ : ज्ञानगुन प्रकाशन, पृ. १-५०, २०७१ ।

पौडेल, नरेन्द्र, "ज्ञानगुनका कुरा", *ज्ञानगुन प्रकाशन,* पृ. ३२, २०७१ ।

पौडेल, बाजुराम "मुक्तिनाथ शर्मा र उनको साहित्यिक धरातल" *सुलेख साहित्यिक मासिक,* काठमाडौँ : सुरभि साहित्य प्रतिष्ठान, पृ ५२, २०७० ।

प्रधान, प्रमोद, "नेपाली बालसाहित्यको संक्षिप्त विश्लेषणात्मक अध्ययन", *गरिमा,* २०५१ ।

प्रधान, प्रमोद, *बालसाहित्य परिभाषा र दृष्टिकोण,* बगर फाउण्डेसन, २०५९ ।

प्रधान, भिक्टर, "वर्तमान बाल रूचि र आवश्यकता, *चित्रकथा लेख बालसाहित्य वार्षिक,* २०४७ ।

भण्डारी, रामकृष्ण, "महाकवि देवकोटाका बालकविताको अध्ययन", अप्रकाशित शोधपत्र, त्रि.वि. नेपाली केन्द्रीय विभाग, २०६४ ।

मिश्र, सीता, "नेपाली बालसाहित्यमा श्यामप्रसाद शर्माको योगदान", अप्रकाशित शोधपत्र, त्रि.वि. नेपाली केन्द्रीय विभाग, २०७० ।

रानाभाट, शीला, "नेपाली बालकविता", अप्रकाशित शोधपत्र, त्रि.वि. नेपाली केन्द्रीय विभाग, २०६२ ।

सुवेदी, रामबाबु, "बालसाहित्य कारिता", अप्रकाशित शोधपत्र, त्रि.वि. नेपाली केन्द्रीय विभाग, २०७१ ।